CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् ग्रन्थमाला संख्या-१

मङ्गलग्रहः



लेखकः

डा. टीकाराम पन्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् ग्रन्थमाला संख्या- १

डा. टीकारामपन्थिविरचितः

मङ्गलग्रहः

(ख-खण्डकाव्यम्)

प्रकाशकम्
जयतु संस्कृतम्
काष्ठमण्डपम्
नेपालः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तकनाम	मङ्गलग्रहः(ख-काव्यम्)
Name of book	Mangalagrahah
प्रकाशकम्	जयतु संस्कृतम्
Publicer	Jayatu Saṃskritam
संस्करणम्	प्रथमम्
Edition	First
पुस्तकसंख्या	१००० प्रतयः
Printed copies	1000 Only
प्रकाशनवर्षम्	महाशिवरात्रिः २०५६ (वै.)
Publication Year	Mahashivaratri 2056 (V.S.)

पुनः प्रकाशनाधिकारो लेखक एव सुरक्षितः
© Author

मूल्यम्	रू. ६०।-
Price	Rs. 60/-
टङ्कणकर्ता	कान्तिपुरटङ्कणसेवा चुच्चेपाटी, काष्ठमण्डपः ।
Type Setting	Kantipur Computer Services Chuchepati, Kathmandu, Nepal
मुद्रकः	लालीगुराँसमुद्रणालयः, काष्ठमण्डपो नेपालः
Press	Lali Guransa Printing Press, Ktm,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीयम्

संस्कृतवाङ्मयस्य संस्कृतेश्च संरक्षणाय संवर्द्धनाय च संघटितायाः 'जयतु संस्कृतम्' संस्थाया बहुषु कार्येषु संस्कृतग्रन्थानां प्रकाशनमपि महत्त्वपूर्णमेकं कर्म वरीवर्ति । अस्मिन्नेव सन्दर्भेऽस्याः संस्थायाः केन्द्रीयसमित्या संस्योपापाक्षस्य श्रीहेमराजज्ञवालीमहाशयस्य संयोजकत्वे ग्रन्थोद्धरणोपसमितिः संघटिता । उपर्युक्ता समितिः संस्कृतभाषायां लिखितानां प्रकाशनयोग्यग्रन्थानां विषये वृत्तपत्रेषु विज्ञापनं विधाय ग्रन्थसंकलनं कृतवती । ततो विज्ञानामपिसहयोगपुरःसरमनुसन्धाय २०५६ तमे वैक्रमाब्दे प्रकाशनयोग्यग्रन्थानां विषये मूलसमितौ स्वीयविचारानियमुपसमितिः प्रकटितवती । इमामेव प्रक्रियामाधृत्य 'जयतु संस्कृतम्' संस्थायाः केन्द्रीयसमित्या २०५६ तमे वर्षे प्रकाशनाय निर्णीतग्रन्थमालायां प्रस्तूयमानो ग्रन्थो मङ्गलग्रहोऽपि वर्तते ।

विद्यावारिधिना श्रीटीकारामपन्थिना संस्कृतभाषया सुललितवर्णमात्रिकछन्दःसु लिखितस्य प्रस्तूयमानग्रन्थस्यास्याध्ययनेनायं ग्रन्थो ललितो ज्ञानवर्द्धकः शोधपूर्णश्चेति विज्ञायते ।

एष ग्रन्थो मङ्गलग्रहविषये जातानां नवीनतमशोधविवरणानां ज्योतिःशास्त्रानुसारं मङ्गलग्रहद्वाराविधीयमानहानिलाभानां तथास्मद्विविधपुराणप्रोक्तमङ्गलग्रहोत्पत्तेः तदीयक्रिया- कलापविषये स्थितानां विविधानामाख्यानानां सुविस्तृतं विवेचनं विदधाति । इत्थं मङ्गलग्रहविषये प्राचीनार्वाचीनज्ञानसुसम्बद्धं समर्थविदुषा लिखितं पुरोविद्यमानं 'मङ्गलग्रहः' नामधेयं ग्रन्थरत्नं प्रकाशयितुमपूर्वमवसरमवाप्य 'जयतु संस्कृतम्' महद्गौरवमनुभवति । मङ्गलग्रहविषये विज्ञातुकामानां संस्कृतबोधरहितानां पाठकानां कृतेऽपि ग्रन्थसमुपयोगी भवत्विति सरलनेपालीभाषायामनूद्य व्याख्यां विधायोट्टङ्कणञ्च कृत्वा प्रकाशनार्हं ग्रन्थं ग्रन्थकर्ताऽस्मभ्यमददादिति लेखकं प्रति वयं कार्तज्ञ्यमावहामः । विश्वस्यैकमात्रे हिन्द्वधिराज्ये नेपाले संस्कृतभाषायां प्रकाशितग्रन्थावल्यां गौरवमयो ग्रन्थश्चैको मङ्गलग्रहोऽपि संयोजयितुं यो ऽवसरः प्राप्तः तेन वयमपि सन्तुष्टाः सञ्जाताः । आशां कुर्मो यज्ज्ञानपिपासून् पाठकवर्गान् मङ्गलग्रहसम्बन्धे सम्यग्ज्ञानं प्रदाय ग्रन्थोऽयं महतीं तुष्टिं प्रदास्यतीति ।

जयतु संस्कृतम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मति

डा. टीकाराम पन्थीद्वारा रचित मङ्गलग्रह नामक अनुसन्धानात्मक पद्य-खण्डकाव्यको पाण्डुलिपि आद्योपान्त मैले हेरें । पूर्वीय ज्योतिषशास्त्र र पुराणहरूका साथै आधुनिक अन्तरिक्ष अभियानका क्रियाकलापलाई समेत अध्ययनमनन गरी तयार पारिएको यो रचनाले आधुनिक तथा प्राचीन दुवै थरी विचारधारा भएका पाठकहरूलाई आनन्द दिनेछ भन्ने मलाई लाग्छ ।

एउटा संस्कृतका विद्वान्ले पाश्चात्य जगत्मा अत्याधुनिक समयमा गरिएका अन्तरिक्षसम्वन्धी महत्त्वपूर्ण अनुसन्धानात्मक क्रियाकलापसँग स्वयम् परिचित भई तदनुरूप संस्कृत भाषामा तुरुन्तै पद्यात्मक काव्यरचनासमेत गरेर जनसमक्ष प्रस्तुत गर्नु अत्यन्त प्रशंसनीय कार्य हो र यो संस्कृतज्ञहरूका लागि गौरवको कुरा पनि हो ।

यो खण्डकाव्य मूल रूपमा संस्कृत भाषामा र भावार्थ नेपाली भाषामा दिई प्रस्तुत गरिएको छ । अत: संस्कृतज्ञहरूका लागि र नेपाली भाषाभाषीहरूका लागि यस खण्डकाव्यद्वारा अन्तरिक्षसम्वन्धी क्रियाकलापको नौलो जानकारी हुने कुरामा त कुनै शङ्कै छैन, मङ्गलग्रहको उत्पत्तिका वारेमा पनि हाम्रा विभिन्न पुराणहरूमा कति धेरै थरी आख्यायिकाहरू उपलब्ध हुँदा रहेछन् भन्ने जान्न यो एउटै ग्रन्थ अति उपयोगी भएको कुरा यसका पाठकहरूले महसुस गर्नेछन् भने मङ्गलग्रहले दिने शुभाशुभ फल यस खण्डकाव्यमा विशद रूपमा वर्णन गरिएकाले मङ्गलग्रहका विषयमा जिज्ञासा राख्नेहरूका लागि त यो ग्रन्थ अपूर्व साबित हुनेछ भन्ने मलाई लाग्छ ।

यस खण्डकाव्यमा प्रथमरुचि, द्वितीयरुचि र तृतीयरुचि गरी तीन खण्ड छन् । यी तीनै रुचि अनुसन्धानात्मक छन् ।

प्रथमरुचिमा अत्यन्त रोचक ढङ्गले विशेष गरेर संसारप्रसिद्ध अमेरिकी संस्था नासा (National Aeronautics and Space Administration) ले गरेका अन्तरिक्षसम्बन्धी क्रियाकलापको परिचय दिइएको छ । सन् १९६९ मा निल आर्मस्ट्रङ (अमेरिकी अन्तरिक्ष यात्री) चन्द्रमामा उत्री सकुशल पृथिवीमा फर्केपछि अमेरिकी वैज्ञानिकहरूले एकपछि अर्को गर्दै मङ्गलग्रहको अध्ययनमा पनि अन्तरिक्षयान पठाउन थाले । विशेष गरेर उनीहरू मङ्गलग्रहको अध्ययनमा बढी उत्साहित भए । ठूला ठूला दूरदर्शक यन्त्रहरूद्वारा मङ्गलग्रहको अवलोकन गरियो र मङ्गलग्रहमा प्राणी हुन सक्ने कुराको अनुमानसमेत गर्न थालियो । यस विषयमा नासाका वैज्ञानिकहरूले के-कस्ता कार्यक्रमहरू

Jayatu Sanskritam, Kathmandu; Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राखे र तिनलाई कसरी निरन्तरता दिए भन्ने कुराको ऐतिहासिक पृष्ठभूमिसहित हालसम्म (सन् १९९७ सम्म) उनीहरूले गरेका मङ्गलग्रहसम्बन्धी अनुसन्धानको वर्णन यस रुचिको मुख्य विषय हो । त्यति मात्र होइन, यस रुचिमा वैज्ञानिकहरूलाई समेत उछिनी भविष्यमा मङ्गलग्रहमा पृथिवीका मानिसहरूको वस्ती वसेपछिका कुरासमेत वर्णित छन् । जस्तै– त्यहाँको राजनीतिक व्यवस्था, सामाजिक व्यवस्था, पृथिवी र मङ्गलग्रहमा आवतजावत, साहित्यिक आदानप्रदान, मुख्य रूपमा दुवै थरीले वोल्ने भाषा आदिका विषयमा पनि यस्तो यस्तो हुनेछ, भनी अहिले नै यस रुचिमा भविष्यवाणीसमेत गरिएको छ ।

द्वितीयरुचिमा ज्योतिषशास्त्रका फलग्रन्थहरू वृहज्जातक, जातकालङ्कार, मानसागरी, फलदीपिका, भावार्थरत्नाकर, वृहद् दैवज्ञरञ्जनम् आदि अनेक प्रामाणिक ग्रन्थहरूका आधारका मङ्गलग्रहले दिने शुभाशुभ फलको विशद वर्णन गरिएको छ जुन कुरा ज्योतिषविद्यामा रुचि राख्ने सबैका लागि अत्यन्त उपयोगी र महत्त्वपूर्ण लाग्नेछ र यो एउटै ग्रन्थ पढेर मङ्गलग्रहका विषयमा अनेक कुराको ज्ञान हुने, यस विषयमा अन्य ग्रन्थ पढिरहन प्राय: जरुरतै नपर्ने देखिन्छ ।

तृतीयरुचिमा विष्णुधर्मोत्तरपुराण, शिवमहापुराण, मत्स्यपुराण, पद्मपुराण, वामनपुराण, भविष्यपुराण, स्कन्दपुराण, गणेशपुराण, व्रह्मवैवर्तपुराण आदि अनेक पुराणहरूको गहिरो अध्ययन, मनन र चिन्तन गरी विशेषत: मङ्गलग्रहको उत्पत्तिका वारेमा निकालिएको निचोड दिइएको छ । मङ्गलका वावुको कतै पनि उल्लेख नहुनु, आमाका नामका आधारमा मात्र मङ्गलग्रहका धेरै नाम राखिनुमा कारण के रहेछ त्यो जान्न यो ग्रन्थको मनन गर्नु आवश्यक छ ।

यस ग्रन्थमा अङ्गारक शव्दको व्याकरणसम्मत व्युत्पत्ति अति सुन्दर ढङ्गले दिइएको छ । मङ्गलग्रहको आर नाम कसरी सार्थक हुन्छ भन्ने कुरा पनि यस ग्रन्थमा दिइएको छ । अत: यो कृति चाँडै प्रकाशित गरी जनसमक्ष ल्याएमा सवैलाई लाभ हुने थियो भन्ने मलाई लाग्छ ।

२०५५/२/४

प्रा. डा. साम्बराज आचार्य:
अध्यक्ष:
ज्योतिषविभाग:
वाल्मीकिविद्यापीठम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किञ्चिद् वक्तव्यम्

दिवि भूमौ अन्तरिक्षे च वयं सर्वदा शाश्वतीं शान्तिमीहामहे– "द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्तिः" इति । यद्यप्ययमुच्यते– करालः कलिकालः । तथापि भौतिकक्षेत्रे यादृशी उन्नतिः सांप्रतं जायमाना दृश्यते, न तादृशी पुराकाले युगान्तरे जाता इति सांप्रतिको वदति मानवसमाजः । युगोऽयमाणविकः । अणुशक्त्युन्नतये प्रतिस्पर्धन्ते नैके देशाः । अणुशक्तिसम्पन्नाः देशाः स्वान् सर्वशक्तिमतो मन्यमानाः संयुक्तराष्ट्रसंघीयोपवेशे स्वानभीष्टे प्रस्तावे वीटाधिकारं प्रयुञ्जते । अणुशक्तेर्दुरुपयोगेन अस्माकं जननीयितायां धरायां वर्तमानाः अस्माकं परोलक्षाः बान्धवा निषूदिताः । श्रूयते सम्प्रति भारतमपि अणुशक्तिसम्पन्नं जातम् । अणुशक्तेः सदुपयोगेन रुसामेरिकाभ्यां नभोमण्डलस्थग्रहान्वेषणे, मङ्गलादिग्रहाणामध्ययने अतीव प्रशस्यं कार्यं कृतम् । गतवर्षे अमेरिकास्थ 'नासा' संस्थया मङ्गलग्रहे पाथफाइण्डर नामकम् अन्तरिक्षयानमवातार्यत । तद्यानसन्निवेशित– 'सोजर्नर' यन्त्रमानवेन वह्व्यः प्रतिच्छायाः मङ्गलग्रहात् प्रेषिता भूमौ ।

अस्मिन् पद्यप्रवन्धे 'प्रथमरुचि' नाम्नि प्रथमे भागे 'पाथफाइण्डर' यानावतरणसंवद्ध उदन्तः समङ्गलग्रहान्वेषणसम्वद्धेतिहासं संक्षेपतः उपस्थापितः । स चोदन्तः समाचारपत्रदूरध्वनिश्रवणयन्त्रादिसामग्रीभ्यः विचारसंकलनेन स्वीयशैल्यां स्वकीयवाक्यरचनायां निवद्धोऽस्ति ।

द्वितीयरुचौ परम्परागतरूपेण फलितज्योतिषविद्वद्भिः वर्ण्यमानं मङ्गलग्रहस्य फलदातृत्वं संक्षेपतोऽभिव्यक्तम् । तच्च स्वशैल्या स्वरचितपद्यात्मकवाक्येषु प्रस्तुतम् । बृहज्जातकम्, जातकालङ्कारः, मानसागरी, फलदीपिका, भावार्थरत्नाकरः, बृहद्दैवज्ञरञ्जनम्, इत्यादिषु शुभाशुभफलकथनपरेषु ग्रन्थेषु अभिव्यक्ताः विचाराः गृहीताः ।

तृतीयरुचौ मङ्गलस्योत्पत्तिः कथं सञ्जाता ? इति प्रश्नस्योत्तरतया प्राच्यग्रन्थेषु प्रस्तुताः मङ्गलोत्पत्तिशंसिन्यः कथाः प्रस्तुताः । एतत्सन्दर्भे मात्स्य-शैव-स्कान्द(काशीखण्ड-प्रभासखण्डावन्तीखण्ड)-पाद्म-भविष्य-गणेश-वह्मवैवर्त-देवीभागवत-वामन-विष्णुधर्मोत्तरपुराणेषु अभिव्यक्ताः विषया गृहीताः । अभिव्यक्तिश्च स्वशैल्या स्वरचितपद्यात्मकवाक्येषु । मङ्गलस्य उत्पत्तिविषये पौराणिकग्रन्थेषु दशधा प्रतिपत्तिः प्राप्ता, सा चात्र प्रस्तुता–

१) शिवात् सञ्जातस्य वीरभद्रस्य द्वितीयं वपुः भूपुत्रो मङ्गलो वभूव ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२) शिवस्य ललाटात् पृथिव्यां पतितेभ्यः स्वेदविन्दुभ्यः पृथिवीपुत्रो भौमो मङ्गलग्रहः उत्पन्नः ।

३) शिवस्य शुक्रात्मकं तेज एव भूमौ पतितं भूसुतत्वेन भौमः मङ्गलग्रहो वभूव ।

४) रहसि क्रीडतोः गौरीशङ्करयोः अङ्गाभ्यां भूमौ पतितेभ्यः रक्तविन्दुभ्यः भूमिसुतो मङ्गलो ग्रहोऽजनिष्ट ।

५) शिवस्य ललाटस्थात् तृतीयनेत्राद् भूमौ अश्रु निपतितम् । तदेव भूपुत्रो भौमो मङ्गलो ग्रहः संजातः ।

६) शिवस्य ललाटस्थात् समुदभूताः स्वेदबिन्दवः शिवस्यैव शिरसो वहमानेन रुधिरेण मिश्रिताः भूमौ पतिताः । तत्परिणामो भूसुतो मङ्गलोऽभवत् ।

७) अवन्तीदेशस्थस्य महामुनेर्भारद्वाजस्य वीर्यात्मकं तेजः भूमौ पतितम् । तदेव भूपुत्रतया भौमो मङ्गलग्रहः संजातः ।

८) अदितेः पुत्रमिन्द्रानुजमुपेन्द्रं देवीस्वरूपा पृथिवी रमणोत्सुका उपस्थिता । सा स्वोदरे धृतमुपेन्द्रगर्भं ज्वलनात्मकं सोढुमशक्ता प्रवालाकरे न्यक्षिपत् । ततः प्रवालाकारः रक्तवपुः मङ्गलग्रहः उत्पन्नः ।

९) शिवस्य ललाटात् पततः स्वेदविन्दून् हिरण्याक्षसुता विकेशी पीतवती । तदुदरे धृतो ज्वलदङ्गारात्मको गर्भः भूमौ निक्षिप्तः भूमिसुतत्वेन कुमारो मङ्गलग्रहो जातः ।

१०) धरावराहयोः पुत्रत्वेन मङ्गलोऽजनिष्ट ।

उपचर्चितपौराणिकग्रन्थेषु अभिव्यक्तेषु एतेषु नवसु मतेषु, अष्ट मतानि संवद्धग्रन्थेषु विस्तरेणाभिव्यक्तान्यपि अत्र संक्षिप्तीकृतानि सन्ति । नवमं हिरण्याक्षसुतासम्बद्धं मतं तत्र विष्णुधर्मोत्तरे संक्षिप्तीकृतमपि अत्र विस्तृतीकृतं वर्तते । अयं पद्यात्मकः शोधप्रवन्धः न तु मौलिकः, इति सारल्येन वक्तुं शक्यते । यद्वा इदं मौलिकं खण्डकाव्यमेव । अत्राधारभूतग्रन्थेभ्यः विषयान् संकलय्य स्वनिर्मितेषु पद्येषु काव्यप्रवन्धो निवद्धः । अत्र वहूनि पद्यानि अनुष्टुब्वृत्ते कानिचनैव वसन्ततिलकोपजातिप्रभृतिवृत्तेषु वद्धानि । इदं हि मौलिकं खण्डकाव्यम्, अस्य नायको मङ्गलः । पौरस्त्य-परम्परानुसारेण सूर्यादयो ग्रहाः सर्वे सजीवा देवाः । तस्माद् मङ्गलः सजीवो देवः । स खलु काव्यस्यैतस्य नायकः । अस्तु वा अमौलिकः पद्यात्मकः शोधप्रबन्ध एव । अनुसन्धातृणां कृते मार्गो विस्तृतो भवत्विति हेतुना इयत् कार्यं कृतम् । इयानेव स्वल्पः प्रयासोऽपि ज्ञानविज्ञानसमन्वयात्मकमार्गप्रवर्तनाय कणो भवितुं शक्नोति । दुर्व्यसनप्रवृत्तितोऽमूल्यसमय-दुर्यापनापेक्षया एतावत्कार्यमपि वरम् । ये तु स्वकीयान् कलमान् स्वापयित्वा दुरालोचयन्ति परान्, ते सर्वेषां नमस्याः । ये तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेषां गुणानपि विदन्ति, ते सर्वेषां वरिवस्या एव ।

२०५४ तमवैक्रमाब्दे पाथफाइण्डरविमानोऽवतीर्णो मङ्गलग्रहे । तदानीमेव निबद्धत्वात् प्रथमरुचिस्थविषयप्रस्तुतिं-वाक्यरचना-क्रियापदप्रयोगास्तत्कालावधिं (२०५४ वै.) समवेक्ष्य समीक्षणीया इति विपश्चितः सादरमनुरुध्यन्ते । अथात्रत्यपदवाक्याभिव्यक्तिषु सञ्जातानां त्रुटीनां कृते समादृत्यानां सुधियां विधेयतामाशासे ।

अन्ते चैतत्प्रबन्धग्रन्थनाय प्रथमतः शिक्षकतया प्रेरकाय सुहृद्वराय भेषराजसापकोटामहाभागाय तथैव तादृक्प्रेरणा-प्रोत्साहनप्रदानेन टङ्कणावसरे सर्वं प्रबन्धं त्रिचतुरावृत्तितोऽधीत्यावश्यकसंशोधनेन च मां भूयिष्ठमुपकुर्वाणाय सुहृत्प्रवराय डा. लक्ष्मीकान्तपन्थिमहानुभावाय सादरं साधुवादानुपहरामि । एवमेवैतत्प्रबन्धमाद्यन्तं सूक्ष्मेक्षिकया समीक्ष्य संमतिप्रदायिने सुहृद्वरेण्याय वाल्मीकिविद्यापीठस्थ-ज्योतिषविभागाध्यक्ष-प्राध्यापक-डा. साम्बराजाचार्यमहोदयाय सादरं साभारप्रदर्शनं शतशः साधुवादाः समर्प्यन्ते ।

अथ च सूक्ष्मेक्षिकया प्रबन्धस्यैतस्य समीक्षणेन प्रकाशनार्हतां मत्वा प्रस्तोतृभ्यो जयतु संस्कृतं समित्यन्तर्गत-प्रकाशनोपसमितिसम्बद्धमहाभागेभ्यस्तथैतत्प्रकाशनभारं वहमानायै जयतु संस्कृतं समित्यै, वस्तुतस्तत्समितिसम्बद्धपदाधिकारिसहितसमस्तसदस्यमहानुभावेभ्यो गुणग्राहिप्राग्रहरेभ्य उदारहृदयेभ्यः सादरं सश्रद्धं साभारप्रकाशनञ्चानेकशः साधुवादान् सशिरोवनामं समुपहृत्य विरमामि ।

विचक्षणानामाश्रवः

टीकारामपन्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालत्व एव गुरवः प्रतिभाप्रभावाद्
यं मन्वते श्रुतिधरं सुकुशाग्रबुद्धिम् ।
साहित्यकैरवविकासपरो विपश्चित्
सोऽयं चिरञ्जयतु देशहिताय सूरिः ॥

गैर्वाणीमवलम्ब्य काव्यकरणं नेपालदेशस्य यत्
टीकारामबुधस्य सूक्तिसरलं निर्वर्ण्य मोमोद्म्यहो ।
दृष्ट्वास्याद्भुतकल्पनां सुललितां भावैर्नवीनैर्युतां
मन्येऽसौ नचिरेण काव्यजगति ख्यातिं परां यास्यति ॥

डा. श्रीकृष्णमणित्रिपाठी
पुराणेतिहास-संस्कृति-भूगोलविभागाध्यक्षचरः
वाराणसेय-संस्कृतविश्वविद्यालयस्य
वाराणस्याः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्गलग्रहः

प्रथमरुचिः

यः शैवतेज उदितोऽपि सुगुप्ततातो
लोके श्रुतोऽस्ति धरणीसुत एव, सोऽयम् ।
भूनन्दनो रुधिरसंहननः ससार-
आरः कुमार इह दारयतादरीन्नः ॥१॥

संस्मर्यतां शिवसुतास्त्रय एव पूज्या
हेरम्ब-षण्मुख-कुजा अविशेषमेव ।
गौरीसुतो हि गणपः शिवनन्दनः स
विघ्नापहारकतया सततं समर्च्यः ॥२॥

माहेशतेज उदितौ गुहलोहिताङ्गा-
वीशात्मजौ कमपि भेदमिवाश्रयन्तौ ।
भौमोऽस्ति भूसुत उमातनयो गुहोऽस्ति
द्वावेव निष्परिणयौ विदितौ कुमारौ ॥३॥

जो शिवजीको तेजवाट उत्पन्न भए, तापनि बावुको नाम छिपाई, संसारमा आमाकै नामवाट, पृथिवीपुत्र भनी प्रसिद्ध भए, ती भूसुत, मंगलले, जसको शरीर लाल वर्णको छ, सवल शत्रुविजयी र अविवाहित कुमार छन्, हाम्रा सबै प्रकारका शत्रुहरू निर्मूल पारिदेऊन् ॥१॥

स्मरणीय छ शिवका तीनौटै छोरा पूज्य छन् । ती हुन्– गणेश, स्कन्दकुमार र कुज (मंगल) । यी तीन शिवपुत्रहरूको विना भेदभाव पूजा गरिन्छ । तापनि शिवपुत्र गणेश विघ्नहर्ताको रूपमा हमेशा पुजिन्छन्, पूज्य छन् ॥२॥

शिवको तेजवाट जन्मेका ग्रह (स्कन्दकुमार) र लोहिताङ्ग (मंगल) यी दुई वस्तुतः शिवपुत्र हुन्– समानै हुनुपर्ने शिवपुत्रको हिसाववाट । तर दुवैमा अलिकति भिन्नता पनि छ । त्यो के हो भने मंगल भूमिपुत्र हुन्, स्कन्दकुमार पार्वतीपुत्र । यी दुवै अविवाहित ब्रह्मचारी हुन् ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षाण्मातुरोऽस्ति गिरिजातनयः कुमारो
भूगर्भसंभव इहास्ति कुजः कुमारः ।
आद्यस्तु देवगणसैन्यपतिर्द्वितीयो
ज्योतिर्विदां गणनया रणपो नराणाम् ॥४॥

सेनापतिस्त्वमरपोऽग्निभवः प्रतापी
सोऽङ्गारकोऽपि नरपोऽवनिजोऽवतापी ।
एतावुभावनुदिनं वरिवस्यितव्यौ
स्वर्गेऽवनावपि च शान्तिमभीप्सतां नः ॥५॥

विघ्नेश्वरस्य तिथिरस्ति चतुर्थिका या
सा भौमवासरयुताऽभिमताऽतिपूता ।
विघ्नापनायन-शिवानयनप्रवृत्ता-
स्तस्यां विनायक-महीतनयौ यजामः ॥६॥

पार्वतीकुमार स्कन्दकुमार षाण्मातुर (छ आमा, छ कृत्तिकाहरूका छोरा) कुमार हुन्, भूमिपुत्र मंगल कुज नामले प्रसिद्ध कुमार हुन् । स्कन्दकुमार देवसेनापति हुन् भने मंगल ज्योतिषशास्त्रीहरूको गणनाअनुसार, मानिसहरूलाई लडाइँवाट बचाउने (मानवसेनापति) हुन् ॥४॥

स्कन्दकुमार अग्निवाट उत्पन्न, देवताहरूका संरक्षक प्रतापी छन् भने भौम अङ्गारक (वल्दो अँगारको स्वरूप भएका) भूमिपुत्र, मानवहरूका संरक्षक, अवतापी (लडाइँ गर्ने मानिस (अन्यायी) लाई पोल्ने) छन् । यी दुवै (देवसेनापति र मानवसेनापति) स्वर्ग र पृथिवीमा शान्तिकामना गर्नेहरूका (हामीहरूका) पूजनीय छन् ॥५॥

जुन चतुर्थी तिथि विघ्नेश्वर, गणेशको हो त्यही तिथि भौम (मंगल) वार पर्‍यो भने अत्यन्त पवित्र मानिन्छ । विघ्नहरू हटाउनका लागि र मंगलप्राप्तिका लागि लागेका हामीहरू मंगलवार गणेश र मंगलको पूजा-याग गर्दछौं ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विघ्नेश्वरं गणपतिं समुपासितुं हि
यद्वासरं समवलम्बत आर्यजातिः ।
सन्मङ्गलं प्रददतं प्रति मङ्गलं तं
सन्मङ्गलार्थिन इहानतमस्तकाः स्मः ॥७॥

यो जीव-सूर्य-विधुभिर्मिलितः सुहृद्भि-
र्ग्रासाधिवासवसनादिकवस्तुयोगात् ।
लोकान् करोति धनधान्यसमृद्धियुक्तान्
तं भौतिकं विभवमाप्तुमनाः श्रयेऽहम् ॥८॥

तुर्याधिपेन मिलितः स करोति लोकं
कैदार्यनाथमिति शास्त्रविदां प्रवादः ।
तुर्याधिपो धरणिजः स्वयमेव यस्य
लाभे स्थितः स न ददीत भुवं प्रशस्याम् ? ॥९॥

मङ्गलं भगवान् भौमो मङ्गलं धरणीसुतः
मङ्गलं रुधिरो देवो मङ्गलायतनं कुजः ॥१०॥

आर्यजातिले विघ्नेश्वर गणेशको आराधना गर्दा जुन ग्रह (मङ्गल) को वारलाई आश्रित गर्दै आयो, ती मंगल ग्रहदेवता सन्मंगल, कल्याणका दाता हुन्, सच्चा कल्याण चाहने हामीहरू ती मंगलप्रति नतमस्तक छौं, ढोग गर्छौं ॥७॥

जुन मंगलग्रहले जन्मकुण्डलीमा आफ्ना मित्र बृहस्पति, सूर्य र चन्द्रमासँग मिली गाँस, वास, कपास आदि वस्तु जुटाउँदै मानिसहरूलाई धन र अन्नले संपन्न तुल्याउँछन्, ती मंगल ग्रहको सेवामा, भौतिक संपत्ति प्राप्त गर्ने इच्छाले, म समर्पित छु ॥८॥

ज्योतिःशास्त्रीहरूको भनाइ छ कि जन्मकुण्डलीमा चतुर्थेशसँग मिली बसेको मंगलले मानिसलाई धेरै खेत (फाँट) दिन्छ, तर जसको कुण्डलीमा मंगल आफैं चतुर्थेश भई लाभ (एघारौं) स्थानमा बसेको छ भने त्यसलाई श्रेष्ठ जमिन न देला ? ॥९॥

भौम, धरणीपुत्र, रुधिर, कुज नाम भएका मंगल ग्रह देवता मंगलदायक होऊन् ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्गलो मङ्गलं दद्यान्मङ्गलो मङ्गलायताम्
मङ्गलो लोकशान्त्यर्थं मङ्गलो विश्वशान्तये ॥११॥

"भूपुत्रको भूसदृशो ग्रहो वा ?"
प्राच्याः प्रतीच्याश्च विसंवदन्तः ।
समे समा यस्य हि रक्तिमोक्तौ
ग्रहः स नोऽनुग्रहमादधीत ॥१२॥

स्कन्दानुरूपमथ शक्तिधरं सुरूप-
मास्कन्दनेशमवनीतनयं कुमारम् ।
स्कन्दं तथैव सुरसैन्यपतिं कुमारं
तं पार्वतीतनयमग्निभुवं च नौमि ॥१३॥

× × ×

मंगल मंगलदायक बनून्, स्वयं मंगलस्वरूप बनून् । उनी संसार (मानवलोक) तथा ब्रह्माण्डको शान्तिवाहक बनून् ॥११॥

प्राच्य (भारतीय) विद्वान्हरूले मंगललाई भूमिपुत्र ग्रह भने । पाश्चात्य वैज्ञानिक विद्वान्हरूले मंगललाई पृथिवी जस्तै, पृथिवीसँग मिल्दोजुल्दो ग्रह भने । यति कुरामा भनाइ दुइथरीको मिलेन तापनि मंगलको शरीर रातो छ– "रक्ताकार, रक्तवर्ण, रक्तशरीर मंगल" भन्नेवारे एउटै राय छ सबैको । जसको संबन्धमा पुराना पूर्वीय ज्यौतिष (वा पौराणिक) तथा आधुनिक वैज्ञानिकहरूको कुनै कुरामा मतभेद र कुनै कुरामा समानमत (संवाद-विसंवाद) रह्यो, ती मंगल ग्रहले हामी सबैमाथि निगाह (अनुग्रह) राखून् ॥१२॥

स्कन्दानुरूप (स्कन्दकुमार जस्तै) शक्तिधारी (वर्छा धारण गर्ने), सुन्दर, युद्धका मालिक, भूमिपुत्र कुमारलाई प्रणाम गर्दछु । त्यस्तै देवताहरूका सेनापति स्कन्दकुमार, जो पार्वतीपुत्र र अग्निदेवबाट उत्पन्न छन्, तिनलाई पनि प्रणाम गर्दछु । मंगल स्कन्दकुमारसदृश र स्कन्दकुमारकै रूप मानिन्छन् ।

"कार्तिकेयानुरूपाय सुरूपाय नमो नमः" (स्कन्दपुराण, अवन्तीखण्ड)

"सुरसेनापतिः स्कन्दः पठ्यतेऽङ्गारको ग्रहः" (ब्रह्माण्डपुराण र वायुपुराण)

यी दुवै शक्तिधर छन्, दुवै कुमार हुन् ॥१३॥

× × ×

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमेरिकीयविज्ञानी नीलआर्मस्ट्राङ्गाभिधः ।
चन्द्रेऽवतीर्णः ख्रिष्टाब्दे नवषड्नवभूमिते ॥१४॥

ततो वैज्ञानिकास्तुष्टाः सोत्साहा ग्रहमार्गणे ।
प्रावर्तन्त भृशं तत्र प्राधान्येन कुजग्रहे ॥१५॥

दूरवीक्षणयन्त्रेण पश्यद्भिर्मङ्गलं बुधैः ।
अभिलक्ष्य तदाकारं कल्पना बहुधा कृता ॥१६॥

"समा भूमिस्तथा नद्यः सन्ति पर्वतपङ्क्तयः ।
तृणगुल्मलता वृक्षा ऋतूनां परिवर्तनम् ॥१७॥

प्राणिनो बुद्धिमन्तश्च मङ्गले निवसन्ति हि ।
कल्प्यते रचिता तत्र कुल्यानाञ्च शतद्वयी" ॥१८॥

अन्तरिक्षविदा चैवं लोबेलेन प्रकल्पितम् ।
साहित्यिकैर्न्यबध्यन्त नाटकानि कथास्ततः ॥१९॥

ईस्वी सन् १९६९ मा नील आर्मस्ट्रङ्ग नाम भएका अमेरिकी वैज्ञानिक चन्द्रमामा ओर्लेका थिए ॥१४॥

त्यसपछि संसारका वैज्ञानिकहरूलाई संतोष प्राप्त भयो, वैज्ञानिकहरू उत्साहित भए । उनीहरू ग्रहहरूको खोजीमा लागे, खास गरेर मूल रूपमा, मंगल ग्रहको अन्वेषणमा तीव्रतापूर्वक चाखसित संलग्न भए ॥१५॥

दूरवीक्षण यन्त्रद्वारा विद्वान् वैज्ञानिकहरूले मंगल ग्रहलाई हेरे । उनीहरूले मंगलको आकार स्वरूप हेरेर अनेक कल्पना गरे ॥१६॥

"मंगल ग्रहमा समतल भूमि छ, नदीहरू छन्, पर्वतका पंक्तिहरू छन्, झारपात घाँस, झाँगिने रूख, लहरा, ठूला जातिका रूखहरू, ऋतुहरूको परिवर्तन र बुद्धिमान् जन्तुहरू छन् । अनुमान गरिन्छ कि त्यहाँ मंगल ग्रहमा कुनै समयमा दुइ सय नहरहरू बनाइएका थिए ।" ॥१७–१८॥

उल्लिखित कुराहरू अन्तरिक्षवेत्ता लोबेलले कल्पना गरेका थिए । उनको कुराले साहित्यकारहरूलाई प्रभावित पार्‍यो । साहित्यकारहरूले मंगल ग्रहका कल्पित प्राणीहरूका कल्पित कथाहरू, चरित्रचित्रण आदिले सजिसजाउ पारेर पर्याप्त नाटक र कथाहरू लेखे ॥१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणिनां मङ्गलस्थानां चरित्रचित्रणादिभिः ।
कल्पिताभिः कथाभिस्तत् साहित्यं भुवि विस्तृतम् ॥२०॥

प्रक्षिप्तैर्मङ्गलस्याङ्के चतुर्थ-षष्ठ-सप्तमैः ।
मेरिनर्नामकैर्यानैः सर्वं तत्साधितं मुधा ॥२१॥

भूसप्ताङ्केन्दुके खिष्टे मेरिनर् नवमेन च ।
ज्ञापितो मङ्गलो रम्य उपग्रहद्वयान्वितः ॥२२॥

एकश्चन्द्रो यथा पृथ्वीं परिक्राम्यत्युपग्रहः ।
परिक्राम्यति भौमं तु चन्द्राख्योपग्रहद्वयम् ॥२३॥

"राष्ट्रियोड्डीनविज्ञानमन्तरिक्षव्यवस्थितिः" ।
इतिपूर्णाभिधा प्रोच्चप्रविधिप्रविनिर्मिता ॥२४॥

अमेरिकीया नासाख्या संस्था विश्वेऽभिविश्रुता ।
मङ्गलान्वेषणे लग्नाऽररचद् व्योमयानकम् ॥२५॥

मङ्गलान्वेषणे लग्नैर्नासासंबद्धकोविदैः ।
पाथफाइण्डरं नाम तद् यानं प्रेषितं वरम् ॥२६॥

त्यो कल्पित साहित्य पृथिवीमा यत्र तत्र प्रचारित भयो, फैलिँदै गयो । पछि मंगल ग्रहमा प्रक्षेपण गरिएका मेरिनर ४, ६ र ७ अन्तरिक्षयानहरूले लोवेलको त्यो कल्पना व्यर्थ (कल्पित मात्र) सावित गरे ॥२०–२१॥

ईस्वी सन् १९७१ मा मेरिनर ९ अन्तरिक्षयानले मंगल ग्रह अति सुन्दर छ, त्यसमा दुइवटा उपग्रह छन् भन्ने तथ्य प्रकट गरिदियो । जसरी पृथ्वीको उपग्रह एउटा मात्र चन्द्र छ, जो पृथिवी वरिपरि घुमिरहन्छ, त्यसरी मंगल ग्रहको वरिपरि घुम्ने उपग्रह चन्द्र दुइवटा छन् ॥२२–२३॥

"राष्ट्रिय उड्डयन विज्ञान र अन्तरिक्ष व्यवस्था" भन्ने पूरा नाम भएको, प्रोच्च प्रविधिद्वारा निर्माण गरिएको "नासा" नामक अमेरिकी संस्था संसारप्रसिद्ध छ । यही संस्थाले मंगल ग्रहको खोजीमा संलग्न भई अन्तरिक्षयान बनायो । पाथफाइण्डर नाम भएको त्यो यान मंगल ग्रहको खोजीमा संलग्न नासाका विद्वान् वैज्ञानिकहरूले मंगल ग्रहतर्फ पठाएका (प्रक्षेपण गरेका) थिए ॥२४–२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत् क्यालिफोर्नियाक्षेत्रादुड्डीनं व्योमयानकम् ।
पाथफाइण्डरं नामावातरद् मङ्गलग्रहे ॥२७॥

अमेरिकीयं तद् यानं क्षिप्तं वैज्ञानिकैर्बुधैः ।
मासान् सप्त समुड्डीय तद् ग्रहं प्राप्तवत् सुखम् ॥२८॥

वेदबाणाभ्रनयनमिते वैक्रमवत्सरे ।
शुचौ मासे गते विंशे घटितं तद् भृगोर्दिने ॥२९॥

प्रतिशतमेकषष्टेर्भागेभ्यो न्यूनतां गता ।
आकृष्टिशक्तिर्यत्रास्ति भूमेस्तस्मिन् ग्रहे कुजे ॥३०॥

त्रिभूमिकालयोन्माने त्रिरुत्प्लुत्याम्बरे क्षणात् ।
अक्षुण्णमवतीर्णं तद् यानं लोकैरदृश्यत ॥३१॥

रुसतोऽमेरिकातश्च प्रक्षिप्तानि बहूनि हि ।
दृग्रसाङ्केन्दुख्रिष्टाब्दाद् व्योमयानानि मङ्गले ॥३२॥

अमेरिकाको क्यालिफोर्नियाबाट उडेको पाथफाइण्डर विमान मंगल ग्रहमा ओर्ल्यो । वैज्ञानिक विद्वान्हरूले प्रेषण गरिएको सो अन्तरिक्षयान सात महीनासम्म उडेपछि सजिलैसँग मंगल ग्रहमा पुगेको थियो । वि. सं. २०५४ को असारमा, २० गतेका दिन शुक्रवार, त्यो घटना घटेको थियो ॥२७–२९॥

जुन मंगल ग्रहमा गुरुत्वाकर्षण शक्ति पृथिवीको भन्दा एकसट्ठी प्रतिशत कम छ, अमेरिकाको पाथफाइण्डर यान त्यस मंगल ग्रहमा ओर्लने बेलामा छिटोछिटो गरी तीन पटक उफ्र्यो, त्यो उफ्राइ तीनतले घरको पहिलो दोस्रो तला जति उचाइमा भएको थियो । अनि कुनै घाउ चोट नलागीकन मंगलको धरातलमा उत्रेको सारा संसारका मानिसले देखे, थाहा पाए ॥३०–३१॥

ईस्वी सन् १९६२ देखि यता रुस र अमेरिकाबाट मंगल ग्रहमा अनेकौं अन्तरिक्षयान पठाइए ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केषाञ्चनाफलत्वेऽपि तेषु कैश्चिच्च तद्ग्रहात् ।
असंख्यप्रतिबिम्बानि प्रहितानि धरातले ॥३३॥

विगताब्देषु क्षिप्तेभ्यस्तेभ्यः प्रक्षिप्तमैषमः ।
आमेरिकमिदं यानं फलवत्तरमीक्षितम् ॥३४॥

प्रसीदन्तितमां लोके विज्ञानस्नेहिनोऽधुना ।
नामेरिकास्थिता एव किन्तु विश्वनिवासिनः ॥३५॥

एकविंशशताब्दी द्रागागच्छन्ती सुशोभना ।
ब्रह्माण्डसृष्टिसन्दर्भे प्रस्तोष्यति नवां स्थितिम् ॥३६॥

मानवैरगृहीतं यत् तथ्यं प्रादुर्भविष्यति ।
तत् कुर्यात् कौतुकं कीदृग् वसुधावासिनामहो ॥३७॥

पञ्चाशत्कोटिदेशीयकिलोमिटरमापिताम् ।
अतीत्य सरणिं प्रापद् विमानं मङ्गलग्रहम् ॥३८॥

ती यानहरूमध्ये केही असफल, निरर्थक भए तापनि कैयौं यानहरूले मंगल ग्रहका फोटोहरू पृथिवीमा पठाए । अघिका वर्षहरूमा प्रक्षेपित, मंगल ग्रहमा पठाइएका विमानहरूभन्दा यस वर्ष पठाइएको यो पाथफाइण्डर विमान बढी सफल देखियो, ठहरियो ॥३३–३४॥

अहिले अमेरिकाका मात्र होइनन्, संसारका विज्ञानप्रेमीहरू चौपट्टै खुशीयालीमा रमाइरहेका छन्, हर्षले गद्गद छन् ॥३५॥

अब परमसुन्दर आनन्ददायक एक्काईसौं शताब्दी छिटै आउँदै छ । त्यसले यस ब्रह्माण्डको रचना कसरी भएको छ भन्ने सन्दर्भमा एउटा नौलो स्थिति, नयाँ स्वरूप प्रस्तुत गर्नेछ ॥३६॥

आजसम्म पृथिवीका मान्छेले थाहा नपाएको जुन तथ्य हाम्रा सामु प्रकट भई आउनेछ, त्यसले पृथिवीका बासिन्दाहरूका लागि कस्तो कौतुक (चाख) सिर्जना गर्ला । ॥३७॥

लगभग ५० करोड किलोमिटर बाटाको दूरी पार गरेर सो पाथफाइण्डर विमान मंगल ग्रह पुगेको हो । (४९ करोड ६० लाख कि. मि.) ॥३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षष्टिसहस्रसंख्यातकिलोमीटररूपिताम् ।
बिभ्रद् वर्गाकृतिं भूमेरर्धाकारोऽस्ति मङ्गलः ॥३९॥

अहोरात्रः सप्तत्रिंशत्क्षणाधिकोऽस्ति भूतलात् ।
वातो वाति प्रतिहोरं क्रोशानां विंशतिद्वयम् ॥४०॥

एकस्मिन् दिवसे तापक्रमस्य वृद्धिह्रासयोः ।
न्यूनत्वे विंशतिः श्रेण्योऽधिकत्वे च त्रिसप्ततिः ॥४१॥

सौम्याः समतला भागास्तत्र सन्ति तदूर्ध्वतः ।
ज्वालामुखा महाशैला उदग्रशिखरान्विताः ॥४२॥

वैज्ञानिकानुमानेन प्राक्तन्या सरिताऽऽश्रिते ।
हृद्ये समस्थले देशे विमानः सोऽवतारितः ॥४३॥

याऽसावामेरिकी संस्था 'नासा' नाम्नी प्रतिष्ठिता ।
तस्यां कार्यरता विज्ञा गवेषयन्ति मङ्गलम् ॥४४॥

मंगलको शरीर साठी हजार किलोमिटर वर्गाकार छ, त्यो ग्रह पृथ्वीभन्दा ठीक आधा भाग सानो छ । पृथिवीको जे जति कलेवर छ, त्यसको ठीक आधा कलेवर मंगलको छ ॥३९॥

मंगल ग्रहको दिन पृथिवीको दिनभन्दा ३७ मिनेट लामो हुन्छ । त्यहाँ प्रत्येक घण्टा चालीस कोश (२०० किलोमीटर) हावा बग्दछ ॥४०॥

एक अहोरात्र (२४ घण्टा) भरमा मंगल ग्रहमा न्यूनतम २० र अधिकतम ७३ श्रेणी (डिग्री) का दरले तापक्रम घट्ने र बढ्ने गर्दछ ॥४१॥

मंगल ग्रहमा सुन्दर समतल भागहरू (मधेसका मैदानी भाग) छन्, उँभोतर्फ अग्ला चुचुरा भएका ठूलाठूला ज्वालामुखी पहाडहरू छन् ॥४२॥

वैज्ञानिकहरूको अनुमानअनुसार मंगल ग्रहको जुन समतल मैदानी भागलाई प्राचीन समयमा नदी भएको ठाउँ मानिएको थियो, त्यसै सुन्दर समतल क्षेत्रमा पाथफाइण्डर विमान ओरालियो ॥४३॥

"नासा" नामले चिनिने अमेरिकाको प्रतिष्ठित वैज्ञानिक संस्थामा कार्यरत विद्वान्हरू मंगल ग्रहको खोजीमा व्यस्त छन् ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमेरिकीयविज्ञान-विदुषां विजयोऽप्यसौ ।
जागर्याशीलमस्तिष्कैः सोत्कण्ठमनुभूयते ॥४५॥

रक्तवर्णग्रहस्यास्य रक्तचित्रावलीस्ततः ।
प्रहिणोति विमानस्थः सोजर्नर्यन्त्रमानवः ॥४६॥

"विमानोऽसौ कथं प्रापद् मङ्गलग्रहमण्डलम् ?
प्रतिच्छायाः समाकृष्य कथं प्रहितवानिति ?" ॥४७॥

दूरदर्शनयन्त्रीयमाध्यमेन हि मानवाः ।
सकुतूहलमालोक्य व्यस्मयन्तास्मयन्त च ॥४८॥

स्रोतस्वतीनां कुल्यानां तद्बन्धानां च संस्थितिः ।
कल्पिता कोविदैः पूर्वं प्रतिबिम्बसमीक्षिभिः ॥४९॥

मानवेभ्यः सभ्यतराः प्राणिनः स्युर्न तत्र वा ?
इति संशेरतेऽद्यापि विज्ञानवेदिनो बुधाः ॥५०॥

हुन त यो अमेरिकी वैज्ञानिकहरूको विजय हो, तैपनि विश्वका समस्त जागरूक, सचेतन मस्तिष्कले उत्कण्ठासाथ आत्मसात्, अनुभव गरिएको छ ॥४५॥

त्यस विमानमा जडिएको सोजर्नर यन्त्रमानवले रातो वर्ण हुने मंगल ग्रहवाट राता फोटाहरू पठाइरहेको पाइन्छ ॥४६॥

"त्यो पाथफाइण्डर अन्तरिक्षयान मङ्गल ग्रहको धरातलमा कसरी पुग्यो ? कसरी त्यहाँवाट तस्वीर लिएर पठायो ?" यी कुराहरू टी. भी. जस्ता यन्त्रद्वारा उत्कण्ठा (चाख) का साथ हेरेर मानिसहरू अचम्म परे, मुस्कुराए, हर्षविभोर भए ॥४७–४८॥

पहिल्यै मंगल ग्रहको समीक्षण गर्ने (लोवेल आदि) विद्वान्हरूले मंगल ग्रहमा नदीहरू, कुलाहरू र बाँधहरूको स्थिति कल्पना गरेका थिए ॥४९॥

मानिसभन्दा बढी सभ्य प्राणीहरू मंगल ग्रहमा होलान् वा न होलान् ? भन्ने संदेहमा आज पनि वैज्ञानिक विद्वान्हरू छँदै छन् ॥५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गवादिसदृशाः सौम्याः क्रूरा व्याघ्रादिरूपिणः ।
मङ्गले जन्तवः सन्तु चेत्थं संशेरते परे ॥५१॥

वर्ण्यते यममार्गेऽस्ति शीताढ्यनामिका पुरी ।
मङ्गलग्रहपूः सेयमन्यद्वा शीतपत्तनम् ॥५२॥

सूर्याद् दूरस्थितत्वेनामुष्मिन् शीततरे ग्रहे ।
पर्यावरणसौविध्यं पृथिव्यामिव स्यान्नवा ? ॥५३॥

तत्प्राप्तप्रतिबिम्बानां सविवेकं समीक्षया ।
मङ्गले पर्वतश्रेणिः सुस्पष्टं दृश्यते तथा ॥५४॥

महद्भिर्गण्डशैलैश्च गह्वरैरवटैः सह ।
अधित्यकोपत्यके च दृश्येते तत्र संस्फुटम् ॥५५॥

तत्राहो ! आप आप्येरन् ? जीवानां जीवनं भवेत् ?
अटव्यश्च सुलभ्येरन् हरितिम्ना सुशोभिताः ? ॥५६॥

मंगल ग्रहमा गाई आदि पाल्तू पशुहरू जस्तै सौम्य, मृदु स्वभाव भएका वा बाघ जस्तै क्रूर जन्तुहरू होलान् ? भन्ने संदेह पनि आर्का थरीले गर्न थालेका छन् ॥५१॥

यमलोक जाने वाटोमा शीताढ्य (उग्र ठण्डी भएको) नामक नगरी छ भनी पुराणमा वर्णन गरिन्छ । सो शीतनगर मंगल ग्रहरूपी नगरी होला कि आर्कै कुनै शीतनगर होला ? ।५२॥

सूर्यदेखि टाढा रहेको मंगल ग्रहमा, पृथिवीभन्दा बढी ठण्डी भएको ग्रहमा, पृथिवीमा जत्तिकै पर्यावरणीय सुविधा होला वा न होला ? ।५३॥

मंगल ग्रहबाट पृथिवीमा पठाइएका तस्वीरहरूको राम्ररी समीक्षण गर्दा त्यहाँ पर्वत-पंक्ति सुस्पष्ट देखिन्छ । त्यस्तै ठूलाठूला चट्टानहरू, गुफाहरू र खाडलहरूका साथै अधित्यका (पर्वतको माथितिर पर्ने भूभाग) उपत्यका (पर्वतहरूका काखको भूभाग) पनि स्पष्ट देखिन्छन् ॥५४–५५॥

मंगल ग्रहमा पानी पाइएला ? जीवहरू जीवित होलान् ? हरियालीद्वारा सुशोभित जंगलहरू पाइएलान् ? ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहो भूमिसुतो भूम्या मात्रा विद्रावितः कथम् ?
संबद्धा सा कया रीत्या स्वकीय-स्निग्धसूनुना ? ॥५७॥

"तरुणो बलवान् पुत्रो भ्राम्येद् दीर्घेण वर्त्मना" ।
इत्थं विवेचयन्तीव ह्रस्वमार्गं समाश्रिता ॥५८॥

परिक्राम्यति भूः सूर्यं स्वयं नेदीयसी सती ।
दूरात् स्निग्धेन पुत्रेण परिक्रमयति ध्रुवम् ॥५९॥

आमेरिको विमानोऽन्यो मार्ससर्भेयराभिधः ।
समयेऽवतरिष्यन् सोऽधुनाऽध्वनि प्रधावति ॥६०॥

प्रेहेष्यन्तेऽनवरतं विमाना अपरे कुजे ।
निर्मानवाः समाः काश्चित् पश्चात् समानवा अपि ॥६१॥

अमेरिकीया नासास्था वैज्ञानिक-विपश्चितः ।
प्रेहेष्यन्ति यदा व्योम-यानं मानवसंयुतम् ॥६२॥

नरा अवतरिष्यन्ति मङ्गलीयतले तदा ।
तेषां यथातथं ज्ञानं तत्रत्यं संभविष्यति ॥६३॥

आश्चर्य छ– आफ्ना प्यारा छोरा मंगललाई आमा पृथिवीले किन र कसरी लखेटेर टाढा पुऱ्याइन् ? कुन तरिकाले उनी पृथ्वी आफ्ना प्यारा छोरासँग संबन्ध राखेर बसेकी छन् ? "मेरो छोरो तन्नेरी छ, बलियो छ, तसर्थ लामो बाटोद्वारा सूर्यलाई परिक्रमा गरोस्" यही सोचेर हो कि उनी आफू स्वयं छोटो बाटो पक्रेर, सूर्यबाट नजीकै भएर सूर्यवरिपरि घुम्छिन् । अनि उनले आफ्ना छोरा मंगललाई टाढाबाट सूर्यको प्रदक्षिणा गराउँछिन् ॥५७–५९॥

मार्स सर्भेयर नाम भएको आर्को अमेरिकी विमान (मंगलतर्फ प्रक्षेपित) ठीक समयमा मंगल ग्रहमा ओर्लनेछ, हाल त्यो बाटोमा दौड्दै छ ॥६०॥

अरू विमानहरू पनि मंगल ग्रहतर्फ पठाइँदै जानेछन्, तीमध्ये केही वर्षसम्म मानवरहित र पछि मानवसहित विमान पठाइनेछन् ॥६१॥

अमेरिकी नासा संस्थामा कार्यरत विद्वान् वैज्ञानिकहरू जब मानवसहित विमान पठाउनेछन्, तब मंगलीय धरातलमा मानिसहरू ओर्लनेछन्, मंगल ग्रहसम्बन्धी यथार्थ ज्ञान मानिसहरूले पाउनेछन् ॥६२–६३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदा नद्यः समुद्राश्च सरांसि च वनानि च ।
द्विपादश्च चतुष्पादः प्राणिनः सन्ति वा न वा ? ॥६४॥

यद्युर्वरं भवेत् क्षेत्रं प्राणिनः स्युश्चराचराः ।
मेलिष्यन्ति नरा हृष्टास्तत्रत्याँश्चेतनाँस्तदा ॥६५॥

पाथफाइण्डरे लग्नः सोजर्नर् यन्त्रमानवः ।
मङ्गलप्रतिमा नैकाः प्रापयद् नासयाऽधुना ॥६६॥

मङ्गलस्य पृथिव्याश्च प्रायः स्थितिसमानताम् ।
उद्गिरन्ति प्रतिच्छायाध्यायिनस्तथ्यवेदिनः ॥६७॥

ये द्वादशोपलभ्यन्त उल्कापिण्डा महीतले ।
तादृशा एव तत्रापि सन्ति त इति निश्चयः ॥६८॥

पृथिव्या अर्धमानोऽयं चन्द्राद् द्विगुणविग्रहः ।
भूमेः पुत्र इति ख्यातः प्राच्यशास्त्रेषु मङ्गलः ॥६९॥

मंगल ग्रहमा खोलाहरू, नदीहरू, समुद्रहरू, तलाउहरू, वनहरू, दोपाया र चौपाया प्राणीहरू होलान् ? वा न होलान् ? यदि त्यहाँको जमीन उपजाउ रहेछ भने प्राणीहरू– चर र अचर दुवै थरी होलान् अवश्य । त्यस्तो पाइएमा मंगल ग्रहमा ओर्लने मानिस प्रसन्न भएर त्यहाँका प्राणीहरूलाई भेट्नेछन् ॥६४–६५॥

पाथफाइण्डरमा जडिएको सोजर्नर नामक यन्त्रमानवले मंगल ग्रहका चित्रहरू नासालाई उपलब्ध गराइरहेको छ, ती चित्रहरू धेरै छन् । ती चित्रहरूको अध्ययन गर्ने वैज्ञानिक विद्वान्हरू पृथिवी र मंगलको अवस्था मिल्दोजुल्दो बताउँछन् । पृथिवीमा १२ वटा उल्कापिण्ड (ज्वालामय पिण्डहरू) पाइन्छन् भने मंगल ग्रहमा पनि त्यस्तै किसिमका ती उल्कापिण्डहरू छन् भन्ने कुरामा केही सन्देह छैन ॥६६–६८॥

पृथिवीभन्दा ठीक आधा शरीर र चन्द्रमाको ठीक दुइ गुना बढी शरीर भएको मंगल ग्रह पृथिवीको पुत्र हो भन्ने कुरा प्राच्यशास्त्रमा प्रसिद्ध छ । (यस अनुसार चन्द्रमाको शरीर पृथिवीको चतुर्थांश भएको बुझिन्छ ।) ॥६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नासासंबद्ध-प्रयोग-शाला-निर्देशकः सुधीः ।
वैज्ञानिको ब्रवीतीत्थं "नर्स हिनिस" नामकः ॥७०॥

"प्राप्तानि स्वच्छचित्राणि पाथस्थ-यन्त्रमानवात् ।
पर्यावरणसंबन्धी विषयोऽवेयते यतः ॥७१॥

गवेषणाप्रतीहार उद्घाटितोऽस्त्यनेन नः ।
निर्मिताऽस्ति सूची दीर्घा यानप्रेषणहेतुका ॥७२॥

ग्रहमध्येतुकामाः स्मो वत्सरेऽस्मिन् विशेषतः ।
एकोनविंशशताब्द्या द्वितीये दशके ध्रुवम् ॥७३॥

युगेन्दुखाक्षिखिष्टाब्दे नासातः प्रहितं दृढम् ।
समानवं हि यानं नो मङ्गलेऽवतरिष्यति" ॥७४॥

"मार्सग्लोबलसर्भेयर्" नाम यानं हि साम्प्रतम् ।
मङ्गलाभिमुखं धावद् वर्तते व्योमवर्त्मनि ॥७५॥

नासा (नेशनल एरोनटिक्स एण्ड स्पेस एड्मिनिस्ट्रेसन = राष्ट्रिय उड्डयन विज्ञान र अन्तरिक्ष व्यवस्था) को प्रयोगशालाका निर्देशक विद्वान् वैज्ञानिक नर्स हिनिसले यस प्रकार आफ्नो लक्ष्य प्रकट गर्दछन्– ॥७०॥

"हामीहरूले पाथफाइण्डर यानको यन्त्रमानवबाट मंगल ग्रहका स्वच्छ सफा चित्रहरू प्राप्त गरेका छौं, जुनवाट हामीहरूलाई पर्यावरणसम्वन्धी विषय ज्ञान गर्न सजिलो भएको छ। यस यानले हाम्रो अन्वेषणको ढोका खोलिदिएको छ, तसर्थ हामीहरूले मंगल ग्रहतर्फ यानहरू निरन्तर पठाइरहन लामो सूची तयार पारेका छौं । यस वर्ष हामीहरू विशेष रूपमा मंगल ग्रहको अध्ययन गर्न इच्छुक छौं । एक्काईसौं शताब्दीको दोस्रो दशकमा, ईस्वी सन् २०१४ मा, नासावाट (क्यालिफोर्नियास्थित संस्थावाट) प्रेषित मानवसहितको मजबूत यान मंगल ग्रहमा ओर्लनेछ" ॥७१–७४॥

"मार्स ग्लोबल सर्भेयर" नामक अन्तरिक्षयान अहिले मंगलतर्फ फर्केर अन्तरिक्षमा दौडिरहेको छ ॥७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजाङ्कनवभूखिष्टवत्सरीयसितम्बरात् ।
उपेत्य मङ्गलं तस्माच्चित्राणि प्रेषयिष्यति ॥७६॥

"मार्ससर्भेयरार्बिटर्" विमानो वायुमण्डलम् ।
"मार्ससर्भेयरल्याण्डर्" विमानः सलिलस्थितिम् ॥७७॥

अध्येतुं प्रेषयिष्येते वत्सरेऽस्मिन् यथाक्रमम् ।
आशास्यत इमौ द्वौ चावश्यं साफल्यमाप्स्यतः ॥७८॥

लेरी-सोडर-ब्लोमाख्य-स्तत्रत्यो भूमिगर्भवित् ।
सक्रियभूक्षयक्षेत्रमध्येतव्यं ब्रवीति नः ॥७९॥

"सन्ति स्थूलोत्पला यत्र पवनेन तनूकृताः ।
तत्क्षेत्रं वीक्षितुं यानमवतार्यं भवेदिति" ॥८०॥

अध्येय-उदुत्पलस्तस्माद् "मर्टियन् रक" नामकः ।
जीवानामस्तितां ज्ञातुं मङ्गलग्रहवासिनाम् ॥८१॥

यो यान मंगलमा पुगेर आगामी (१९९८ को) सितम्वर मासदेखि त्यहाँबाट फोटाहरू पठाउनेछ ॥७६॥

मंगल ग्रहको वायुमण्डलीय स्थिति अध्ययन गर्न "मार्स सर्भेयर आर्बिटर" नामक विमान र त्यहाँको जलीय स्थिति अध्ययन गर्न "मार्स सर्भेयर ल्याण्डर" नामक विमान यसै वर्ष (१९९८ ई. सन्मा) क्रमशः पठाइनेछन् । आशा छ– यी दुवै विमानले अवश्य सफलता पाउनेछन् ॥७७–७८॥

नासासँग सम्वद्ध भूगर्भशास्त्री लेरी सोडर ब्लोमले मंगल ग्रहको सक्रिय भूक्षय क्षेत्र अध्ययन गर्नुपर्छ भनी हामी सवैसँग यस्तो भन्ने गर्छन्– "जुन क्षेत्रमा हावाले घोटेर, खियाएर पतल्याइएका, गहिरो तुल्याइएका चट्टानहरू छन्, मंगल ग्रहको त्यस्तो क्षेत्र अध्ययन समीक्षण गर्न त्यस्तै ठाउँतर्फ यान ओराल्ने काम हुनुपर्छ ।" ॥७९–८०॥

त्यसकारण, फलतः मंगल ग्रहमा जीवहरूको अस्तित्व छ वा छैन भन्ने पक्कापक्की गर्न, संबद्ध विज्ञान क्षेत्रमा "मर्टियन रक" भनिने, मंगल ग्रहको चट्टानविशेषको अध्ययन गर्नुपर्छ ॥८१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नृषु तत्रावतीर्णेषु स्थितेषु कौज-जन्तुषु ।
अन्तर्ग्रहीयसंबन्धः कश्चिद् मृग्यो भविष्यति ॥८२॥

आदिमे परिवेशे स प्राकृतीं स्थितिमाश्रितः ।
विकसन् शनकैः पश्चात् कृत्रिमत्वं धरिष्यति ॥८३॥

पार्थिवेभ्यो भवेयुश्चेदसभ्यास्तत्र जन्तवः ।
अमेरिकीयनिग्रोवत् तिष्ठेयुरादिवासिनः ॥८४॥

यदि सभ्यतरास्तत्र प्राणिनोऽस्मद् वयं तदा ।
यथेदानीं विदेशेषु वत्स्यामो दुर्बलास्तथा ॥८५॥

शासकाः शासनीया वा भविष्यामो वयं कुजे ।
अवश्यं तत्र वत्स्यामो विस्थापिततया भुवः ॥८६॥

जब मानिसहरू मंगल ग्रहमा ओर्लनेछन्, त्यहाँ पहिलेदेखि वसिरहेका मांगलिक जन्तुहरूको अस्तित्व भएको पक्षमा, पार्थिव र मांगलिक जन्तुहरूको बीचमा एउटा अन्तर्ग्रहीय संबन्ध हुनेछ (त्यसको कल्पना गरिनेछ, मार्गणा गरिनेछ) । प्रारम्भमा केही समयसम्म (वा केही वर्षसम्म) सो संबन्ध प्राकृत अवस्थामा रहनेछ, जताका जन्तुको जे जस्तो स्वभाव छ, त्यसै अनुसार, अपरिचित (आक्रामक) स्थितिमा, चल्नेछ। सुस्त सुस्त विकसित हुँदै जाँदा सो संवन्धले कृत्रिम रूप (भाइचारा, ब्रह्माण्डबन्धुत्व, ब्रह्माण्ड एव कुटुम्वकम्) लिनेछ ॥८२–८३॥

पार्थिव जन्तु मानवभन्दा मांगलिक जन्तु असभ्य रहेछन् भने मानवहरू त्यहाँ ओर्ली बस्न थालेपछि उनीहरू त्यहाँका आदिवासी मानिनेछन् र गोरा जातिका मानिसहरू आप्रवासमा अमेरिकामा बस्न थालेपछि, अमेरिकी आदिवासी निग्रो थन्किए झैं दयनीय अवस्थामा थन्किनेछन् । यदि मंगल ग्रहका प्राणीहरू हामी पार्थिव प्राणीभन्दा बढी सभ्य रहेछन् भने जसरी अहिले गरीब अशिक्षित हामी नेपालीहरू (मध्ये अनेक व्यक्तिहरू) विदेशहरूमा कुल्ली काम गरेर निरीह जीवन बिताउँछौं, त्यसरी नै हामी मंगल ग्रहमा पुगेर दयनीय अपहेलित जीवन बिताउन बाध्य हुनेछौं ॥८४–८५॥

हामी मंगल ग्रहमा शासक वा शासनीय कुनै भएर रहनेछौं, अवश्य पनि पृथिवीबाट आप्रवासी बनी त्यहाँ पुगेर बस्नेछौं ॥८६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथिव्या लघयिष्यन्तो जनसंख्याकृतं भरम् ।
निरन्तरं नरा यानैर्यास्यन्ति मङ्गलग्रहम् ॥८७॥

प्रत्यावर्तनसौकर्यं कथं स्यान्मङ्गलग्रहात् ?
विश्वान्तरिक्षसंघोऽस्मिन् विषये चिन्तयाऽन्वितः ॥८८॥

संमेलनेऽस्य संघस्य तृतीयवार्षिकेऽधुना ।
मुख्या प्रस्तावधारा सा सभास्तारैर्विमर्शिता ॥८९॥

पाउल-मूलरश्चैवं वक्ति खगोलवित्तमः-
"प्रक्षेपणं विमानस्य सुकरं धरणीतलात् ॥९०॥

प्रक्षेपणं विमानस्य दुष्करं रुधिरग्रहात् ।
उपायोऽल्पव्ययो मार्ग्यो नासास्थैर्व्योमवेदिभिः ॥९१॥

प्रत्यावर्तयितुं तस्माद् व्योमयानं समानवम् ।
वाष्पिकाकेन्द्रमास्थाप्यं तत्रैवेन्धनपूरकम्" ॥९२॥

यसरी विस्थापित हुने क्रम निरन्तर जारी रहनेछ । जनसंख्यावृद्धिबाट पृथिवीलाई परिरहेको भार हल्का गर्न विमानमा चढी मानिसहरू मंगल ग्रहतर्फ दौड्ने क्रम निरन्तर चलिरहनेछ ॥८७॥

मंगल ग्रहमा मानवसहितको अन्तरिक्षयान उत्रेपछि, सो यान र त्यसमा चढी त्यहाँ पुगेका मानिस पृथिवीतर्फ फर्की आउन सुविधा कसरी होला ? यस सम्वन्धमा अन्तरराष्ट्रिय अन्तरिक्षसंघ चिन्तातुर छ । हालै यस संघको तृतीय वार्षिक संमेलन संपन्न भयो, यसमा यही कुरा (मंगल ग्रहबाट कसरी फर्कने ?) मुख्य प्रस्तावका रूपमा आयो । यसैमाथि सभासद् (सदस्य) हरूले छलफल गरे । 'पाउल मूलर' नामक अग्रणी खगोलवेत्ता विद्वान् यसबारे यस्तो भन्दछन्– "पृथिवीबाट विमान प्रक्षेपण गर्न त सजिलो छ, मंगल ग्रह (रातो ग्रह) बाट विमान प्रक्षेपण गर्न सजिलो छैन । अब नासाका वैज्ञानिकहरूले मानवसहितको विमान मंगलग्रहमा ओर्लेपछि, सो विमान पृथिवीलाई फर्काउन कम खर्च लाग्ने उपाय खोज्नुपर्छ । यो उद्देश्य पूरा गर्न त्यहीं मंगलग्रहमा इन्धन पूर्ति गर्ने ग्यास केन्द्र स्थापित गर्नुपर्छ" ॥८८–९२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरणिद्वयपर्याप्तं यदि पूर्येत चेन्धनम् ।
परोवृन्दडलराणां वाह्यः स्यान्नासया व्ययः ॥९३॥

सप्त मासा लगिष्यन्ति मङ्गलग्रहप्रापणे
गतागते न सारल्यं भविष्यति नृणां कृते ॥९४॥

नैके देशा भविष्यन्ति मङ्गलेऽपि ग्रहे तदा ।
राज्यसञ्चालने तावद् नैकाः शासनरीतयः ॥९५॥

भूमेर्विद्राव्यमाणोऽपि साम्यवादो गमिष्यति ?
अपि माङ्गलदेशेषु केषुचित् स चलिष्यति ? ॥९६॥

अपि तत्रापि नार्शंस्यं माओवादकृतं भवेत् ?
चीनतियानमेनीया घातुका घटनाऽऽपतेत् ? ॥९७॥

अपि राजा दयालुः स्यादपि सैन्याधिनायकः ?
अपि निर्वाचिता संसद् राज्यं सौम्यं करिष्यति ? ॥९८॥

यदि पृथिवीवाटै विमान प्रक्षेपण गर्दा मंगल ग्रहमा पुगी पृथिवीमा फर्कनसंमको लागि इन्धन भरेर पठाउने हो भने नासाले अरबौं डलरको व्ययभार वोक्नुपर्ने हुन्छ ॥९३॥

पृथिवीबाट मंगल ग्रहसम्म विमानमा जाँदा सात महिनाको समय लाग्नेछ, तसर्थ जाने आउने काममा त्यति सरलता हुनेछैन ॥९४॥

मंगल ग्रहमा धमाधम मानिस बस्न थालेपछि, त्यहीं पनि अनेक देशहरू (पृथिवीमा झैं) हुनेछन् र त्यहाँ राज्यशासन चलाउँदा अनेक व्यवस्थाहरू, प्रणालीहरू कायम हुनेछन् ॥९५॥

के पृथिवीवाट लखेटिएको साम्यवाद मंगल ग्रहतर्फ जानेछ ? के त्यो साम्यवाद (कम्युनिष्ट शासन) मंगलका कतिपय देशहरूमा चल्नेछ ? ॥९६॥

के त्यहाँ पनि माओवादीका नामबाट गरिने जघन्य हत्यात्मक क्रिया होला ? के त्यहाँ पनि चीनको तियानमेन चोकमा घटे जस्तो घातुक (नृशंस, हत्यात्मक) घटना घट्ला ? के मंगल ग्रहका कुनै देशमा दयाशील राजाको शासन होला ? के कतै सैनिक तानाशाहको शासन होला ? के त्यहाँका कुनै देशमा जननिर्वाचित संसद्ले आदर्श शासन चलाउला ? ॥९७–९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपि सांसद-प्रणाल्याश्चालकानि दलानि च ।
खण्डितानि भविष्यन्ति क्षुद्रस्वार्थोपलब्धये ? ॥९९॥

अपि स्वीयदलस्यैव भूयिष्ठमान्यशासनम् ।
पातयिष्यन्ति मन्त्रित्व-वञ्चिताः क्षुद्रसांसदाः ? ॥१००॥

अपि संसत् त्रिशंकुः स्यात् पुरुहूमतवर्जिता ।
यत्र क्षुद्रदलायत्ता निर्णयन्ति यदृच्छया ? ॥१०१॥

पृथिवीवासिनां नृणां मङ्गलग्रहवासिभिः ।
वैवाहिकादिसम्बन्धो दूरत्वान्न हि संभवेत् ॥१०२॥

भाषा-साहित्य-विज्ञान-ज्ञानाचारादिसञ्चयः ।
अन्योन्यं विनिमातव्यो भवेल्लोकद्वये सुखम् ॥१०३॥

अन्तर्लौकिकसम्बन्धो योजनीयो भविष्यति ।
संस्कृतमाङ्ग्लवाणी वा लोकान्तरीयवाग् भवेत् ? ॥१०४॥

के त्यहाँ पनि संसदीय प्रणालीका संचालक पार्टीहरू निकृष्ट स्वार्थनिमित्त टुक्रिएर तितरवितर होलान् ? के त्यहाँ पनि आफ्नै पार्टीको वहुमत प्राप्त सरकारलाई मन्त्री पद नपाएका निकृष्ट (कतिपय) सांसदले ढलाउलान् ? ॥९९–१००॥

के (त्यहाँ पनि कुनै देशमा) बहुमत कुनै पनि पार्टीको नभएको त्रिशंकु संसद् बन्ला ? जहाँ क्षुद्र (सानो, निर्दय, नीच, क्रूर) दलका सदस्यहरू आफूखुसी (जे जस्तो गर्न मन लाग्छ, त्यस्तै) निर्णय दिन्छन् (र ठूला पार्टीका सांसदहरूलाई आफ्नो नियन्त्रणमा राखी आफूखुसी शासन चलाउँछन्) ॥१०१॥

मंगल ग्रहमा आवतजावत हुन थालेपछि पनि दुइ ग्रहमा बस्नेहरूमा वैवाहिक सम्वन्ध टाढा हुनाको कारणले संभव हुनेछैन ॥१०२॥

तर भाषा, साहित्य, विज्ञान, ज्ञान, रीतिरिवाज जस्ता कुराहरूको संचित भण्डार सजिलैसँग दुवै लोक (ग्रहहरू) मा साटासाट, आदान-प्रदान गर्न सकिनेछ ॥१०३॥

त्यहाँ अन्तर्लौकिक संबन्धको योजना गरिनेछ (अन्तर्लौकिक संघ स्थापित गरिनेछ) । लोकान्तरीय (अन्तर्ग्रहीय) भाषा संस्कृत वा अंग्रेजी होला ? ॥१०४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वविद्यालयास्तत्र ब्रह्माण्डस्थितिदर्शिनः ।
भविष्यन्ति, न विटाधिकरणानि कदाचन ॥१०५॥

आपो यदि न भौमे स्युस्तृणगुल्मलतादयः ।
न वनस्पतयस्तत्र न वा जीवन्ति जन्तवः ॥१०६॥

धारयन् मृत्तिका रक्ता ग्राव्णश्चापि तथाविधान्
अपि रक्तप्रतीकः स्याद् मृच्छिलापिण्ड एव सः ? ॥१०७॥

ज्वालामुखाचलैर्युक्ते ज्वलदङ्गारविग्रहे ।
अङ्गारक इति ख्याते पर्यावरणवर्जिते ॥१०८॥

मानवेष्ववतीर्णेषु तादृशे ग्रहमण्डले ।
प्रयासा व्यर्थतां यायुर्व्यर्था सिध्येद् गवेषणा ॥१०९॥

यद्वा भूमौ सुलभ्येभ्यो भिन्नानां नैकरूपिणाम् ।
रत्नानां निधयस्तत्र मार्गणीया इतस्ततः ॥११०॥

त्यहाँ विश्वविद्यालयहरू स्थापित गरिनेछन्, जहाँ ब्रह्माण्डको अवस्था (संपूर्ण ग्रहलोकको मर्यादा) देखाइनेछ, पढाइनेछ । ती विश्वविद्यालयहरू गुण्डाहरूका अखाडा कदापि वन्नेछैनन् ॥१०५॥

यदि मंगल ग्रहमा पानी रहेनछ भने त्यहाँ झारपात, झाँगिने रूख, लहरा, ठूला रूख आदि कुनै पनि वनस्पति त्यहाँ छैनन्, न त कुनै प्राणीहरू नै त्यहाँ बाँचेर वसेका छन् । त्यसो भए जताततै रातो माटो र रातै रङ्गका ढुङ्गा बोकिरहेकोले माटो र ढुङ्गाको डल्लो मात्र हो मंगल ? ॥१०६–१०७॥

ज्वालामुखी पहाडहरूले युक्त भएको, बल्दो अंगार रूप शरीर भएको, जीवहरूका निमित्त उपयोगी पर्यावरण नभएको, त्यस्तो ग्रहमण्डलमा मानव ओर्लेर के उपलब्ध हुने हो ? त्यस्तो भयो भने सारा प्रयास व्यर्थ होलान्, गवेषणा व्यर्थ भएर जाला । अथवा त्यहाँ मानव ओर्लेको फाइदा प्रकारान्तरले लिइएला– पृथिवीमा पाइने भन्दा भिन्न किसिमका अनेक थरी रत्नहरूका खानी त्यहाँ होलान्, त्यहाँ ओर्लेपछि जताततै घुमेर तिनै रत्नहरू खोज्नेतर्फ लागिएला (लाग्नुपर्ला, लाग्नुपर्ने स्थिति आउला) ॥१०८–११०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न स्याद् गवेषितं वस्तु यदि रत्नादि किञ्चन ।
वैमानिका रिक्तहस्ताः प्रतियास्यन्ति भूतलम् ॥१११॥

रिक्तायां हि चतुर्थ्यां स भौमः फलप्रदो यतः ।
रिक्तरक्तो रक्तरिक्तो भवेच्चेन्नात्र विस्मयः ॥११२॥

गवेषणाविधिर्यद्वा भिन्नरूपाऽभ्युपैष्यते ।
प्राक्तनीं मृगयिष्यन्ते स्थितिं वैज्ञानिका यतः ॥११३॥

निर्झरा निर्झरिण्यश्च सागराश्च सरांसि च ।
बभूवुर्वा न वा तत्र काश्चन प्राणिजातयः ॥११४॥

नानाचिह्नैः पुरातत्त्वशंसिभिरनुमाय ते ।
प्रसन्नाः प्रतियास्यन्ति, ख्यापयिष्यन्ति भूतले ॥११५॥

प्राण्यस्थि-भग्नसदन-भूषा-भाण्डादिलक्षणैः ।
युगान्तरीयतत्रत्य-जीवावस्थाऽनुमास्यते ॥११६॥

यदि त्यहाँ खोजिएको रत्न आदि कुनै वस्तु भेटिएन भने विमानमा चढी मंगल ग्रह पुगेका वैज्ञानिकहरू रित्तै हात पृथिवीतर्फ फर्कनेछन् । रिक्ता तिथि चतुर्थीमा पूजा गर्दा फल दिने मंगल ग्रह यदि रित्तो रातो, रातो रित्तो रहेछ भने आश्चर्य मान्नुपर्ने कुनै कारण रहनेछैन ॥१११–११२॥

अथवा मंगल ग्रहमा अनुसन्धान गर्ने तरिका आर्कै किसिमको अपनाइनेछ, जसअनुसार वैज्ञानिहरू त्यहाँको पुरातन अवस्था पत्ता लगाउन सक्रिय हुनेछन् । त्यहाँ छहराहरू, नदीहरू, समुद्रहरू र तालहरू थिए वा थिएनन् ? कुनै किसिमका प्राणी जातिहरू थिए थिएनन् ? यी यस्ता कुराहरू वैज्ञानिकहरूले पुरातत्त्व-सूचक अनेक चिह्नहरूद्वारा पत्ता लगाएर पृथिवीतर्फ फर्कनेछन् र पार्थिव समाजमा सूचना प्रवाहित गर्नेछन् । बितेका युगहरूमा, युगौंअघि त्यहाँ जीवनको अवस्था कस्तो थियो ? के कस्ता प्राणीहरू त्यहाँ बस्दथे ? यस्ता कुरा पत्ता लगाउन, प्राणीहरूका हड्डी, घरहरूका भग्नावशेष, गहना, भाँडाहरूका नमूना खोजिनेछन् ॥११३–११६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वेषां तत्र भागानां भ्रमणं सुगमं भवेत् ।
वैमानिकानामित्येतद् नैव निश्चीयतेऽधुना ॥११७॥

आक्सीजनपदार्थेन लोहतत्त्वस्य मिश्रणात् ।
मङ्गलो लोहितो जात इति विज्ञानवित्तमाः ॥११८॥

तत्र वान्ति महावाताः सततं वेगवत्तमाः ।
उद्धुनन्तः किरन्तश्च रक्तवर्णान् मृदः कणान् ॥११९॥

भूमितो वैपरीत्येन दैनिके परिवर्तने ।
नियतो मङ्गलस्तत्र पश्चिमाद् मिहिरोदयः ॥१२०॥

× × ×

प्राच्यविद्यानुसारेण त्रिकोणाकृतिमण्डलः ।
उज्जयिन्यां भारते स भारद्वाजकुलोद्भवः ॥१२१॥

समिद्भिः खादिरैर्हव्यो दक्षिणां दिशमाश्रितः ।
मेषवृश्चिकयोर्नाथो मेषमारुह्य हिण्डते ॥१२२॥

परन्तु विमानवाट त्यहाँ उत्रेका वैज्ञानिकहरूका लागि मंगल ग्रहका सवै भाग सजिलैसँग भ्रमण गर्न सकिने होलान् भन्ने कुरा अहिले नै निश्चयपूर्वक भन्न सकिँदैन ॥११७॥

आक्सीजन पदार्थसँग लोहतत्त्व मिसिँदा मंगल लोहित (रातो) भएको हो भनी वैज्ञानिकहरू मान्दछन् । त्यहाँ निरन्तर वेगशाली महावात (उग्रतम हुरी) चलिरहन्छ, ती महावायुहरूले आफ्नो वेगपूर्ण बगाइमा रातो वर्ण भएका माटाका कणहरू उडाएको उडायै र छरेको छर्‍यै गर्छन् । मंगलको दैनिक परिवर्तन, घुम्ने क्रिया पृथिवीको भन्दा ठीक उल्टो किसिमको हुन्छ । तसर्थ त्यहाँ पश्चिमवाट सूर्य उदाउँछन् ॥११८–१२०॥

प्राच्य वाङ्मय अनुसार मंगल त्रिकोण आकार मण्डल भएका ग्रह (देव) हुन्, उनी भारतको उज्जयिनीमा भारद्वाजको वंशमा जन्मेका थिए । दक्षिण दिशामा रहेका मंगललाई खयरका समिधाले हवन गर्नुपर्छ । मंगल मेष र वृश्चिक राशिका स्वामी हुन् । यिनी मेषमा आरूढ भएर हिँड्छन् ॥१२१–१२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'ॐ हुं श्रीभौमाय नम' इति मन्त्रोऽस्ति माङ्गलः ।
प्रातः सूर्योदये पूजां दानादिकं स इच्छति ॥१२३॥

प्रवाल-ताम्रक-स्वर्ण-मङ्गल्यक-घृतं तथा ।
रक्ता गौ रक्तवासश्च दीयन्ते भौमतुष्टये ॥१२४॥

रक्तगन्धाक्षतै रक्तैः करवीरादिपुष्पकैः ।
मङ्गलोऽर्च्यो गणेशश्च चतुर्थ्यां भौमवासरे ॥१२५॥

भौमवारे सानुराधे प्रवालं स्वर्णमुद्रिकाम् ।
धारयद्भ्यो मनुष्येभ्यः शान्तिं ददाति मङ्गलः ॥१२६॥

धरणीगर्भसञ्जातो विद्युत्कान्तिधरो ग्रहः ।
कुमारः शक्तिहस्तोऽसौ पूज्यते मङ्गलार्थिभिः ॥१२७॥

सूर्यभौमावुभौ देवौ रक्तवस्तुप्रियौ ग्रहौ ।
सौहार्द्यनिषिताविन्थं ज्योतिर्विद्भिर्निगद्यते ॥१२८॥

जपका निमित्त मंगलको मन्त्र 'ॐ हुँ श्री भौमाय नमः' हो । विहान सूर्योदयको समयमा मंगलले पूजा र दान आदि इच्छा गर्दछन् । मंगललाई प्रसन्न तुल्याउन मूँगा, ताँवो, सुन, मसूरो, घिउ, रातो गाई र रातो कपडा दान गरिन्छ ॥१२३–१२४॥

मंगलवार चतुर्थी परेमा मंगलको पूजा गर्नुपर्छ, त्यस्तो दिनमा गणेशको समेत पूजा गर्नुपर्छ । मंगलको पूजामा रातो चन्दन, राता अक्षता, करवीर आदिका रातै फूलको प्रयोग गर्नुपर्छ । अनुराधा नक्षत्र परेको मंगलवार मूंगा र औंठी लगाउने मानिसहरूलाई मंगलले शान्ति दिन्छन् ॥१२५–१२६॥

पृथिवीको गर्भवाट जन्मेका, विजुलीको जस्तो कान्ति धारण गर्ने मंगल ग्रह कुमार छन्, यिनका हातमा शक्ति (बर्छी) छ । मंगल चाहनेहरूद्वारा मंगलको त्यो स्वरूपलाई ध्यानमा राखी पूजा गरिन्छ ॥१२७॥

सूर्य र मंगल यी दुवै ग्रह देवताले रातो वस्तु (चन्दन, अक्षता, फूल, वस्त्र, गाई– सवै रातो वर्णका) रुचाउँछन्, यी दुइ ग्रह मित्रताको बन्धनले बाँधिएका छन् । यस्ता कुरा ज्यौतिष विद्वान्हरू भन्दछन् ॥१२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इमानि सर्वकर्माणि लोहिताङ्गत्वसाधने ।
प्रमाणानीति पौरस्त्यैर्मङ्गलोऽन्वेषितः पुरा ॥१२९॥

तं युद्धदेवमित्यूचुः प्राक्तना रोमवासिनः ।
युद्धेऽरिजयमङ्क्न्ते पौरस्त्या अपि मङ्गलात् ॥१३०॥

सूर्यचन्द्रसुराचार्याः सुहृदस्तस्य कीर्तिताः ।
बुधो रिपुरिति प्रोक्तः समौ शुक्रशनैश्चरौ ॥१३१॥

द्वितयं वर्णितं चैतद् रामायणकथादिषु- ।
बुधमङ्गलयोर्युद्धं घोरं जातं पुराऽम्बरे ॥१३२॥

ज्येष्ठा-मैत्रं-मृगशीर्ष-विशाखास्तारका इमाः ।
आक्रम्य तस्थिवान् व्योम्नि मङ्गलोऽत्यन्तकोपनः ॥१३३॥

यी उल्लिखित सबै कुराहरू (रातो सामानले मंगलको पूजा गर्ने आदि) मंगल ग्रहको रक्ताङ्गता साधक प्रमाण हुन् । यसर्थ पौरस्त्य (पूर्वीय) विद्वान्हरूले पुराकालमा मंगल ग्रहको यथेष्ट खोजी गरेका थिए । प्राचीन रोमनहरू (रोमनिवासी अतीत युगीय मानिसहरू) मंगल ग्रहलाई लडाइँका देवता भन्ने गर्दथे । पूर्वीय विद्वान्हरू पनि मंगल ग्रह अनुकूल भएमा लडाइँमा शत्रुहरूमाथि विजय लाभ हुने कुरा किटानीसाथ भन्दछन् ॥१२९-१३०॥

प्राच्य ज्योतिषशास्त्रअनुसार सूर्य, चन्द्र र बृहस्पति मंगलका मित्रग्रह हुन्, बुध ग्रह मंगलको शत्रु ग्रह हो र शुक्र र शनि मंगलका सम (न शत्रु न मित्र) ग्रह हुन् ॥१३१॥

रामायण आदि ग्रन्थमा यी दुइ भनाइ पाइन्छन्- १. अघि कुनै युगमा मंगल ग्रह र बुध ग्रहको बीचमा यति शत्रुता बढ्यो कि अन्तरिक्षमा ती दुइको घनघोर लडाइँ भयो । २. कुनै समयमा ज्येष्ठा, अनुराधा, मृगशिरा र विशाखा, यी चार नक्षत्र (तारामण्डल) माथि मंगललाई साह्रै रिस उठ्यो, उनले यी चारैमाथि जोडदार रूपमा अन्तरिक्षमा हमला गरे (डटेर रहे, चारवटैलाई जिते) ॥१३२-१३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रहाणां दूरतेदानीं विज्ञानेन विनिश्चिता ।
अनुमिम्ये विभिन्ना सा पौरस्त्यैः स्व-स्वबुद्धिभिः ॥१३४॥

आग्नेये वर्णिताऽन्योन्यं ग्रहाणां दूरतेदृशी- ।
पृथिव्या विंशतिलक्षकीलोमीटरसंमिते ॥१३५॥

दूरे सूर्यस्ततश्चन्द्रस्तत ऋक्षाणि तावति ।
ऋक्षेभ्यश्च चत्वारिंशल्लक्षकीमीप्रमापिते ॥१३६॥

दूरे बुधस्ततः शुक्रस्ततस्तावति मङ्गलः ।
तावत्येव ततो जीवस्तावत्येव ततः शनिः ॥१३७॥

शनेश्च विंशतिलक्षकीलोमीटरसंमिते ।
दूरे सप्तर्षयः सन्ति तेभ्यो ध्रुवोऽस्ति तावति ॥१३८॥

अयं यम इति प्रोक्तो यमवेश्मसवेशगः ।
इन्द्रिय-विजयित्वाद् वा संयमेन यमो मतः ॥१३९॥

ग्रहहरूको दूरताबारे हाल विज्ञानले तथ्यात्मक निर्णय दिइसकेको छ । प्राचीन समयमा पौरस्त्य विद्वान्हरूले यस विषयमा आ-आफ्ना वुद्धि लगाई अनुमान गर्ने गर्थे ॥१३४॥

आग्नेय पुराणमा वर्णन गरिएअनुसार आपसमा ग्रहहरूको दूरता यस्तो छ– पृथिवीदेखि बीस लाख कीलोमीटरको दूरीमा सूर्य छ, सूर्यबाट त्यत्ति दूरीमा चन्द्रमा र चन्द्रमावाट त्यत्ति दूरीमा नक्षत्रगण छन् । नक्षत्रगणदेखि चालीस लाख कीलोमीटरको दूरीमा बुध ग्रह छ, बुधबाट त्यत्ति दूरीमा शुक्र, शुक्रबाट त्यत्ति दूरीमा मंगल, मंगलबाट त्यत्ति दूरीमा बृहस्पति र वृहस्पतिबाट त्यत्ति दूरीमा शनि ग्रह छन् । शनि ग्रहदेखि बीस लाख कीलोमीटरको दूरीमा सप्तऋषिहरू छन् । सप्तऋषिदेखि बीस लाख कीलोमीटरको दूरीमा ध्रुवमण्डल छ ॥१३५–१३८॥

मंगल यम भनी पुकारिन्छन् प्राच्य वाङ्मयमा, किनकि उनी यमलोकको नजीकै, दक्षिण दिशामा यमका छिमेकी भएर, बसेका छन् । अथवा मंगल इन्द्रियविजयी संयमी छन्, यिनले विवाह गरेनन्, यिनी अविवाहित कुमार हुन् । तसर्थ यिनी इन्द्रियविजयी यम हुन् ॥१३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तर्षि-ग्रह-ताराणां समावेशक्रमस्थितिः ।
वर्णिता दृश्यते लैङ्गे दूरतावेदनं विना ॥१४०॥

अधःस्थितं तद्ग्रहमण्डलेभ्यः
स्थलं रविर्यत्र विराजितोऽस्ति ।
सोमस्तदूर्ध्वं वरिवर्ति तस्मान्-
नक्षत्रवारः परतश्चकास्ति ॥१४१॥

बुधस्तदूर्ध्वं प्रविभाति तस्माद्
विभ्राजते भार्गव ऊर्ध्वगामी ।
वाव्रज्यते तत्परतोऽपि वक्र-
स्तदूर्ध्वमुज्जृम्भत एव जीवः ॥१४२॥

सौरिस्तदूर्ध्वं विसरीसरीति
वर्वर्ति सप्तर्षिगणस्तदूर्ध्वम् ।
ततः परं राजति राजसंस्था-
समा व्यवस्था ध्रुविता ध्रुवस्य ॥१४३॥

अन्तरिक्ष मण्डलमा सप्तऋषि, ग्रह र नक्षत्रहरू समावेश सम्वद्ध क्रमिक अवस्था लैङ्ग (लिङ्गपुराण) मा वर्णित छ, तर त्यहाँ दूरी बताइएको छैन । क्रम यस्तो छ– सूर्य भएको ठाउँ अरू सवै ग्रहभन्दा तल पर्छ । सूर्यभन्दा माथि सोम रहेका छन् । सोमभन्दा माथि नक्षत्रमण्डल छ । त्यसभन्दा माथि वुध चम्केका छन् । वुधभन्दा माथि शुक्र चमकदार वनी हिँड्छन् । शुक्रभन्दा माथि वक्र (मंगल) वक्र गतिले हिँडेका हिँडी छन् । मंगलभन्दा माथि चमकदार रूपमा जीव (वृहस्पति) छन् । बृहस्पतिभन्दा माथि विस्तृत आकार (शरीर) का शनि रहेका छन् । शनिभन्दा माथि सप्तऋषिको समूह छ । सप्तर्षिगणभन्दा पनि माथि ध्रुवलोक छ, उल्लिखित ग्रह-नक्षत्र-सप्तर्षिगण सबैले ध्रुवस्थानको परिक्रमा गर्छन्, ध्रुवव्यवस्था स्थिर छ । ध्रुवस्थिति राजसंस्था जस्तै केन्द्रस्थ, सर्वमान्य हुन्छ, स्थिर हुन्छ, स्थिर, अचल रहेको छ ॥१४०–१४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चर्चिताद् वर्णनाद् भिन्ना ग्रहविन्यासंस्थितिः ।
वैज्ञानिकानां नेदिष्ठा विष्णुधर्मोत्तरे स्थिता ॥१४४॥

तद्वर्णनानुसारेण नेदिष्ठश्चन्द्रमा भुवः ।
भूमेरुपग्रहश्चन्द्रो लक्षितो वीक्षितो नृभिः ॥१४५॥

ध्रुवोऽस्ति सर्वत ऊर्ध्वं मरुज्ज्योतिर्गणावृतः ।
ध्रुवस्याधो वरीवर्ति सप्तर्षिमण्डलं तथा ॥१४६॥

तदधस्ताद् ऋक्षवारस्तदधस्ताच्छनिः स्थितः ।
तदधस्तात् सुराचार्यस्तदधस्ताच्च मङ्गलः ॥१४७॥

तदधस्तात् स्थितः सूर्यस्तदधस्ताच्च भार्गवः ।
तदधस्ताद् बुधो ज्ञेयस्तदधस्ताच्च चन्द्रमाः ॥१४८॥

निरूपिता भागवते ग्रहविन्याससंस्थितिः ।
दूरतामानसहिता प्रसिद्धा विदुषां पुरः ॥१४९॥

भर्खरै चर्चा गरिएको आग्नेय र लैङ्ग पुराणको भन्दा भिन्नै किसिमको ग्रहविन्यास विष्णुधर्मोत्तरमा वर्णित छ । त्यसको वर्णन वर्तमान वैज्ञानिकहरूको विश्लेषणसँग अत्यन्त नजीकमा छ, मिल्दो अवस्थामा । त्यसमा वर्णन गरिएअनुसार पृथिवीको नजीकमा चन्द्र बताइएको छ । मानिसहरूद्वारा हमेशा देखिने पृथिवीको उपग्रह चन्द्रमा नै त्यसमा वर्णित चन्द्रमा हो । (चर्चित आग्नेय र लैङ्गमा पृथिवीको सवभन्दा नजीक पर्ने सूर्य भनिएको छ ।) ॥१४४–१४५॥

सवभन्दा माथि मरुज्ज्योतिर्गणद्वारा घेरिएको ध्रुव छ, ध्रुवभन्दा तल सप्तर्षिमण्डल, त्यसभन्दा तल नक्षत्रमण्डल, त्यसभन्दा तल शनि, त्यसभन्दा तल वृहस्पति, त्यसभन्दा तल मंगल, त्यसभन्दा तल सूर्य, त्यसभन्दा तल शुक्र, त्यसभन्दा तल बुध र त्यसभन्दा तल चन्द्रमा छन् । (महापुराणहरूको भन्दा विष्णुधर्मोत्तरको यो वर्णन वैज्ञानिक संमतिसँग मिल्दो छ ।) ॥१४६–१४८॥

भागवतमा ग्रहहरूको समावेश संबद्ध अवस्था, (ग्रहहरूको विन्यास) दूरीको नापसमेत वताइएको छ, त्यो सबै विद्वान्हरूका अगाडि प्रसिद्ध छ ॥१४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्षयोजनत ऊर्ध्वं चन्द्रोऽस्ति सूर्यरश्मितः ।
योजनलक्षद्वय्यास्तत्परतोऽस्ति भमण्डलम् ॥१५०॥

तदूर्ध्वोर्ध्वतया तावद् दूरतः क्रमशः स्थिताः ।
शुक्रो बुधोऽङ्गारकश्च सुराचार्यः शनिस्तथा ॥१५१॥

सप्तर्षय एकादशलक्षयोजनतः शनेः ।
ततस्त्रयोदशलक्षयोजनोर्ध्वं ध्रुवः स्थितः ॥१५२॥

श्रीमङ्गलग्रहोदन्तनासामार्गणवर्णने ।
भाषानुवादसंयुक्ता सम्पूर्णा प्रथमा रुचिः ॥

सूर्य-प्रकाशका किरणहरूभन्दा एक लाख योजन माथि (२० लाख किलोमीटर उँभो) चन्द्रमा छन् । चन्द्रमा भन्दा दुइ लाख योजन माथि (४० लाख किलोमीटर उँभो) नक्षत्रमण्डल रहेको छ ॥१५०॥

नक्षत्रमण्डलभन्दा ४० लाख किलोमीटरमाथि शुक्र, शुक्रभन्दा त्यत्ति नै माथि बुध, बुधभन्दा त्यत्ति नै माथि मंगल, मंगलभन्दा त्यत्ति नै माथि बृहस्पति, बृहस्पतिभन्दा त्यत्ति नै माथि शनि छन् ॥१५१॥

शनिभन्दा एघार लाख योजन माथि (दुइ करोड बीस लाख किलोमीटरमाथि) सप्तर्षि छन् । सप्तर्षिभन्दा तेह्र लाख योजनमाथि (दुई करोड साठी लाख योजनमाथि) ध्रुव छन् ॥१५२॥

(विन्यासक्रममा देखिने भिन्नता–

आग्नेय, साम्बपुराण र लिङ्गपुराणको क्रम–

सूर्य–चन्द्र–नक्षत्रगण–बुध–शुक्र–मंगल–बृहस्पति–शनि–सप्तर्षि–ध्रुव ।

भागवतको क्रम– उक्त क्रममा बुध र शुक्रको ठाउँ साटासाट ।

विष्णुधर्मोत्तरको क्रम–

चन्द्र–बुध–शुक्र–सूर्य–मंगल–बृहस्पति–शनि–नक्षत्रगण–सप्तर्षि–ध्रुव ।

वैज्ञानिक क्रम–

सूर्य–बुध–शुक्र–पृथिवी–मङ्गल–बृहस्पति–शनि–अरुण–वरुण–यम ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीयरुचिः

अथात्र वर्ण्यते किञ्चित् संख्यावदुररीकृतम् ।
भौमस्य फलदातृत्वं परम्परीणताश्रितम् ॥१॥

व्यक्तौ कुटुम्बे राज्ये वा समाजेऽपि प्रभाववान् ।
स्वकवैशिष्ट्य-सम्पन्नः कालगत्यानुवर्तितम् ॥२॥

ग्रहान्तरसमावेशि-जन्मचक्रानुसारि च ।
स ददाति मनुष्येभ्यो हृद्यं वाऽनीप्सितं फलम् ॥३॥

जन्मकुण्डलीनिष्णाताः फलज्योतिषकोविदाः ।
भूवेश्मवाहनादीनां भौमं प्राहुः प्रदायकम् ॥४॥

शौर्यरोगगुणोत्कर्षाः सोदरज्ञातिशत्रवः ।
संदृश्यन्तेऽरिमित्राणां संप्रयोगाश्च भौमतः ॥५॥

यहाँ मंगलग्रहको फलदातृत्व, मानिसहरूलाई फल दिने प्रकार, हाम्रा पूर्वजहरूले परम्परागत रूपमा अनुभवबाट संगालिएको, गणितवेत्ता ज्योतिष शास्त्रीहरूले मान्दै आएको, थोरै मात्र, संक्षिप्त रूपमा प्रस्तुत गरिन्छ ॥१॥

मंगलग्रहको व्यक्तिमा, परिवारमा, राज्यमा र समाजमा, (फलदान सन्दर्भमा) प्रभाव जमेको छ । फलदान कार्यमा मंगलको आफ्नो निजी वैशिष्टच छ । मंगलले मानिसहरूलाई मनपर्दो, मीठो, रुचाएको फल दिन्छन्, कहिलेकाहीं नचाहेको, नमीठो, कठोर फल दिन्छन् । समयको गतिविधिअनुसार फलदिने काम हुन्छ । त्यस्तै व्यक्ति व्यक्तिको जन्मकुण्डलीअनुसार मंगलको फलदातृत्व हेर्ने गरिन्छ, जन्मकुण्डलीमा सबै ग्रहहरूको समावेश हुन्छ, अन्यग्रहको संपर्कबाट (परस्पर संबन्धको आधारमा) फलदातृत्व छुटचाइन्छ ॥२–३॥

जन्मकुण्डलीको विवेचना गर्न सिपालु फलितज्योतिषका विद्वान्हरूले मंगललाई जमीन, घर, वाहन आदि भौतिक भोग्य पदार्थका दाता बताउँछन् । शूरता, रोग र गुणको उत्कर्ष मंगलकै आधारमा हेरिन्छ । सोदर दाजुभाइ, दिदी बहिनी तथा अरू बन्धुहरू शुभहरूको विवेचना मंगलकै आधारमा गरिन्छ । शत्रुको तर्फबाट र मित्रको तर्फबाट प्राप्त हुने सहयोग असहयोग, लाभ हानिको कुरा मंगलग्रहको आधारमा विवेचित हुन्छ ॥४–५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राहुर्भौमस्य दैवज्ञा माहात्म्यं स्नेहबन्धने ।
दम्पत्योः सोदराणाञ्च संबन्धं शास्ति मङ्गलः ॥६॥

मंगले सप्तमे रन्ध्रे मंगलिन्यथ मंगली ।
वधूर्वरश्च प्रोच्येते विवाहो मङ्गलस्तयोः ॥७॥

रोगापहारको नृणां स्वास्थ्यदो भिषगर्चितः ।
धामीत्याख्यैर्मन्त्रवैद्यैः स्तूयते भौमवासरः ॥८॥

मङ्गलाश्रितयोर्जाता मेषवृश्चिकलग्नयोः ।
भवन्ति लालसावन्तस्तथैव वातरोगिणः ॥९॥

उच्चस्थो वा स्वराशिस्थो धनमायुः पराक्रमम् ।
स्वदशायां भुवं रम्यां ददातीति परम्परा ॥१०॥

जानन्ति मङ्गलं सर्वे ग्रहं कलहकारकम् ।
आनुकूल्ये च तस्यैव शत्रूणां विजयो भवेत् ॥११॥

दैवज्ञहरू प्रेमको बन्धनमा बाँध्ने संदर्भमा मंगलको महिमा वताउँछन् । पतिपत्नी र सोदरको संवन्ध मंगलग्रहले नै बताउँछन् । जन्मकुण्डलीमा सातौं र आठौं स्थानमा मंगलग्रह हुने वधूलाई मंगलिनी र वरलाई मंगली भन्ने चलन छ र त्यस्ताको आपसमा विवाह मंगलदायी हुन्छ ॥६–७॥

धामी भनिने मन्त्रवैद्यहरू रोगीलाई हेर्न, देवता पुकार्न, मंगलवारलाई मान्यता दिन्छन्, किनकि त्यस दिन धामी बस्दा देवताहरू धामीका शरीरमा आउँछन् । तसर्थ मंगल रोगनाशक, स्वास्थ्यप्रद छन्, वैद्यद्वारा पूजित छन् ॥८॥

मेष र वृश्चिक मंगलका राशि हुन् । यिनी दुई राशिलाई लग्न पारी जन्मने मानिसहरू लोभी र वातरोगी हुन्छन् ॥९॥

मंगल आफ्नो उच्चराशिमा वा स्वराशि (मेष, वृश्चिक) मा भएमा संवद्ध मान्छेलाई धन, आयु, पराक्रम र आफ्नो दशामा (भोग्यावस्थामा) राम्रो जमीन दिन्छन् भन्ने परम्परा छ ॥१०॥

मंगलग्रहको सम्बन्धमा प्रायः के भनिन्छ भने मंगल कलहकारक हुन् । मंगलले आपसमा, (परिवारमा, समाजमा, राज्यमा, विभिन्न राष्ट्रहरूका बीचमा) झगडा पैदा गर्छन्, मंगल अनुकूल भएमा शत्रुहरूमाथि विजय पाउन सकिन्छ ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रातीपिकेऽस्मिन् रोगस्य रिपोश्चाक्रमणं ध्रुवम् ।
नद्यां तद्वासरे स्नात्वा रोगनाशाय यस्यते ॥१२॥

मंगल आर इत्युक्तो ज्योतिः शास्त्रे फलावहे ।
न्यूनत्वे भूम्नि वाऽरीणां भाव्यते भौमभूमिका ॥१३॥

रोहितो मुदिरो रागी स्मेरास्यो धरणीसुतः ।
स्वसदृशं नरं कुर्यादेकादशस्थितो यदि ॥१४॥

गणका गणयन्तीमं क्रूरं पापं तथापि तैः ।
निसर्गात् स बली प्रोक्तः पापग्रहशनैश्चरात् ॥१५॥

तृतीयस्थानगं केचिद् कारकं संप्रचक्षते ।
विपरीतं परे प्राहुस्तत्स्थानस्य विकारकम् ॥१६॥

द्वितीयसप्तमेशस्य मारकत्वविनिर्णयः ।
मंगलादतिरिक्तेषु ग्रहेष्विति वयोविदः ॥१७॥

मंगल प्रतिकूल भए भने रोग र शत्रुको हमला खप्नु पर्छ । रोगबाट मुक्ति पाउनाका लागि मंगलवार नदीमा नुहाउने पनि गरिन्छ ॥१२॥

फलित ज्योतिषमा मंगललाई 'आर' भनिन्छ, आर शब्द अरि (शत्रु) बाट बन्दछ - अरिसँग सम्बद्ध 'आर' हो । शत्रुहरू धेरैछन् वा कम भन्ने हेर्न मंगलग्रहको भूमिका हेर्ने गरिन्छ ॥१३॥

मंगल हंसिला, रसिला, रागी, मुस्कुराउने रक्तवर्ण ग्रह हुन् । जन्मचक्रमा एघारौं स्थानमा बसेका मंगलले मानिसलाई आफूजस्तै हाँसीखुशीमा रहने तुल्याउँछन् ॥१४॥

ज्योतिषहरू मंगलाई क्रूर पापग्रह मान्दछन् तापनि उनीहरू पापग्रह शनिभन्दा मंगल स्वभावतः बलियो भन्ने ठान्दछन् ॥१५॥

जन्मकुण्डलीमा तृतीय स्थानमा रहेको मंगललाई कुनै ज्योतिषहरू भाग्यदाता, कारक, मान्दछन् भने केही ज्योतिषहरू विकारक अभाग्यप्रद भन्दछन् ॥१६॥

फलित ज्योतिषको भनाइ अनुसार द्वितीयेश र सप्तमेश ग्रह मारक हुन्छ, तर त्यो मारकत्व निर्णय मंगल ग्रहलाई छोडेर मात्र मान्नुपर्छ भनी उमेर हेर्ने ज्योतिषहरू भन्दछन् ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेषलग्ने तु जातानामष्टमेशोऽपि भाग्यदः ।
कर्कटे जातबालानां मङ्गलो योगकारकः ॥१८॥

सप्तमाष्टमतुर्याणि वेश्मनः स्वाश्रितादसौ ।
पश्यन् प्रभावयेत् तानि दैवज्ञाः प्रतियन्ति तत् ॥१९॥

बाल्ये स्वस्य स्वपित्रोश्च निधनेऽन्यविपत्सु च ।
भ्रातृणां भगिनीनाञ्च सोदराणां विचारणे ॥२०॥

स्ववंश्यानाञ्च बन्धूनां शुभाशुभविवेचने ।
मङ्गलस्थितिमीक्षन्ते कुण्डल्यां फलवेदिनः ॥२१॥

भेद-शाठ्यानृतास्तेय-शस्त्रविषाग्निकर्मणाम् ।
धातुस्वर्णादिकार्याणां भौमवारः फलप्रदः ॥२२॥

मेष लग्नमा जन्मने मानिसहरूका निमित्त अष्टमेश भएपनि मंगल भाग्यदाता मानिन्छ । त्यस्तै कर्क लग्नमा जन्मने बालकहरूको मंगल अत्यन्त योगदाता, वा भाग्योदयकारक हुन्छ ॥१८॥

मंगलग्रह जुन राशि (स्थान) मा बसेको छ, त्यसबाट सातौं आठौं र चारौं स्थानलाई हेर्दछ र ती स्थानहरूलाई आफ्नो तर्फबाट प्रभावित पार्छ भनी ज्योतिषहरू बताउँछन् ॥१९॥

वाल्य अवस्थामा बालक आफै मर्छ वा मर्दैन ? बाल्यकालमा नै उसका आमावुबाको मृत्यु हुन्छ वा हुँदैन ? अरू आपत्तिहरू आइपर्छन् वा आइपर्दैनन् ? यी यस्ता कुराहरूमा फलित ज्योतिषका विद्वान्हरूले मंगलग्रहको स्थिति हेर्ने गर्छन् । सोदर भाइ बहिनीहरू कति हुन्छन् ? धनी निर्धनी, मूर्ख, विद्वान् कस्ता हुन्छन् ? आफना वंशका अरू बन्धुहरूको अवस्था कस्तो छ ? यी सब कुराहरू पनि मंगलग्रहकै अवस्थाबाट हेर्ने गरिन्छ ॥२०–२१॥

कतै फूट पार्ने काममा फट्याइँ गर्दा असत्यता, चोरी, हतियार, विष, आगो प्रयोग गर्नुपर्दा (कुनै शत्रुमाथि हतियार आदिको प्रयोग र चोरी, डकैती लूटपाट आदि काममा) धातु र सुवर्णको काममा मंगलवार फलदायी हुन्छ ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भौमावताररूपाऽऽसीत् कोपाधिक्यविभीषणा।
प्रह्लादरक्षिणी मूर्तिर्नारसिंहीति पण्डिताः ॥२३॥

शिवांशोऽङ्गारको भौमो रक्तवर्णोऽनलात्मकः।
यस्याग्निभूर्महासेनो नायकोऽस्तीति कोविदाः ॥२४॥

कालात्मनः सत्त्वरूपस्तत्पृष्ठोदरयोः स्थितः।
उग्रसंज्ञः शिशुर्भौमो मण्डलाधिप ईर्यते ॥२५॥

अग्रतो मङ्गलो यायात् पृष्ठतश्चेत् प्रभाकरः।
अवग्राहो भवेत् क्रूरो मेघो वर्षेद् विपर्यये ॥२६॥

दग्धयोगो भवेद् भौमे पञ्चमी तिथिरस्ति चेत्।
सप्तमी भौमसंयुक्ता विषाख्या कुलनाशिनी ॥२७॥

प्रह्लादलाई रक्षा गर्ने नृसिंह भगवान्‌को मूर्ति भौमग्रहको (मंगल ग्रहरूप देवको) अवतार हो, त्यो अवतार बढी क्रोध भएकाले डरलाग्दो थियो भनी पण्डितहरू भन्दछन् ॥२३॥

रातो वर्ण भएका, अग्निमय शरीर भएका अंगारक मंगल शिवांश हुन्। मंगलका स्वामी शिवपुत्र स्कदकुमार हुन्, जसलाई अग्निभू (अग्निबाट उत्पन्न) र महासेन भन्निछ । (मंगलका दाजु नै हुन् शिवपुत्र स्कन्दकुमार, किन भने स्कन्दकुमार र मंगलकुमार, यी दुवै शिवतेजबाट उत्पन्न हुन् ।) ॥२४॥

मंगल कालपुरुषको पिठ्यूँ र पेटमा रहेका छन् र कालपुरुषका बल हुन्। मंगलको संज्ञा 'उग्र' हो । मंलको अवस्था 'शिशु' हो, किनकि उनी अविवाहित कुमार हुन् । मंगलको पद बताउँदा उनलाई मण्डलाधिप (जिल्लाधीश वा सी. डी. ओ.) भनिन्छ ॥२५॥

यदि कुनै वर्षायाममा मंगल अगाडि र सूर्य पछाडि (लगत्तै अघिल्लो र पछिल्लो राशिमा) भएको अवस्था पर्‍यो भने कठोर खडेरी पर्नेछ । त्यसको उल्टो-सूर्य अगाडि र मंगल पछाडि भएमा राम्ररी मेघ बर्षन्छ ॥२६॥

मंगलबार पञ्चमी तिथि परेमा दग्धयोग हुन्छ । मंगलवार सप्तमी परेमा विषयोग हुन्छ । यी दुवै विध्वंसक हुन्, विषयोग त कुलविध्वंसक पनि हुन्छ ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भरणी वोत्तराषाढा भवेतां भौमवासरे ।
यमदंष्ट्राख्ययोगोऽयं विवाहादौ निषिध्यताम् ॥२८॥

भौमवारे न कर्तव्ये मुण्डन-मांसभोजने ।
ऋणादानं न कर्तव्यमृणच्छेदो विधीयताम् ॥२९॥

मेषराशौ भवेत् सूर्यो वृषराशौ तु मङ्गलः ।
राजानः कलहायन्ताम् जनेषु विसरेद् रुजा ॥३०॥

महर्घता भवेद् रौद्रे माहेयमिहिरस्थितौ ।
वासवस्थौ भौमसौरी भावयेतामवग्रहम् ॥३१॥

प्रसूता-जलसंस्पर्शे शीतलावेधने तथा ।
कन्याया वरणे भौमवासरो मन्यते शुभः ॥३२॥

मंगलबार भरणी वा उत्तराषाढा नक्षत्र परेमा यमदँष्ट्र (यमराजका दाह्रा) नामको योग हुन्छ । त्यस्तो दिनमा यात्रा, विवाह आदि कुनै पनि शुभकार्य गर्नुहुँदैन, गरियो भने विध्वंसात्मक फल प्राप्त हुनेछ ॥२८॥

मंगलवारका दिन मुण्डन गर्न हुँदैन, मासु खान हुँदैन । त्यस्तै साहूबाट ऋण लिन हुँदैन, तर साहूलाई ऋण तिर्न राम्रो हुन्छ ॥२९॥

मेषराशिमा सूर्य र वृष राशिमा मंगल भएमा राजाहरू (वा नेताहरू) आपसमा लगाई झगडा गर्लान्, जनतामा रोग फैलिएला ॥३०॥

आर्द्रा नक्षत्रमा मंगल र सूर्य मिलेर बसेमा महँगी ल्याउँछन् । धनिष्ठा नक्षत्रमा मङ्गल र शनि मिलेर बसेमा खडेरी पारिदिन्छन्, उब्जाउ घटाउँछन् ॥३१॥

(मुहूर्त बताउँदा) सुत्केरीले पानी छुँदा, खोप हाल्दा, कन्याले स्वयंवर गर्दा वा केटाले कन्या वरण गर्दा मङ्गलवार शुभ दिन मानिन्छ ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्भाधाने तथा बीजवपने पण्यप्रक्रमे ।
नवान्नप्राशने नव्यवेश्मनि प्राक्प्रवेशने ॥३३॥

पशून् स्थानान्तरं नेतुं धान्यानां छेदने तथा ।
गुरोर्दीक्षाधिग्रहणे वधूनवप्रवेशने ॥३४॥

देशान्तरेभ्य आगत्य प्रवेशे स्वीयवेश्मनि ।
अक्षरवेदशास्त्राणामारम्भे मङ्गलोऽशुभः ॥३५॥

दक्षिणाशास्थितो भौमः पृष्ठवर्ती स्ववासरे ।
उदीचीगामिनो हन्याद् आहन्यात् पीडयेत वा ॥३६॥

दक्षिणस्यां स्थितो भौमः पूर्वदिग्गमने शुभः ।
उदग्भिन्नासु काष्ठासु मध्यस्थः फलमाहरेत् ॥३७॥

महाबलो रणे शूरो दीर्घायुर्वक्रधीषणः ।
परिवारावने साधुर्भवेद् ना भौमवारजः ॥३८॥

गर्भाधान गर्दा, खेतवारीमा बीउछर्दा, दुकान शुरु गर्दा, न्वागी खाँदा, नयाँ घरमा प्रथम प्रवेश गर्दा, गाई गोरु भैंसी आदि पशुहरूको गोठ सार्दा, धान काट्दा, गुरुबाट दीक्षा ग्रहण गर्दा, विवाहपछि वधू प्रवेश (द्विरागमन) गराउँदा बाहिर (प्रवास) बाट फर्केर आई आफ्नो घरमा प्रवेश गर्दा, अक्षरारम्भ तथा वेद वेदाङ्ग दर्शन आदि पढ्न शुरु गर्दा, मंगलबार अशुभ मानिन्छ ॥३३–३५॥

मंगलको आफ्नो दिशा दक्षिण हो, तसर्थ त्यस वारमा उत्तरतर्फ जाँदा मंगल पछाडिपर्छ, यसैकारण आफ्नो दिन आफूलाई पछाडि पारी उत्तर जानेहरूलाई मार्ला, घाइते तुल्याउला वा अरू कुनै दुःख देला ॥३६॥

दक्षिण दिशामा रहने मंगल पूर्व जाँदा दाहिने पर्दछन्, तसर्थ शुभ फल दिन्छन् । उत्तरबाहेक अरू दिशाहरूमा मंगलवार यात्रा गर्दा तटस्थ रहेरै मंगलले फल दिन्छन् ॥३७॥

मंगलबार जन्मेको मान्छे साह्रै बलियो, लडाइँमा शूर, लामो आयु भएको, टेढो बुद्धि भएको, आफ्नो जहान परिवार पाल्नामा सिपालु हुन्छ ॥३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा प्रतापवानुग्रः सत्यस्फुटवचोऽन्वितः ।
सेनानीश्चाथवा मन्त्री सकोपो वक्रभाषितः ॥३९॥

द्वितीयेब्देऽथ द्वात्रिंशे पीडितः कुजवासरी ।
जीवेद् रुग्णोऽपि वर्षाणां चतुःसप्ततिमेव सः ॥४०॥

सोमो भौमश्च कुण्डल्यां सहैव वसतां यदि ।
रुधिरस्रुल्लोहिताक्षो रक्तवर्णो भवेज्जनः ॥४१॥

चन्द्राद् भौमे द्वितीये तु क्षेत्राजीवो भवेत् सुतः ।
तृतीये च चतुर्भ्रातृसम्पन्नः सुखभाग् भवेत् ॥४२॥

चतुर्थे स्त्रीवियुक्तः स्यान्निर्धनः सुखवर्जितः ।
पञ्चमे पुत्रहीनः स्यात् षष्ठे रोगारिसंयुतः ॥४३॥

त्यस्तै मंगलवार जन्मेको मानिस उग्र (डरलाग्दो) स्वभावको र प्रतापी हुन्छ । त्यसको स्वभाव साँचो र स्पष्ट बोल्ने पनि हुन्छ । मंगलवार जन्मने मान्छे सेनापति वा मन्त्री हुने सौभाग्य पनि पाउँछ । त्यसरी सरकारी पदमा रहन परेमा रिसाहा र टेढो बोली बोल्ने हुन्छ ॥३९॥

मंगलवार जन्मेको व्यक्ति दुई वर्षको हुँदा र बत्तीस वर्षको हुँदा रोगले पीडित हुन्छ, रोगी भएरै पनि त्यो चौहत्तर वर्ष बाँच्दछ ॥४०॥

जसको जन्मकुण्डलीमा चन्द्रमा र मंगल साथै बसेका छन्, त्यो व्यक्ति रक्तस्राव (रगत बग्ने) रोगले पीडित, राता आँखे तथा रातै अनुहारको हुन्छ । चन्द्रमाबाट दोस्रो स्थानमा मंगल भएमा, त्यसको छोरो पूर्णतः खेतीबाट जीविका गर्ने हुन्छ । चन्द्रबाट तेस्रो स्थानमा मंगल हुने व्यक्तिका आफूसमेत सोदर चारभाइ हुन्छन्, सुखी पनि हुन्छन् । जन्मकुण्डलीमा चन्द्रदेखि चौथो स्थानमा मंगल भएमा त्यसको स्त्रीसँग वियोग होला, गरीब र दुःखी पनि होला । जन्मकुण्डलीमा चन्द्रमाबाट पाँचौं स्थानमा मंगल भएमा अपुत्र हुन्छ । छैठौं स्थानमा मंगल भए सधैं रोगी र शत्रुलाग्ने भइरहन्छ ॥४१–४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तमे दुष्टभावा स्याद् भार्या वाऽप्रियवादिनी ।
अष्टमे जीवघाती स्यात् सत्यशीलादिवर्जितः ॥४४॥

नवमे धनवानेवं वार्धक्ये पुत्रवान् भवेत् ।
दशमे तु गजैरश्वैः संपन्नो लोकपूजितः ॥४५॥

यशस्वी रूपवानेकादशे राज्ञाऽऽदृतो भवेत् ।
द्वादशे तु भवेन्मातुर्दुःखदः पीडको नृणाम् ॥४६॥

दुर्बलः पिशुनः पापी कृष्णरूपोऽतिदुःखितः ।
नीचसेवी कुचैलः स्यान्नधीरो लग्नभौमवान् ॥४७॥

प्रोषित ऋणवान् द्यूती कृषिको धातुविक्रयी ।
पराक्रमी कृशाङ्गश्च क्षान्तो भौमे द्वितीयगे ॥४८॥

चन्द्रमाबाट सातौं स्थानमा मंगल भए नराम्रो स्वभाव भएकी र कर्कशा स्वास्नी पर्दछे । चन्द्रमाबाट आठौं स्थानमा मंगल हुने व्यक्ति प्राणीहरूको घातुक हुन्छ र त्यसमा सत्यता र असल स्वभावको अभाव हुन्छ । त्यस्तै चन्द्रमाबाट नवौं स्थानमा मंगल हुने व्यक्ति धनी हुन्छ र बुढेसकालमा छोरो पाउँछ । चन्द्रमाबाट दशम स्थानमा मंगल हुने व्यक्ति हात्ती घोडाले सम्पन्न र दुनियाँमा सम्मानित हुन्छ । चन्द्रमाबाट एघारौं स्थानमा मंगल हुने व्यक्तिले राजाबाट सम्मान पाउँछ भने बाह्रौं स्थानमा मंगल हुने मानिसले आमालाई दुःख दिन्छ, जनसाधारणलाई पीडा दिन्छ, सताउँछ ॥४४–४६॥

जुन मानिसको जन्मकुण्डलीमा लग्न स्थानमा मंगल छ भने त्यो मानिस दुब्लोपातलो, छुल्याहा, पापी, कालो, दुःखी, नीचजनको सेवा गर्न खोज्ने, भुल्ला लुगा लाउने र धैर्यहीन हुन्छ ॥४७॥

जन्मलग्नबाट दोस्रो स्थानमा मंगल हुने मानिस प्रायः घरदेखि टाढा प्रवासमा बस्दछ, ऋण लाग्छ, जुवा खेल्छ, खेती गर्छ, धातु बेचेर जीविका चलाउँछ, पराक्रमी, दुब्लो शरीर भएको र सहनशील हुन्छ ॥४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्रातृहा कृशवर्ष्मा स्याद् भौमे सहजवेश्मगे ।
तत्रोच्चराशिगश्चेत् स विदधाति विलासिनम् ॥४९॥

तत्र पापारिवेशमस्थो नीचो वा कुरुते जनम्- ।
कुसद्मवासिनं हीनं सुखेन च धनेन च ॥५०॥

तुर्यस्थिते कुजे बन्धु-दुःखेन दुःखितो नरः ।
कामुको गामुकस्तृष्णग् नीचसेवी भवेत् सदा ॥५१॥

सुतस्थानगते भौमे दुःखी स्यात् सुतवर्जितः ।
कुरूपं दुर्बलं पुत्रं दद्याच्चेदुच्चराशिगः ॥५२॥

षष्ठस्थे मङ्गले वीरो धर्मयुद्धे निहन्यते ।
उच्चस्थश्चेद् धनं पुत्रान् विदुषो विपुलं सुखम् ॥५३॥

जुन मान्छेको जन्मकुण्डलीमा जन्मलग्नबाट तेस्रो (सहज) स्थानमा मंगल बसेको छ त्यसले सोदर दाजुभाइ पिर्छ, बाँच्न दिँदैन । त्यो राशि मंगलको उच्चराशि भएमा त्यस मानिसलाई विलासप्रेमी बनाइदिन्छ । यदि त्यो राशि कुनै पापग्रहको घर वा मंगलका शत्रुग्रहको घर वा मंगलकै नीचराशि रहेछ भने मंगलले त्यस मानिसलाई खराब घर (ठाउँ वा क्षेत्र) मा बस्ने र सुखसम्पत्ति नभएको बनाइदिन्छ ॥४९–५०॥

जन्मलग्नबाट चौथो स्थानमा मंगल हुने मानिस आफ्ना बन्धुहरू (दाजुभाइ इष्टमित्र) को दुःख देखेर दुःखित भइरहन्छन्, त्यो मान्छे बढी विषयासक्त, घुमक्कड, लोभी र नीचहरूको सेवक हुन्छ ॥५१॥

जन्मलग्नबाट पाँचौं (सुत) स्थानमा मंगल हुने मान्छे छोरा नभएको दुःखी हुन्छ । यदि मंगल पाँचौं स्थानमा आफ्नै उच्च राशिमा बसेको रहेछ भने नराम्रो दुब्लो पातलो छोरो देला ॥५२॥

जन्मलग्नबाट षष्ठ स्थानमा मंगल हुने मानिस वीर हुन्छ र धर्मयुद्धमा वीरगति प्राप्त गर्छ । मंगल आफ्नो उच्च राशिमा बसेको भए धनवैभव, विद्वान् छोराहरू र ठूलो सुख दिन्छ ॥५३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ददाति, यदि नीचस्थः शत्रुदृष्टिगतोऽपि चेत् ।
विकलाङ्गं विरूपं च विदध्यात् पापकारिणम् ॥५४॥

नीचस्थः शत्रुराशिस्थः सप्तमे यदि मङ्गलः ।
सुन्दरीं युवतिं भार्यां हत्वा कुर्वीत दुःखितम् ॥५५॥

मकरे वा स्वराशौ वा स्थितस्तत्र परां स्त्रियम् ।
नोद्वाहयति चाद्या स्यात् पत्नी दुष्टा कुरूपिणी ॥५६॥

रन्ध्रे क्षीणबली नीचराशिस्थो वा भवेत् कुजः ।
तडागे वाऽथ नद्यां वा कुर्यान्मृत्युं न संशयः ॥५७॥

यस्य भाग्यस्थितो भौमो रोगी स पिङ्गलाकृतिः ।
शीलविद्यानुरागी स्याद् बहुसन्तानदुःखितः ॥५८॥

यदि मंगल नीचराशिमा बसेको वा आफ्ना शत्रुग्रहद्वारा देखिएको भएमा कुण्डलीवालालाई विकलाङ्ग, विरूप र पापी बनाइदिन्छ ॥५४॥

सातौं स्थान पत्नीको घर हो । जन्मलग्नबाट सातौं स्थानको मंगल आफ्नो नीचराशिमा छ वा शत्रुगृहमा छ भने त्यसले सुन्दरी र युवती पत्नीलाई मारिदिन्छ र दुःखित बनाउँछ । यदि त्यो सातौं स्थान मकर राशि वा मंगलको आफ्नो गृह (राशि) छ भने त्यहाँ बसेको मंगलले पहिली पत्नी मार्दैन, तर त्यो साह्रै खराव नराम्री कर्कशा हुन्छे तापनि (विवाह गर्न खोजे तापनि) अर्की विवाह गर्न (सौता हाल्न) दिँदैन ॥५५–५६॥

जन्मलग्नबाट आठौं (रन्ध्र, मृत्यु) स्थानमा बसेको मंगल क्षीणबली वा नीचराशिमा रहेको भएमा, त्यस्तो कुण्डली हुनेलाई तलाउ, नदी, आदि जलप्रवाहमा (हाम्फालेर वा झुण्डिएर) मर्नुपर्ने अवस्था ल्याउँछ ॥५७॥

जन्मलग्नबाट नवौं (भाग्य) स्थानमा मंगल छ भने मानिस रोगी पहेंलोवर्ण भएको, शान्त स्वभाव र शास्त्रमा अनुराग गर्ने हुन्छ, तर सन्तान धेरै हुँदा पाल्नाको कठिनाइले दुःखी हुन्छ ॥५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मराशिगते भौमे संयमी स्यादसञ्चितिः ।
आकर्षको भवेत् स्त्रीणां वंशे दीपायितश्च सः ॥५९॥

प्रकृत्या सुन्दरः शान्तो देवब्राह्मणपूजकः ।
कैदार्येण च वाटीभिर्जीविकाभिरतो भवेत् ॥६०॥

एकादशगते भौमे बहुस्त्रीपरिवारितः ।
नृपायितो धनी सौम्यो देशभक्त उदारहृत् ॥६१॥

यदि तत्रोच्चगो भौम आढ्यो भौतिकवैभवैः ।
तेजस्वी पुण्यकार्यार्थे नितरामुत्सुको भवेत् ॥६२॥

चञ्चले लोचने तस्य यस्य भौमो व्ययस्थितः ।
बुद्ध्या चञ्चलया युक्तो हास्यशीलो भवेत् सदा ॥६३॥

सरलजीविकाहेतौ जिहीर्षुः परवैभवम् ।
विजिहीर्षुः परस्त्रीषु प्रयासी कर्मपूर्तये ॥६४॥

जन्मलग्नबाट दशौं (कर्म) स्थानमा मंगल हुने मानिस संयमी हुन्छ, ऊ धन पैसा सञ्चय गर्न चाहन्न, नारीहरूको आकर्षक (राम्रो) हुन्छ, आफ्नो कुलमा बत्ती जस्तो हुन्छ, स्वभावैले सुन्दर, शान्त, देवता र ब्राह्मणको पूजक, फाँट र बारीमा खेतीगरी जीविका चलाउने हुन्छ ॥५९–६०॥

जन्मलग्नबाट एघारौं स्थानमा मंगल हुने मानिसका धेरै पत्नीहरू हुन्छन्, त्यो राजासरहको धनी, सुन्दर, देशभक्त र उदारहृदयी हुन्छ । मंगल उच्च राशिमा बसेको भए भौतिक सम्पत्तिले परिपूर्ण धनी हुन्छ, तेजस्वी हुन्छ, धार्मिक कार्यका निमित्त अत्यन्त उत्कण्ठित हुन्छ ॥६१–६२॥

जसको जन्मकुण्डीमा जन्मलग्नबाट बाह्रौं (व्यय) स्थानमा मंगल बसेको छ, त्यसका आँखा चञ्चल हुन्छन्, बुद्धि चञ्चल हुन्छ, हँसिलो स्वभावको हुन्छ, त्यो मानिस सजिलोसँग जीविका गर्ने उद्देश्यले अर्काको धन चोर्ने र डकैती पनि गर्ने गर्दछ, अर्काका पत्नीहरूमा रमण गर्न चाहने, व्यभिचारी हुन्छ तथा काम पूरा गर्न मिहिनेत पनि गर्दछ ॥६३–६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राहुर्ज्यौतिषिका भौमप्रापणीयं फलान्तरम् ।
स्वानुभूत्यनुसारेण दिङ्मात्रमिह दर्श्यते ॥६५॥

जनयेल्लग्नगो भौमोऽरिभयोपद्रवौ ध्रुवम् ।
द्रव्यहानिं कलिं रोगं राजपीडां द्वितीयगः ॥६६॥

नरो वैभवसंमान-स्वर्णरत्नाऽन्नसंपदम् ।
लभेतानुपमामृद्धिं तृतीयस्थे कुजे सदा ॥६७॥

वैर-ज्वरोदरव्याधि-रक्तविकारसंभवाः ।
विभीषिका उदेष्यन्ति तुर्यस्थानगते कुजे ॥६८॥

सुतस्थानगते भौमे कान्तिनाशो भवेद् ध्रुवम् ।
शत्रुव्याधिकृता पीडा स्तेयेन द्रव्यनाशनम् ॥६९॥

मंगलले प्राप्त गराउने अरू पनि अनेक फल, उपचर्चित फलभन्दा बढी र अर्कै अर्कै पनि, आ-आफ्ना अनुभवको आधारमा ज्योतिषशास्त्र जान्ने विद्वान्हरू बताउँछन् । यहाँ केवल दिग्दर्शन प्रस्तुत गरिन्छ ॥६५॥

जन्म लग्नमा मंगल छ भने शत्रुबाट डर र उपद्रव पैदा गर्छ । जन्मलग्नदेखि द्वितीय स्थानमा बसेको मंगलले धनहानि गर्छ, बन्धुबान्धवसँग झै झगडा गराउँछ, शरीरमा रोग पैदा गर्छ, सरकारको तर्फबाट दण्ड सजाय भोग्नुपर्ने अवस्था उत्पन्न गर्छ ॥६६॥

जन्म लग्नदेखि तेस्रो स्थानमा मंगल छ भने मानिसले वैभव सम्मान, सुन, रत्न, अन्न आदिको सम्पन्ता प्राप्त गर्दछ, अनुपम ऐश्वर्य, सदासर्वदा प्राप्त गर्दछ, त्यसले सम्पतिको अभावले दुःख पाउनु कहिल्यै पर्दैन ॥६७॥

जन्म लग्नदेखि चौथो स्थानमा मंगल छ भने विभीषिका, डर, धम्की, त्रास, आतङ्क आइपर्दछन् । यी विभीषिकाहरू शत्रुको तर्फबाट, ज्वरबाट, पेटको रोगबाट र रक्तविकारबाट आइरहन्छन् ॥६८॥

लग्नदेखि पाँचौं स्थानमा मंगल बसेको छ भने कान्ति नाश हुन्छ, शरीरको छवि रहन्न, इज्जत रहन्न, प्रतिष्ठा रहन्न, समाजमा जिउँदै मरेजस्तो भएर बस्नुपर्छ । त्यतिमात्र होइन शत्रु र रोगले थिचिरहन्छन्, चोरीबाट सम्पति नाश हुन्छ ॥६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आरोग्यहर्षसंमानातुलवैभवलाभवान् ।
शत्रुभीतिविवादादिरहितो रिपुभे कुजे ॥७०॥

नेत्रोदरादिरोगाः स्युर्युद्धं स्याद् भार्यया सह ।
धनस्य सुहृदां चापि विप्लवः स्यात् स्मरे कुजे ॥७१॥

दैन्योपद्रवयोराप्तिर्धनमानविनाशनम् ।
रक्तविवर्णदेहोऽपि भवेद् रन्ध्रगते कुजे ॥७२॥

गात्रेऽतिपीडादौर्बल्ये द्रव्यनाशपराजयौ ।
व्रणाः शस्त्रास्त्रजाताः स्युर्नवमस्थे महीसुते ॥७३॥

शत्रु-स्तेनादितः पूर्वं शस्त्रास्त्रादिव्रणादपि ।
कष्टं स्यादुत्तरे काले सौख्यं कर्मगते कुजे ॥७४॥

जन्मलग्नदेखि छैठौं स्थानमा मंगल बसेको छ भने सधैं सुखी खुशी, निरोगी रहने अवसर आउँछ, ठूलो सम्मान प्राप्त हुन्छ । अतुलनीय (साह्रै ठूलो) सम्पत्ति प्राप्त हुन्छ । कहिल्यै शत्रुहरूको डर हुँदैन, कहिल्यै कसैसँग झगडा पर्दैन ॥७०॥

जन्मलग्नदेखि सातौं स्थानमा मंगल बसेमा, आँखाको रोग, पेटको रोग, आफ्नी श्रीमतीसँग ठूलो भै झगडा (मारपीट) तथा धन र मित्रहरूको विनाश (अभाव) हुन्छ ॥७१॥

जन्मलग्नदेखि आठौं स्थानमा मंगल भएमा दीनता आउँछ, विचरा भइन्छ । उपद्रव आइलाग्छ । धन र मान नष्ट हुन्छ । कहिलेकाहीं रोगले वा हतियारले वा रुख, भीर आदिबाट लडेर शरीरबाट रगतका धारा बगेर विकृत शरीर हुने अवस्था आइपर्नेछ ॥७२॥

जन्मलग्नदेखि नवमस्थानमा मंगल भएमा शरीरमा ठूलो पीडा र कमजोरी हुन्छ । धन नाश हुन्छ, शत्रुबाट पराजय भोग्नुपर्छ । शस्त्र र अस्त्रबाट शरीरमा घाउचोट हुने अवस्था आइपर्छ ॥७३॥

जन्मलग्नदेखि दशमस्थानमा मंगल भएमा संबद्ध व्यक्तिमाथि शत्रु, चोर र हातहतियारको घाउचोट जीवनको अघिल्लो उमेरमा आइपर्ला तर पछिल्लो उमेरमा उसलाई आनन्द सुख हुन्छ, कष्ट हुँदैन ॥७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानं पुत्रं भुवं स्वर्णं ताम्रं देहच्छविं तथा ।
ऐश्वर्यञ्च यथाकामं दद्याल्लाभगतः कुजः ॥७५॥

पित्तनेत्रादिरोगञ्च क्रोधञ्च स्वीययोषिति ।
अपव्ययोपद्रवौ च जनयेद् व्ययगः कुजः ॥७६॥

मेषगे मङ्गले भूपात् प्रतिष्ठां धनमाप्नुवन् ।
तेजस्वी वावदूकः स्यात् सुन्दरो लोकवल्लभः ॥७७॥

शत्रूणामथ रोगाणामुदयोऽल्पधनार्जनम् ।
पुत्राधिक्यमन्यगेहनिवासो वृषगे कुजे ॥७८॥

भौमो मिथुनगो यस्य स कलाकुशलो भवेत् ।
पुत्रेभ्यः सुखमाप्नोति प्रायः प्रवासमिच्छुकः ॥७९॥

कर्कराशिस्थिते भौमे भार्या कलहकारिणी ।
दीनता मतिशक्तिभ्यां हीनता शत्रुतापना ॥८०॥

जन्मलग्नदेखि एघारौं स्थानमा बसेको मंगलले सम्मान, छोरा, भूमि, सुन, ताँमा, शरीरको कान्ति, चाहेजति धनसम्पत्ति दिन्छ ॥७५॥

जन्म लग्न देखि बाह्रौं स्थानमा बसेको मंगलले पित्तरोग, नेत्ररोग, अरू रोग, आफ्नी पत्नी प्रति रिस, अपव्यय (विकाममा खर्च) र उपद्रव पैदा गर्छ ॥७६॥

जन्मकुण्डलीमा मंगल मेष राशिमा बसेको भएमा राजाबाट पद प्रतिष्ठा र धन प्राप्त गर्दछ, तेजस्वी, बोलक्कड, राम्रो र लोकप्रिय हुन्छ ॥७७॥

जन्मकुण्डलीमा वृषराशिको मंगल भएमा शत्रु लाग्छन्, रोग लागिरहन्छ, धनको कमाइ थोरै हुन्छ, छोरा धेरै हुन्छन्, अर्काका घरमा बस्नुपर्ने हुन्छ ॥७८॥

जसको जन्मकुण्डलीमा मिथुन राशिको मंगल छ, त्यो मानिस कलाकुशल हुन्छ । छोराहरूबाट सुख पाउँछ, धेरैजसो प्रवासमै बस्न खोज्दछ ॥७९॥

जन्मकुण्डलीमा कर्कराशिमा मंगल बस्यो भने स्वास्नी झगडालु कर्कशा हुन्छे । दीन हुन्छ, बुद्धि र शक्ति रहन्नन् । शत्रुहरूबाट सन्ताप आइपर्छ ॥८०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिंहराशिगते भौमे सुखितस्त्रीसुतादिभिः ।
निश्शत्रुकस्तथोद्योग-नीतिधर्मैः सुविश्रुतः ॥८१॥

याजकः पूजकः ख्यातो धरणी-रमणी-प्रियः ।
कुटुम्बाधिक्यसंपन्नः कन्याराशिगते कुजे ॥८२॥

भूमिस्त्रीरहितोऽपाङ्गो गुरुस्नेहविवर्जितः ।
तुलाराशिगते भौमेऽधिकद्रव्यव्ययी भवेत् ॥८३॥

वृश्चिकस्थः कुजो यस्य विषाग्निशस्त्रभीतिमान् ।
शत्रुञ्जयो नृपस्नेही सुखितः स्त्रीसुतादितः ॥८४॥

रथवाजिगजैर्युक्तो मङ्गले धनुषि स्थिते ।
शत्रुभिः पीडितस्तावत् पतिव्रतापतिर्भवेत् ॥८५॥

मृगराशिगते भौमे भवेद् विक्रमवान् रणे ।
भीतोऽपि प्रतिकूलेभ्यो लक्ष्मीवान् युवतिप्रियः ॥८६॥

जन्मकुण्डलीमा सिंह राशिमा मंगल हुने मानिसले पत्नी, छोरा छोरीबाट सुख पाउँछन्, शत्रु लाग्दैनन्, उद्योगधन्दा, नीति र धार्मिक प्रवृतिद्वारा प्रसिद्ध हुन्छ ॥८१॥

जन्मकुण्डीलमा कन्याराशिमा मंगल हुने मानिस यज्ञ गर्नमा र पूजामा तत्पर, प्रसिद्ध, असल भूमि र राम्री पत्नीको प्रिय, भरिभराउ परिवार संख्या भएको हुन्छ ॥८२॥

जन्मकुण्डलीमा तुलाराशिको मंगल भएमा मानिस भूमि र पत्नी पाउँदैन, अपाङ्ग हुन्छ, गुरुजन, (मान्यजन) को स्नेह पाउँदैन, बढ्ता खर्च गर्ने स्वभावको हुन्छ ॥८३॥

वृश्चिक राशिको मंगल हुने मानिस विष, आगो र शस्त्रबाट डराउनुपर्ने अवस्थामा पुग्छ, शत्रुहरूमाथि विजय प्राप्त गर्दछ, राजामाथि स्नेह राख्दछ, पत्नी छोरा आदिबाट सुख पाउँछ ॥८४॥

धनु राशिको मंगल हुने व्यक्ति रथ, घोडा र हात्तीको स्वामी बन्दछ, शत्रुहरूबाट पीडा पाउँछ, असल पतिव्रता पत्नी पाउँदछ ॥८५॥

मकर राशिमा मंगल हुने मानिस लडाइँमा पराक्रमी हुन्छ । प्रतिकूल मानिसहरूबाट डराउँदा डराउँदै पनि प्रशस्त धनसम्पत्ति भएको र तरुनी पत्नीको प्रिय हुन्छ ॥८६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुम्भराशिस्थिते भौमे मानवोऽविनयो भवेत् ।
रोगी कुटुम्बविद्वेषी बहुपुत्रोऽतिदुःखितः ॥८७॥

यस्य मीनगतो भौमः स भवेन्निर्दयोऽवमः ।
प्रोषितो विकलो दुष्टो दुर्मेधा भ्रष्टधीहतः ॥८८॥

नीचराशिगते भौमे स्तेनो दुष्टो निशाचरः ।
लक्ष्मीवान् स्थिरसंपत्तिर्गुणज्ञो बुद्धिमान्नरः ॥८९॥

उच्चस्थो मंगलः कुर्यादुग्रं शूरं दृढं नरम् ।
वावदूकं तथा भूपवल्लभं रणशिल्पिनम् ॥९०॥

मित्रराशिगते भौमे शस्त्राजीवो भवेन्नरः ।
शत्रुराशिगते तस्मिन् स्त्रीवश्यो निर्धनो भवेत् ॥९१॥

सूर्यमङ्गलसंयोगः कुण्डल्यां जायते यदि ।
तेजस्वी बलवान् मूर्खो घातुकोऽसत्यवाग् नरः ॥९२॥

जन्मकुण्डलीमा कुम्भ राशिको मंगल हुने मानिस अविनीत (ठाडो स्वभावको) हुन्छ, रोगी हुन्छ, परिवारसँग झैं झगडा गर्ने हुन्छ, धेरै छोरा हुन्छन्, साह्रै दुःखी हुन्छ ॥८७॥

मीन राशिको मंगल हुने मानिस निर्दयी र अधम हुन्छ । त्यो प्राय प्रवासमा रहन्छ, दुर्बल हुन्छ, दुष्ट हुन्छ, भ्रष्ट बुद्धि हुनेहरूद्वारा बिगारिएको हुँदा दुर्बुद्धि हुन्छ ॥८८॥

कसैको जन्मकुण्डलीमा मंगल आफ्नो नीच राशिमा बसेको छ भने त्यो मानिस चोर, दुष्ट र रातमा घुमफिर गर्ने हुन्छ तर त्यो मानिस धनी, स्थिरसंपत्ति, गुण जान्ने र बुद्धिमान् हुन्छ ॥८९॥

जसको जन्मकुण्डलीमा मंगल आफ्नो उच्च राशिमा छ, त्यो मानिस उग्र स्वभावको शूर र हठी हुन्छ । त्यो बोलक्कड, राजाको प्रिय र लडाइँमा कुशल हुन्छ ॥९०॥

मंगल आफ्ना मित्रको घरमा बसेको भएमा मानिस हतियार चलाएर जीविका गर्ने हुन्छ । मंगल आफ्नो शत्रुको घरमा बसेको भएमा स्वास्नीको वशीभूत (जोइटिङ्ग्रे) र कङ्गाल हुन्छ ॥९१॥

जुन मानिसको जन्मकुण्डलीमा सूर्यसँग मंगल बसेको छ, त्यो मानिस तेजस्वी, बलवान्, मूर्ख, हत्यारा र झुटो बोल्ने स्वभावको हुन्छ ॥९२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्द्रमङ्गलसंयोगे शिल्पी मृच्चर्मधातुषु ।
धनवानाहवे शूरो रक्तरोगप्रपीडितः ॥९३॥

बुधमङ्गलसंयोगे धातुवाणिज्यमिच्छुकः ।
विवहेद् विधवां क्रूरां विरूपामतिनिर्धनः ॥९४॥

वेदोपनिषदां वेत्ता शिल्पशास्त्रविशारदः ।
मेधावी लोकमान्यः स्याद् गुरुमङ्गलसंगमे ॥९५॥

द्यूतानृतप्रियो धूर्तो ज्यौतिषो गुणवान् भवेत् ।
शुक्रमङ्गलसंयोगे पारदारिक आदृतः ॥९६॥

मन्दमङ्गलयोर्योगे परधर्मा कलिप्रियः ।
वाग्मी विषविदामग्र्यस्तथा स्यादैन्द्रजालिकः ॥९७॥

संयुक्तः सूर्यसौम्याभ्यां कुजस्त्रीपुत्रवैभवम् ।
गतत्रपत्व-नैष्ठुर्य-साहसानि दिशेत् सदा ॥९८॥

जन्मकुण्डलीमा चन्द्रमासँग एकै ठाउँमा मंगल बसेको छ भने मानिस माटाका भाँडा वनाउन, जूता सिलाउन र धातुसम्बन्धी काममा सिपालु हुन्छ । धनी, लडाइँमा शूर र रगतसम्बन्धी रोगले पीडित हुन्छ ॥९३॥

जन्मकुण्डलीमा मंगल बुधसँग मिलेर एउटै राशिमा बसेको रहेछ भने त्यस्तो कुण्डली हुने मानिस धातुको व्यापार गर्न खोज्दछ, नाफा हुन्न, साह्रै गरीव हुन्छ, कसैले छोरी दिँदैन, फलस्वरूप साह्रै नराम्री, कर्कशा, रुखो स्वभावकी विधवा ल्याउनुपर्ने हुन्छ ॥९४॥

जसको कुण्डलीमा बृहस्पतिसँग मंगल बसेको छ, त्यो मानिस वेद, उपनिषद् आदि शास्त्रहरूका साथै शिल्पशास्त्र (प्राविधिक विषय) को राम्रो ज्ञाता हुन्छ, बुद्धिमान् र लोकमान्य हुन्छ ॥९५॥

जन्मकुण्डलीमा शुक्र र मंगल एउटै राशिमा हुने मान्छे फटाहा, ज्योतिष-शास्त्र जान्ने र गुणी हुन्छ, परपत्नीगामी हुन्छ तापनि कसैद्वारा अपमान पाउँदैन ॥९६॥

शनि र मंगल एउटै राशिमा हुने मान्छे विधर्म स्वीकार्छ, कलह गर्न रुचाउँछ । वोलक्कड हुन्छ, विष विद्याको ज्ञाता र इन्द्रजाल जान्ने हुन्छ ॥९७॥

सूर्य, बुध यी दुईका साथ एउटै राशिमा मंगल हुने मानिसले पत्नी छोरा ऐश्वर्य पाउँछ, साथै लाज नभएको, निष्ठुर र साहसी हुन्छ ॥९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संगतः सूर्यजीवाभ्यां मंगलो राजमन्त्रिणम् ।
सत्यशोभनवाग्युक्तं विदध्यात् कुशलं नरम् ॥९९॥

सूर्यभार्गवयोर्युक्ते भौमे स्याद् भाग्यवान्नरः ।
दृग्रोगी वत्सलो दक्षः कुशीलः कामुकोऽपि च ॥१००॥

शनिसूर्ययुतो भौमो रुग्णं मूर्खं कलिप्रियम् ।
एकलं विकलं कुर्याद् नरं गोधनवर्जितम् ॥१०१॥

अप्राप्तजीविकः पापी नरो बन्धुविवर्जितः।
नीचाचारश्च जायेत भौमे चन्द्रबुधान्विते ॥१०२॥

संयुक्तश्चन्द्रजीवाभ्यां कुजः कुर्वीत कामुकम् ।
परिवृतं नरं स्त्रीभिः सुन्दरं जातिधर्मिणम् ॥१०३॥

मिलितश्चन्द्रशुक्राभ्यां मंगलो भ्रमणार्थिनम् ।
दुर्वृत्तायाः पतिं कुर्यान्नरं शैत्येन पीडितम् ॥१०४॥

सूर्य र बृहस्पतिसँग मिली एउटै राशिमा बसेको मंगलले मानिसलाई राजाको मन्त्री बनाउँछ, साँचो र मीठोबोली बोल्ने कुशल बनाउँछ ॥९९॥

सूर्य र शुक्रसँग एउटै राशिमा मंगल बसेको छ भने मानिस भाग्यशाली हुन्छ । आँखाको रोगी, केटाकेटीप्रति प्रेमी, सिपालु तथा खराब स्वभाव भएको र कामुक हुन्छ ॥१००॥

शनि र सूर्यसँग मिली एउटै राशिमा बसेको मंगलले मानिसलाई रोगी, मूर्ख, झगडालु, एक्लो र अपाङ्ग बनाउँछ । त्यस मानिसलाई गाई भैंसी पालेर फलिफाप हुँदैन ॥१०१॥

चन्द्रमा र बुधसँग मिली एउटै राशिमा बसेको मंगलले मानिसलाई सोदर दाजुभाइ नभएको, पापी, नीच व्यवहार भएको बनाइदिन्छ ॥१०२॥

चन्द्रमा र बृहस्पतिसँग मिलेर एउटै राशिमा बसेको मंगलले मानिसलाई कामुक बनाउँछ, धेरै स्वास्नी राख्ने तुल्याउँछ, सुन्दर तथा जातीय धर्ममा निष्ठावान् बनाउँछ ॥१०३॥

चन्द्र र शुक्रसँग मिली एउटै राशिमा बसेको मंगलले मानिसलाई घुमक्कड, चरित्रहीन नारीको पति र शीतरोगले पीडित बनाउँछ ॥१०४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निहन्याद् मातरं बाल्ये शनिचन्द्रयुतः कुजः ।
विकृतप्रकृतिं कुर्यान्नरमौदार्यवर्जितम् ॥१०५॥

बुधजीवयुते भौमे नरः स्यात् तरुणीप्रियः ।
कविः परोपकारी च धीमान् संगीतशास्त्रवित् ॥१०६॥

चञ्चलो विकलाङ्गश्च सोत्साहो मुखरस्तथा ।
अकुलीनश्च संतुष्टो बुधशुक्रयुते कुजे ॥१०७॥

बुधमन्दयुते भौमे नरो दृङ्मुखरोगवान् ।
परप्रेष्यः प्रवासी च हास्यप्रणयवान् भवेत् ॥१०८॥

दिव्यस्त्रीसेवितः सर्वानन्ददो भूपतिप्रियः ।
सुखी ना जायते भौमे जीवभार्गवसंयुते ॥१०९॥

चन्द्र र शनिसँग मिली एउटै राशिमा बसेको मंगलले बाल्यावस्थामा आमालाई मारिदिन्छ । त्यसले नराम्रो बानी भएको र उदारताहीन बनाइदिन्छ ॥१०५॥

जन्मकुण्डलीमा मंगल बुध र बृहस्पतिसँग मिली एउटै राशिमा बसेको भएमा मानिस तरुनीहरूको प्यारो हुन्छ, कवि र परोपकारी हुन्छ, बुद्धिमान् र संगीतशास्त्रको ज्ञाता हुन्छ ॥१०६॥

बुध र शुक्रसँग मिलेर एउटै राशिमा मंगल बसेको भएमा मानिस चञ्चल, अपाङ्ग, उत्साही, कचकचे (व्यर्थमा फतफत गर्ने बानी भएको) अकुलीन र संतोषी (यदाकदा) बन्दछ ॥१०७॥

बुध र शनिसँग मिली एउटै राशिमा मंगल बसेमा मानिस आँखा र मुखको रोगी हुन्छ, अर्कोले अह्राए खटाएको काममा हिंड्न खोजिरहन्छ, प्रवासी हुन्छ, हँसी मजाक गर्नामा रुचि लिन्छ ॥१०८॥

बृहस्पति र शुक्रसँग मिली एउटै राशिमा मंगल बसेमा मानिसले साह्रै असल पत्नीको सेवा पाउँछ, सबैलाई आनन्द दिन्छ, राजा वा सरकारको प्यारो हुन्छ, सुख पाइरहन्छ ॥१०९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवमन्दयुते भौमे कुष्ठी स्यान्निर्धनोऽधमः ।
राजपूज्यो नरः किन्तु सुहृद्भिर्विजुगुप्सितः ॥११०॥

भृगुमन्दयुतो भौमो विदध्यात् प्रोषितं जनम् ।
दुःशीलायाश्च भर्तारं दुःखिनं धनवर्जितम् ॥१११॥

मङ्गलो मानवं कुर्याज्जीवेन्दुसौम्यसंयुतः ।
नायकं योगशास्त्रज्ञं लोकमान्यं मनीषिणम् ॥११२॥

मङ्गलो बुधशुक्रेन्दुमिलितश्चेन्नरो भवेत् ।
वन्ध्याधवो द्विषन् बन्धून् नीचः स्वप्नक् कलिप्रियः ॥११३॥

बुधेन्दुमन्दसंयुक्ते भौमे स्यात् शूरवंशजः ।
सुहृत्पुत्रकलत्राढ्योऽनाथोऽन्यपालितो नरः ॥११४॥

शुक्रेन्दुगुरुभिर्भौमो मिलितो विकलाङ्गकम् ।
धन-मान-सुत-प्रज्ञा-पूर्णं कुर्यान्नरं दृढम् ॥११५॥

बृहस्पति र शनिसँग मिली एउटै राशिमा बसेको मंगलले मान्छेलाई कुष्ठरोगी, कंगाल, अधम र राजाद्वारा, सम्मानित बनाउँछ, तर मित्रहरूद्वारा साह्रै निन्दित हुन्छ ॥११०॥

शुक्र र शनिसँग मिली एउटै राशिमा बसेको मंगलले मानिसलाई प्रायः प्रवासी बनाउँछ, चरित्रहीन स्वास्नी दिन्छ, दुःखी र कंगाल बनाउँछ ॥१११॥

बृहस्पति, चन्द्रमा र बुधसँग मिली एकै राशिमा बसेको मंगलले मानवलाई नेता, योगशास्त्री, लोकमान्य र बुद्धिमान् बनाउँछ ॥११२॥

बुध, शुक्र र चन्द्रमासँग मिली एउटै राशिमा मंगल बसेमा मान्छे बाँझीको लोग्ने तथा बन्धुहरूसँग द्वेष गर्ने हुन्छ, त्यस्तै त्यो व्यक्ति नीच, सुतिरहन खोज्ने र झगडालु हुन्छ ॥११३॥

जुन मान्छेको जन्मकुण्डलीमा मंगल, बुध चन्द्र र शनिसँग एउटै राशिमा बसेको हुन्छ, त्यो मान्छे शूरको वंशमा जन्मेको, मित्र, छोरा र पत्नीले भरिभराउ भएको, टुहुरो हुनाको कारणले आफ्ना बाबुआमा नहुँदा अरूबाट पालिएको हुन्छ ॥११४॥

शुक्र, चन्द्रमा र बृहस्पतिसँग मिली एउटै राशिमा बसेको मंगलले मानिसलाई साहसी बनाउँछ, धन, मान, छोरा र बुद्धि पूर्णरूपमा दिन्छ ॥११५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मंगलो जीवमन्देन्दुमिलितो बधिरं बुधम् ।
उन्मत्तं धनिनं शूरं विदध्यात् स्थिरभाषितम् ॥११६॥

शनिशुक्रशशाङ्कैश्च मिलितो मङ्गलो नरम् ।
कुर्वीतोरगतुल्याक्षं प्रगल्भं कुलटाधवम् ॥११७॥

षष्ठस्थानस्थिते शुक्रे लग्नस्थानस्थिते कुजे ।
नासाच्छेदकरं योगं वदन्ति गणका बुधाः ॥११८॥

शनिगेहगते भौमे बुधे गुरुगृहं गते ।
हायने पञ्चविंशे स्यान्मरणं व्याघ्रतो वने ॥११९॥

धन-सहज-तुर्यस्थः षष्ठकर्मस्थितः कुजः ।
येनान्यग्रहसंपर्काद् राजयोगीक्रियेत ना ॥१२०॥

उत्कर्षस्यापकर्षस्य सोदराणां विनिर्णये ।
मेढीभूतमिति प्राज्ञा निर्णयन्ति कुजं ग्रहम् ॥१२१॥

वृहस्पति, शनि र चन्द्रमासँग मिलेर एउटै राशिमा वसेको मंगलले मानिसलाई वहिरो, विद्वान्, पागल, धनी, शूर र दृढप्रतिज्ञ बनाउँछ ॥११६॥

शनि शुक्र र चन्द्रमासँग मिली एउटै राशिमा बसेको मंगलले मान्छेलाई सर्पका जस्तै आँखा भएको, ढिटो र रण्डीको पोइ बनाउँछ ॥११७॥

शुक्र छैठौं स्थानमा छ र मंगल लग्नमा छ भने विद्वान् ज्योतिषहरू नासाच्छेदकर (नाक काटिने) योग हुन्छ भनी बताउँछन् ॥११८॥

मंगल शनिको घरमा बसेको र बुध बृहस्पतिको घरमा बसेको जन्मकुण्डली हुने मानिस पच्चीसवर्षे उमेरमा बनमा बाघले मारिन्छ ॥११९॥

जन्मकुण्डलीमा २, ३, ४, ६ र १० स्थानमा मंगल बसेको भए अन्य ग्रहहरूको मिल्दो सम्पर्कले मानिसलाई राजयोग दिन्छ ॥१२०॥

आफ्ना सोदर दाजुभाइ, दिदीबहिनीहरूको उन्नति र अवनति, निर्णयगर्दा विद्वान्हरूले मंगललाई नै मिही (केन्द्र) को रूपमा, निर्णायक भनी ठहऱ्र गर्दछन् ॥१२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मचक्रे कुजस्थानात् तृतीयस्थानगा ग्रहाः ।
शुभा वा न शुभास्तस्माद् निर्णेया सोदरस्थितिः ॥१२२॥

कुजो वसेच्चेत्कुण्डल्यां विनिमाय गुरोर्गृहम् ।
द्वादशेऽब्दे भवेन्मृत्युर्बालकस्येति निर्णयः ॥१२३॥

शुक्रेणारिगृहस्थेन गुरुणा व्ययगेन च ।
अन्वितो लग्नगो भौमो हन्याद् मासेन बालकम् ॥१२४॥

बुधेन सहितो भौमो लग्ने षष्ठेऽथवा भवेत् ।
चौर्याजीवो भवेद् बालो हस्तपादञ्च नश्यतु ॥१२५॥

मंगलो निवसेद् यस्य कुण्डल्यां चन्द्रवेश्मनि ।
आर्त्तः स्याद् रक्तपित्तेन विविधव्याधिपीडितः ॥१२६॥

उच्चस्थः शत्रुगेहस्थो मंगलो दशमे स्थितः ।
मारयेद् बालकं शीघ्रं जननीसहितं ध्रुवम् ॥१२७॥

जन्मकुण्डलीमा मंगल बसेको ठाउँवाट तेस्रो घरमा बसेका ग्रह, शुभ वा अशुभ के कस्ता छन् ? त्यो हेरेर सोदर दाजुभाइ दिदीबहिनीको अवस्था निर्णय गर्नुपर्छ ॥१२२॥

जन्मकुण्डलीमा मंगल बृहस्पतिसँग घर साटेर (आफ्नो घर वृहस्पति लाई दिएर) बसेको छ भने १२ वर्षको आयुमा बालक मर्दछ ॥१२३॥

जन्मकुण्डलीमा शुक्र आफ्ना शत्रुको घरमा बसेको छ र बृहस्पति वाह्रौं स्थानमा बसेको छ अनि मंगल लग्नमा बसेको छ भने त्यसले वालकलाई एक महिनाको उमेरमा मारिदिन्छ ॥१२४॥

जन्मकुण्डलीमा मंगल लग्न वा षष्ठ, जुन ठाउँमा बसे पनि बुधलाई साथैमा राखी बसेको छ भने वालकले चोरेर जीविका गर्ला, हात खुट्टाहरू (भाँचिएर वा अरू किसिमले) नष्ट होलान् ॥१२५॥

जसको कुण्डलीमा मंगल चन्द्रमाको राशिमा बसेको छ, त्यो मानिस रक्तपित्तले (रगतसित सम्बद्ध पित्त रोगले) पीडित हुन्छ, अरू रोगहरूबट पनि पीडित हुन्छ ॥१२६॥

जन्मकुण्डलीमा मंगल, आफ्नो उच्च राशिमा वा शत्रुराशिमा भएर लग्नदेखि दशौं स्थानमा बसेको छ भने त्यस्तो बालक छिटै नै (वाल्यकालमा नै) आमासहित मर्दछ ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशमे वर्तते यस्य भौमः शत्रुगृहं गतः ।
निस्सन्देहं पिता तस्य शैशवे स्वर्गतो भवेत् ॥१२८॥

दशमस्थः कुजो लग्नाच्चन्द्राद् वा कुरुते नरम् ।
कामुकं घातुकं स्तेनमित्याहुः फलवेदिनः ॥१२९॥

"दशमेऽङ्गारको यस्य स जातः कुलदीपकः ।"
अयं भौमफलोत्कर्षः प्रोच्यते बहुभिर्बुधैः ॥१३०॥

अष्टमस्थेन सूर्येण सौरिणा तुर्यगेन च ।
लग्नस्थो मंगलः कुर्याद् बालकं कुष्ठपीडितम् ॥१३१॥

लग्नस्थः पञ्चमस्थो वा सूर्यजीवशनैश्चरैः ।
सार्धं व्यापादयेद् भौमो जातमात्रं हि बालकम् ॥१३२॥

पञ्चमस्थेन सूर्येण मंगलः सप्तमे स्थितः ।
महाटव्यां द्रुमाधस्ताद् बालकं जनयेद् ध्रुवम् ॥१३३॥

त्यस्तै लग्नदेखि दशम स्थानमा शत्रु गृहमा मंगल बसेमा बाल्यावस्थामा नै बाबु मर्दछ । लग्नदेखि वा चन्द्रमादेखि दशौं स्थानमा बसेको मंगलले मानिसलाई चोर, हत्यारा र कामुक बनाउँछ । दशम स्थानको सम्बन्धमा कतिपय फलवेत्ता ज्योतिषहरू यस्तो भन्दछन् । परन्तु धेरै विद्वान्हरू दशम स्थानमा मंगल भएको मान्छेलाई त्यस वंशको प्रकाशक बत्ती मान्दछन् । दशम स्थानमा मंगलहुनु भनेको मंगलको फलादेशमा चरम उत्कर्ष मान्दछन् विद्वान्हरू ॥१२८–१३०॥

आठौं सूर्य र चौथो चन्द्र भएको कुण्डलीमा लग्नमा बसेको मंगलले बालकलाई कुष्ठरोगी बनाइदिन्छ ॥१३१॥

सूर्य, बृहस्पति र शनिका साथ लग्न वा पाँचौं स्थानमा बसेको मंगलले जन्मनेबित्तिकै बालकलाई मारिदिन्छ ॥१३२॥

लग्नदेखि पाँचौंमा सूर्य भएको कुण्डलीमा, लग्नदेखि सातौंमा मंगल बसेको छ भने त्यो बालक ठूलो जंगलमा रुखमनि जन्मेको हुनुपर्छ ॥१३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षष्ठेऽष्टमे वा वसता चन्द्रेण यदि मङ्गलः ।
व्यये स्यात् सूर्यसंयुक्तो जातमात्रं शिशुं हरेत् ॥१३४॥

त्रिकोणे नीचवेश्मस्थं सूर्यमनुसरन् कुजः ।
अष्टमे निवसन् बालं करोति भैक्ष्यजीवितम् ॥१३५॥

मंगलश्चन्द्रसंयुक्तः कुण्डल्यां यस्य वर्तते ।
स सुखी जायते भूरि-धन-धान्य-समन्वितः ॥१३६॥

मंगलः शनिसंयुक्तस्तृतीये निवसेद् यदि ।
सोदराननुजान् भ्रातृन् मारयेदिति कोविदाः ॥१३७॥

अनुयातस्तृतीये वा सप्तमेऽर्केण तिष्ठता ।
लग्नस्थो मङ्गलो हन्याज्जननीमाद्यवत्सरे ॥१३८॥

स्त्रीणां पुंसामपुत्रत्वं पञ्चमस्थे महीसुते ।
केचिदाहुर्वदन्त्यन्ये तथात्वे तनयत्रयम् ॥१३९॥

लग्नदेखि षष्ठ वा अष्टममा चन्द्रमा बसेको कुण्डलीमा मंगल लग्नदेखि बाह्रौं (व्यय) स्थानमा सूर्यसँग मिली बस्यो भने त्यसले भर्खर जन्मेको बालकलाई मारिदिन्छ ॥१३४॥

सूर्य त्रिकोण (५,९ स्थान) मा आफ्नो नीच राशिमा बसेको कुण्डलीमा लग्नदेखि आठौंमा बसेको मंगलले बालकलाई भीख मागेर खाने तुल्याउँछ ॥१३५॥

जसको कुण्डलीमा मंगल, जुनसुकै स्थानमा भएपनि, चन्द्रमासँग मिलेर बसेको छ त्यो मानिस सुखी, पर्याप्त धन र अन्नले युक्त भएको हुन्छ ॥१३६॥

लग्नदेखि तेस्रो स्थानमा शनिसँग मिली मंगल बसेको छ भने त्यस कुण्डलीवालाका आफूमनिका (कान्छा) भाइहरू बाँच्दैनन् यही कुरा विद्वान्हरू मान्दछन् ॥१३७॥

लग्नदेखि तेस्रो वा सातौं स्थानमा सूर्य भएको कुण्डलीमा लग्नस्थानमै बसेको मंगलले जन्मेको पहिलो वर्षमा आमालाई मारिदिन्छ ॥१३८॥

लग्नबाट पाँचौं पुत्रस्थान मानिन्छ । त्यसै पाँचौं भावमा मंगल भएमा नारी वा पुरुष, जसको कुण्डलीमा त्यस्तो भए पनि अपूतो वा बाँझी हुन्छन् भन्ने एकथरीको भनाइ छ । अर्काथरी विद्वान्हरू त्यस्तो परेमा (पाँचौं मंगल भएमा) तीन भाइ छोरा हुन्छन् भन्दछन् ॥१३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रेत इत्यभिधानेन भौमस्तूदीर्यते बुधैः ।
दर्शनात् सुतभावस्य कुजेन सन्ततिर्भवेत् ॥१४०॥

षष्ठेशो मङ्गलश्चेत्स्यात् कण्ठे रोगः कुजालये ।
लग्नाधिपे स्थिते ज्ञेन दृष्टे रोगो भवेन्मुखे ॥१४१॥

अन्वितः षष्ठगो भौमः सौरिणाऽष्टमवेश्मनः ।
कुण्डल्यां यस्य वर्तेत तस्य भार्या न जीवति ॥१४२॥

मंगलस्य शनेश्चैव दृष्टिश्चेत् सप्तमालये ।
पतिर्भार्या च विज्ञेयौ द्वावेव व्यभिचारिणौ ॥१४३॥

लग्नद्वादशतुर्येषु सप्तमाष्टमयोस्तथा ।
वर्तमानः कुजोऽन्योन्यं पतिं पत्नीं च नाशयेत् ॥१४४॥

विद्वान्हरू भौमलाई 'रेतस्' भन्दछन् (भौम शिवजीको 'रेतस्' (वीर्य) बाट जन्मेका थिए) । पुत्रभाव (पंचम) स्थानलाई मंगलले देखेपछि पुत्र जन्मने योग परेको ठान्नुपर्छ ॥१४०॥

जन्मकुण्डलीमा छैठौं (रोग) स्थानको मालिक मंगल छ भने घाँटीमा रोग पैदा हुन्छ । यदि मंगलका घरमा लग्नेश बसेको छ र त्यसलाई बुधले देखिरहेको छ भने रोग मुखमा हुन्छ ॥१४१॥

लग्नदेखि छैठौं स्थानमा हानिकारक मंगल बसेको छ, त्यसलाई हानि गर्ने काममा मद्दत दिन आठौं स्थानमा शनि बसेको छ भने त्यस्तो कुण्डलीवालाकी स्वास्नी बाँच्दिन ॥१४२॥

मंगल र शनि दुवैले सातौं स्थानलाई देखिरहेका छन् भने पति र पत्नी दुवै व्यभिचारी हुन्छन् भन्ने जान्नुपर्दछ ॥१४३॥

लग्नमा, बाह्रौं स्थानमा, चौथो स्थानमा, सातौंमा र आठौंमा मंगल बसेको छ भने दुलहाको कुण्डली त्यस्तो भए दुलहीलाई र दुलहीको कुण्डली त्यस्तो भए दुलहालाई मारिदिन्छ ॥१४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरवध्वोस्तु कुण्डल्योर्मङ्गलस्य समस्थितौ ।
भवेताम् प्रणये बद्धौ दीर्घायुषौ सुतान्वितौ ॥१४५॥

शस्त्रास्त्रकृद् भवेद् भौमः स एव रणदेवता ।
अष्टमस्थो भवेच्चेत्स आयुधैरैव मारयेत् ॥१४६॥

एकलो वा ससूर्यो वा भाग्यस्थो मङ्गलो बली ।
भाग्येशत्वेन व्ययगः स तातं हन्ति शैशवे ॥१४७॥

परं पूर्णेन्दुना दृष्टो भूसुतो रविसंयुतः ।
भाग्यस्थानस्थितः कुर्यान्नायकं लोकविश्रुतम् ॥१४८॥

भाग्यस्थानाधिपो यस्य मङ्गलो मङ्गलावहः ।
भाग्यमुद्भावयेदष्टाविंशेऽब्द इति सूरयः ॥१४९॥

परन्तु वर र वधू दुवैका कुण्डलीहरूमा मंगलको स्थिति एक समानको छ, दुवैका कुण्डलीमा एउटै किसिमले मंगल बसेको छ भने मंगलसम्बद्ध कुनै दोष रहन्न, बरु दुवै दम्पती प्रेममा बाँधिन्छन्, दीर्घायु हुन्छन्, छोराछोरी जन्मन्छन्, सबै राम्रो हुन्छ ॥१४५॥

शस्त्र र अस्त्र बनाउनेवाला मंगल हो, मंगल नै युद्धको देवता पनि हो । अष्टम (मृत्यु) स्थानमा मंगल बसेको भए हतियारले नै सम्बद्ध कुण्डलीवालालाई मारिदिन्छ ॥१४६॥

एक्लै अथवा सूर्यका साथ नवम (भाग्य) स्थानमा बसेको बलवान् मंगलले, अथवा भाग्येश भएर व्यय (बाह्रौं) स्थानमा बसेको मंगलले बाल्यकालमा बाबुलाई मार्छ ॥१४७॥

तर नवम स्थानमा सूर्यसँग बसेको मंगल पूर्णचन्द्रद्वारा दृष्ट छ भने त्यसले त्यस्तो कुण्डली हुनेलाई संसार प्रसिद्ध नेता बनाउँछ ॥१४८॥

जुन मान्छेको मङ्गल नवम स्थानको स्वामी छ, मङ्गल कारक त्यस मंगलले अठ्ठाइसौं वर्षमा भाग्य पैदा गर्दछ भनी विद्वान्हरू भन्दछन् ॥१४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रिकोणस्थेन जीवेन पञ्चमस्थेन चेन्दुना ।
अनुसृतः कुजः खस्थः शतं वर्षाणि जीवयेत् ॥१५०॥

पञ्चमस्थेन सूर्येण व्ययस्थेन च राहुणा ।
अन्वितः सप्तमे भौमो विख्यातं कारयेज्जनम् ॥१५१॥

यस्य लाभालयो युक्तो दृष्टो वा मंगलेन सः ।
सुवर्णमणिरत्नादि वैभवं लभते सुधीः ॥१५२॥

मङ्गलालोकितं यस्य क्षीणेन्दु-सूर्य-संश्रितम् ।
व्ययस्थानं भवेत् तस्य धनं हरति भूपतिः ॥१५३॥

व्ययस्थानं श्रयेत् पश्येत् शनिना सह मङ्गलः ।
द्यूतेन किमु चौर्येण तस्य वित्तं प्रणश्यति ॥१५४॥

यदि कसैको कुण्डलीमा बृहस्पति त्रिकोण, (५,९ स्थान) मा छ र चन्द्रमा पाँचौं स्थानमा छ, त्यस्तो कुण्डलीमा मंगल दशौं (ख, १०) स्थानमा छ भने सो मंगलले १०० वर्ष आयु दिन्छ ॥१५०॥

पाँचौं सूर्य र बाह्रौं राहु भएको कुण्डलीमा लग्नदेखि सातौं स्थानमा बसेका मंगलले सम्वद्ध कुण्डलीवालालाई विख्यात तुल्याउँछ ॥१५१॥

जुन मान्छेको कुण्डलीमा एघारौं (लाभ) स्थानमा मंगल वसेको छ वा अन्य राशिमा बसेरै एघारौं स्थानलाई देखेको छ भने त्यस मानिसले सुन, मणि, रत्न आदि धन ऐश्वर्य प्राप्त गर्दछ, विद्वान् पनि हुन्छ ॥१५२॥

जुन मान्छेको जन्मकुण्डलीमा बाह्रौं (व्यय) स्थान मंगलले देखिरहेको छ, त्यस स्थानमा क्षीण चन्द्र र सूर्य पनि बसेका रहेछन् भने त्यसको संपत्तिमा सरकार लाग्छ । (त्यसले त्यस्तो अपराध गर्ला, जसबाट कानूनबमोजिम सर्वस्व हरणहोला) ॥१५३॥

जसको कुण्डलीमा शनि र मंगल साथसाथ व्यय (बाह्रौं) स्थानमा बसेका छन्, वा अन्य राशिमा बसी ती दुवैले बाह्रौं स्थान देखेका मात्रै छन् भने त्यसको धनसम्पति जूवा खेलेर समाप्त हुन्छ वा चोरीबाट समाप्त हुन्छ ॥१५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तमस्थो मङ्गलश्च कुर्याद् वंशविनाशनम् ।
स एव दशमस्थश्चेद् बालघातीति केचन ॥१५५॥

शनिर्मङ्गलराशिस्थो दृष्टश्चेद् मङ्गलेन सः ।
परस्त्रीगामिनं कुर्याद् मानवमतिकामिनम् ॥१५६॥

मङ्गलस्तृतीयेशेन युक्तस्तेजस्विनं नरम् ।
शक्तिमन्तं तथा मूर्खं कुर्वीतातिक्रुधान्वितम् ॥१५७॥

वाग्विद्याधीप्रदेशेषु कुजे बलिनि नीतिवित् ।
पञ्चमस्थानगे त्वस्मिन् गणितज्ञो भवेन्नरः ॥१५८॥

सूर्याचन्द्रमसोर्मध्ये कुजश्चेन्निवसेज्जनः ।
निर्बुद्धिकः शठो मूर्खो देहेनैव बली भवेत् ॥१५९॥

इन्दुना सहितो भौमो लग्नेशेनावलोकितः ।
विपरीतमतिं कुर्याद् नरं तथ्यपराङ्मुखम् ॥१६०॥

केही विद्वान्हरूको भनाइ छ कि लग्नदेखि सप्तम भावमा बसेको मंगलले वंशनाश गर्दछ । त्यही मंगल दशम भावमा बसेको भए सम्बद्ध मानिसलाई बालघाती बनाउँछ ॥१५५॥

मंगलका घर (राशि) मा बसेको शनि मंगलद्वारा देखिएको छ भने सम्बद्ध मानिसलाई अत्यन्त कामुक, परस्त्री गमन गर्ने बनाइदिन्छ ॥१५६॥

तृतीय स्थानको स्वामीसँग मिली सँगै बसेको मंगलले सम्बद्ध मान्छेलाई तेजस्वी, शक्तिशाली, मूर्ख र रिसाहा बनाउँछ ॥१५७॥

वाक् (२) विद्या (४) बुद्धि (५) यी तीन भावमा मंगल बलवान् भई बसेमा मानिस नीति (न्याय, राजनीति, धर्मनीति) वेत्ता हुन्छ तर त्यो मंगल पाँचौमा मात्र बलवान् भई बसेमा मानिस गणित विद्या जान्ने हुन्छ ॥१५८॥

जन्मकुण्डलीमा जनुसुकै स्थानमा भएपनि सूर्य र चन्द्रमाको माझमा मंगल बसेको भए सम्बद्ध मान्छे बुद्धिहीन, स्वाँठ (फटाहा) मूर्ख, शरीरको मात्र बलियो हुन्छ ॥१५९॥

जन्मकुण्डलीमा मंगल कुनै पनि स्थानमा चन्द्रमासँग बसेको छ र लग्नस्वामीले त्यसलाई देखेको छ भने त्यसले सम्बद्ध मानिसलाई विपरीत बुद्धिवाला र तथ्यविमुख बनाइदिन्छ ॥१६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लग्नस्थो मङ्गलः कुर्यान्न्यायालयप्रधाविनम् ।
स्वसंबन्धिजनैरुग्रं वादिनं कलहायितम् ॥१६१॥

मङ्गलः सूर्यसौरिभ्यां सह खस्थो भवेद् यदि ।
कुर्याद् वैयक्तिकं भृत्यं कस्यापि धनिनो नरम् ॥१६२॥

लग्ने स्वगृहगं भौमं गुरुः पश्यति वा गुरुम् ।
नवमस्थं कुजः पश्येद् लक्ष्मीवाञ् जायते नरः ॥१६३॥

शत्रुभ्यो धनलाभः स्याद् दशमस्थे तु मङ्गले ।
एकादशगते तस्मिन् प्रवासे दृढसाहसात् ॥१६४॥

शनिदृष्टौ यदि स्यातां मेषस्थौ चन्द्रमङ्गलौ ।
चन्द्रे वा मेषगे दृष्टे कुजेन भिक्षुको जनः ॥१६५॥

व्ययस्थौ सूर्यभौमौ चेदग्निना दह्यते वसु ।
एकश्चेद् व्ययगो भौमः क्षत्त्रकार्याद् धनव्ययः ॥१६६॥

लग्नस्थानमा बसेको मंगलले सम्बद्ध मान्छेलाई अदालततिर दौडिरहने, आफ्ना मानिसहरूलाई मुद्दा दिने, नराम्रो वादी र झगडा गरिरहने स्वभावको बनाइदिन्छ ॥१६१॥

सूर्य र शनि दुवैसँग मिली लग्नदेखि दशमस्थानमा बसेको मंगलले सम्बद्ध मानिसलाई कुनै धनी मान्छेको (सरकारी होइन) निजी नोकर बनाइदिन्छ ॥१६२॥

लग्नमा स्वराशिमा बसेको मंगललाई बृहस्पतिले देखेमा वा नवमस्थ बृहस्पतिलाई मंगलले देखेमा सम्बद्ध मानिस अत्यन्त धनी हुन्छ ॥१६३॥

दशमस्थ मंगल भएमा शत्रुबाट आम्दानी हुन्छ भने एकादशस्थ मंगल भएमा विदेशमा खतरापूर्ण काम गरेर धन पाइन्छ ॥१६४॥

जन्मकुण्डलीमा मेषराशिमा सँगसँगै बसेका चन्द्र र मंगललाई शनिले देखेको छ अथवा मंगलले देखेको चन्द्र मेषराशिमा बसेको छ भने सम्बद्ध मान्छे भिखारी (हरिकंगाल) हुन्छ ॥१६५॥

सूर्य र भौम एक साथ बाह्रौं स्थानमा बसेका छन् भने धनसम्पति आगोले भस्म पार्दछ । मंगल एक्लै बाह्रौं स्थानमा बसेको भए राजकार्यबाट (पार्टीसंगठन, चुनाव आदिमा वा सर्कारले सर्वस्व लिएर) धनसम्पति खर्च हुन्छ ॥१६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लग्नाद् वा चन्द्रतो भौमो दशमस्थो भवेज्जनः ।
जीवेच्चौर्येण नैषादवृत्त्येत्याहुर्बुधाः कति ॥१६७॥

षष्ठे कुजः शुभैर्युक्तो दृष्टो वा यदि वर्तते ।
त्यक्तवैरा गुणैर्वश्या मित्रतां यान्ति शत्रवः ॥१६८॥

कुजो यस्यास्ति बलवानष्टमेशं च पश्यति ।
लभते मणिरत्नादि धनं स शत्रुपक्षतः ॥१६९॥

मङ्गलो यदि वर्तेत दशमे सूर्यसंगतः ।
लभते सर्वकारीयं धनं वा स्वकलत्रतः ॥१७०॥

तुर्यभावे हि भौमेन दृष्टे मित्रविनाशनम् ।
कारयेतां कलिं मित्रैः केन्द्रस्थौ मन्दमङ्गलौ ॥१७१॥

अष्टमे वा त्रिकोणे वा मङ्गलो निवसेद् यदि ।
कूर्मादिक्रूरजन्तुभ्यो भीतिः स्याद् भवने स्वके ॥१७२॥

लग्नबाट वा चन्द्रबाट दशमस्थानमा मंगल छ भने, या त चोरीबाट या निषादवृति (निम्न जातका कर्म, बाहुनले रक्सी, कुखुरा, बंगूर आदिको व्यापार गर्ने जस्ता) बाट सम्वद्ध मानिसले जीविका चलाउँछ, भनी केही विद्वान्हरू मान्दछन् ॥१६७॥

शुभग्रहहरूले युक्त वा दृष्ट भएर छैठौं स्थानमा मंगल बसेको छ भने सारा शत्रुहरू गुणद्वारा वशीभूत हुन्छन्, शत्रुता छोडेर मित्र बन्न आउँछन् । कुनै पनि राशिमा बसेको मंगल बलवान् भएर अष्टमेशलाई देखिरहेको छ भने शत्रुपक्षबाटै मणिरत्न आदि पर्याप्त धन पाउँछ ॥१६८–१६९॥

लग्नदेखि दशम स्थानमा मंगल सूर्यसँग मिलेर बसेको छ भने सम्बद्ध मान्छेले सरकारी जागीर पाउँछ, अथवा पत्नीको तर्फबाट आय हुन्छ ॥१७०॥

चतुर्थ भावलाई मंगलले देखेमा, मित्रहरूको विनाश, अभाव हुन्छ । शनिका साथ कुनै पनि केन्द्रगृहमा मंगल बसेमा मित्रहरूसँग झगडा हुन्छ ॥१७१॥

आठौं वा त्रिकोण (५,९) स्थानमा मंगल बसेको छ भने सम्बद्ध मानिसलाई आफ्नै घरमा पनि (कुनै वेला) कछुवा आदि क्रूर जन्तुबाट डर हुन्छ ॥१७२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लग्नाद् वा चन्द्रतः स्यातां चतुर्थे शनिमङ्गलौ ।
दासालये निवासाय बाध्यताऽपि प्रपद्यते ॥१७३॥

चतुर्थकारको भौमः स एव कृषिकारकः ।
बली शुभग्रहैर्युक्तः स दद्यात् कृषिसम्पदम् ॥१७४॥

तुर्यस्थो मङ्गलस्तुर्यतृतीयस्वामिभिर्युतः ।
भ्रातृतो भूमिदायी स्यात् स एव भ्रातृकारकः ॥१७५॥

पापयुक्तः पापदृष्टः पापमध्यगतः कुजः ।
पापभस्थस्तथा तुर्याद् व्ययगो नाशयेत् क्षितिम् ॥१७६॥

पापदृष्टस्य भौमस्य द्वयोर्वा राहुभौमयोः ।
द्वितीयस्थानगामित्वेऽतितुच्छं भोजनं मिलेत् ॥१७७॥

लग्नबाट वा चन्द्रबाट चतुर्थ स्थानमा शनि मंगल मिलेर बसेका भए संवद्ध मानिस, कुनै समय दास (निम्नस्तरीय व्यक्ति) का घरमा बस्नुपर्ने बाध्यता आइपर्छ ॥१७३॥

मंगल चतुर्थ स्थानको कारक हो, त्यही ग्रह नै कृषिकारक हो । शुभ ग्रहहरूसँग मिली बलवान् बनेको छ भने त्यसले संवद्ध मानिसलाई प्रशस्त मात्रामा खेतीबालीको संपत्ति दिन्छ ॥१७४॥

लग्नदेखि चौथो स्थानमा बसेको मंगल चतुर्थ र तृतीयका स्वामीका साथ बसेमा सहोदर दाजुभाइको माध्यमबाट भूमि (खेतबारी) उपलब्ध गराउँछ, किनाउँछ, मंगल नै भ्रातृकारक हो ॥१७५॥

जन्मकुण्डलीमा मंगल ग्रह पाप ग्रहसँग बसेको, पाप ग्रहले देखेको, पाप ग्रहद्वारा (वल्लो पल्लो राशिमा बसेका सूर्य, शनिद्वारा) घेरिएर बीचमा परेको, पाप ग्रहका राशिमा बसेको वा चतुर्थ स्थानबाट व्यय स्थान (तृतीय स्थान) मा बसेको भएमा संवद्ध व्यक्तिलाई जमिन दिँदैन, भएको जमिन भताभुङ्ग पारेर नष्ट गरिदिन्छ ॥१७६॥

(जन्मकुण्डलीमा द्वितीय स्थान भुक्तिस्थान– खानपिनको बन्दोबस्त मिलाउने स्थान हो) तसर्थ द्वितीय स्थानमा मंगल बसेको छ, त्यो पाप ग्रहद्वारा देखिएको छ, अथवा त्यसै राशिमा राहु र मंगल बसेका छन् भने संवद्ध मानिसलाई प्रायः खराब खाने कुरा (कोदो, माँड आदि वा कुहेसडेको) प्राप्त हुन्छ ॥१७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्द्रमङ्गलयोर्यः स्याद् बली स मातृकारकः ।
दौर्बल्ये पापयुक्तत्वे चैनयोर्मातृपीडनम् ॥१७८॥

लग्नात् पञ्चमगो भौमो भ्रातरं नाशयेत् तथा ।
जननीं रोगिणीं कुर्यात् स चेच्चतुर्थगो बली ॥१७९॥

चन्द्रेण सहितो भौमो नवमे दशमेऽपि वा ।
शैशवे जननीं हन्यात् तथा सिंहस्थ-मङ्गलः ॥१८०॥

लग्नात् पञ्चमगो भौमो दशमस्थानगोऽपि वा ।
शैशवे मातुलं हन्यात् पापैर्दृष्टो भवेद् यदि ॥१८१॥

तृतीयस्थानगो भौमो जनयेद् भ्रातृजन्यकम् ।
भ्रातृणां जनयेत् कष्टं शनियुक्तः स सन्ततम् ॥१८२॥

तृतीये पापयुक्तारो हन्याद् विषेण सोदरम् ।
नवमे शनियुक्तोऽपि भौमो हन्याद् हि सोदरान् ॥१८३॥

जन्मकुण्डलीमा चन्द्रमा र मंगल यी दुईमा जो वढी बलवान् छ, त्यसैलाई मातृकारक भन्दछन् । यी दुवै दुर्वल वा पाप ग्रहसँग मिली बसेका छन् भने मातृपीडक हुन्छन् ॥१७८॥

लग्नबाट पाँचौं स्थानमा रहेको मंगलले सोदर दाजुभाइलाई नष्ट गर्छ । त्यो मंगल बलवान् भएर चौथो स्थानमा बसेको छ भने आमालाई रोगिणी बनाउँछ ॥१७९॥

लग्नबाट नवौं वा दसौं स्थानमा चन्द्रमासँग एकसाथ मिली बसेको मंगलले आमालाई बाल्यकालमै मारिदिन्छ, सिंहराशिमा बसेको मंगलले पनि त्यस्तै फल दिन्छ ॥१८०॥

लग्नदेखि पाँचौं स्थान वा दसौं स्थानमा बसेको मंगलले, पाप ग्रहहरूद्वारा देखिएको भएमा बाल्यकालमै मामालाई मारिदिन्छ ॥१८१॥

सामान्यतः तेस्रो स्थानमा बसेको भौमले सोदर भाइहरूमा आपसमा झगडा पैदा गर्दछ । अरू कुनै पनि ठाउँमा शनिसँग बसेको मंगलले सोदर भाइहरूमा दुःखकष्ट पैदा गर्छ । तेस्रो स्थानमा पाप ग्रहसहित बसेको मंगलले विषद्वारा सहोदर भाइ मार्दछ, नवम स्थानमा शनिसँग बसेको मंगलले पनि सहोदर भाइहरूलाई मार्दछ ॥१८२–१८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चमे सप्तमे किं वा नवमेऽवस्थितौ सह ।
कुजशुक्रौ ददीयातां भार्यां नैव कदाचन ॥१८४॥

सहावस्थितयोः शुक्रचन्द्रयो राशितस्तथा ।
सप्तमेऽवस्थितौ मन्दकुजौ दत्तां न योषितम् ॥१८५॥

यावत्यः परिणीयेरन् म्रियेरन् सर्विकाश्च ताः ।
स्मरे भौमे पुनर्दोषो नेदृक् शुक्रेण वीक्षिते ॥१८६॥

सप्तमे बलवान् भौमो दृष्टः सप्तमस्वामिना ।
भार्याद्वयं ददातीति केचित् सन्तः प्रचक्षते ॥१८७॥

सप्तमे मंगलो यस्य शनिः स्यादष्टमे तथा ।
व्यूढे भार्याद्वये चैका जीवेदिति मनीषिणः ॥१८८॥

सप्तमस्थो बली भौमो बहून् दारान् ददाति हि ।
भोगाय न तु सन्तत्या इत्याहुः सुधियः परे ॥१८९॥

लग्नदेखि पाँचौं, सातौं वा नवम स्थानमा सँगसँगै बसेका मंगल तथा शुक्रले कहिल्यै स्वास्नी दिँदैनन् (विवाह गर्नेबित्तिकै पत्नीको मृत्यु हुन्छ) ॥१८४॥

जन्मकुण्डलीमा कुनै एक राशिमा शुक्र र चन्द्र सुँगसँगै मिलेर बसेका रहेछन्, त्यस राशिबाट गन्दै जाँदा सातौं स्थानमा शनिसँग मिली मंगल बसेको भएमा, ती मंगल र शनि मिलेर पत्नी दिँदैनन् ॥१८५॥

सातौं स्थानमा मंगल भएमा जति पत्नी विवाहित हुँदै जान्छन्, ती सब क्रमशः मर्दै जान्छन्, तर शुक्र ग्रहद्वारा त्यो मंगल देखिएको छ भने यो दोष लाग्दैन ॥१८६॥

जन्मकुण्डलीमा सातौं स्थानमा बलवान् मंगल बसेको छ र त्यो सप्तम स्थानका स्वामीद्वारा देखिएको छ भने दुइ पत्नी दिन्छ (दुवै बलवती, दीर्घायु हुन्छन्) भनी केही विद्वान्हरू मान्दछन् ॥१८७॥

सातौं स्थानमा मंगल बसेको छ, त्यसैको सहयोगी भएर आठौंमा शनि बसेको छ । यस्तो योगमा अनिवार्यतः दुइ पत्नी भित्रिन्छन्, परन्तु पछिसम्म बाँच्ने एउटी मात्र हुन्छे । यस्तो विद्वान्हरू मान्दछन् ॥१८८॥

आर्का थरी केही विद्वान्हरूको भनाइ के छ भने सातौं स्थानमा बसेको बलवान् मंगलले धेरैभन्दा धेरै श्रीमतीहरू दिन्छ, ती सबै भोगविलासका साधन हुन्छन्, एउटीले पनि छोराछोरी जन्माउन्नन्, सबै बाँझी हुन्छन् ॥१८९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उच्चस्थो वा स्वराशिस्थः सप्तमे मंगलो यदि ।
शुभग्रहैः स दृष्टश्चेद् भार्या स्यादप्सरायिता ॥१९०॥

षष्ठस्थे वा तुरीयस्थे मंगले शनिसंयुते ।
न ददाति सुतान् भार्या स्वर्वेश्यासदृशाकृतिः ॥१९१॥

यस्य लग्नेऽथवा रन्ध्रे चन्द्रारौ सहवासिनौ ।
तमसंख्येयमुद्राभिर्योजयेतामुभौ ध्रुवम् ॥१९२॥

तुरीयेशेन मिलितो भौमः कुत्रापि तिष्ठतु ।
स दद्यात् सर्वसस्याढ्यामचलामिति निश्चयः ॥१९३॥

मङ्गलग्रहजनितशुभादिफलशंसिनी ।
द्वितीया रुचिरित्येषा भाषार्थसहिताऽगमत् ॥

सातौं मंगल उच्चगृही वा स्वगृही भई बसेको छ र शुभ ग्रहहरूद्वारा देखिएको छ भने संवद्ध मानिसले अप्सरा जस्ती परम सुन्दरी भार्या पाउँछ ॥१९०॥

लग्नदेखि षष्ठ वा चतुर्थ स्थानमा शनिसँग मिली बसेको मंगलले परम सुन्दरी, अप्सराको जस्तै अनुहार भएकी पत्नी दिन्छ, तर त्यो पनि विलासपात्र मात्र हुन्छे, सन्तान जन्माउन्न ॥१९१॥

जसको लगनमा वा आठौंमा चन्द्रमा र मंगल एकसाथ मिलेर, संयुक्त रूपमा बसेका छन्, त्यस व्यक्तिलाई मिलेका ती दुवै ग्रहले गनिनसकिने करोडौं रुपियाँ दिन्छन् ॥१९२॥

चतुर्थेशसँग मिलेको मंगल जुनसुकै राशि वा भावमा बसे तापनि त्यसले सबै किंसिमको अन्न उब्जने उपजाउ जमीन पर्याप्त रूपमा उपलब्ध गराउँछ ॥१९३॥

मंगल ग्रहका कारण र संबन्धले गर्दा हुने शुभ-अशुभ आदि फल बताउने नेपाली भाषा अर्थ सहित भएको दोस्रो रुचि समाप्त भयो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीयरुचिः

मङ्गलस्य पिता कोऽस्ति किमर्थं स तिरोहितः ।
कथं महीसुतो भौमो मातृसत्ताऽनुकीर्तितः ॥१॥

द्वौ भूमेस्तनयौ ख्यातौ सुर एकोऽपरोऽसुरः ।
सुरस्तु मङ्गलो व्योम्नि भौमासुरोऽसुरो भुवि ॥२॥

दृप्तो भौमासुरः क्रूरः कृष्णेन द्वापरे हतः ।
दिव्यो भौमग्रहो दूरो मङ्गलो मृग्यतेऽधुना ॥३ ॥

सूर्याद्यन्यग्रहाणां हि सन्ति वंशपरम्पराः ।
एकको मङ्गलो भौमः कुमारोऽस्त्यपरिग्रहः ॥४॥

जातश्चाङ्गिरसो जीव आङ्गिरस उदीरितः ।
भृगोश्च भार्गवः शुक्रः कविः काव्योऽपि कीर्तितः ॥५॥

सूरात् सौरिः शनिर्जातः सोमात् सौम्यो बुधः पितुः ।
रोहिण्या पालितो मात्रा रौहिणेयोऽपि स श्रुतः ॥६॥

मंगलका बाबु को हुन् ? किन उनी छिपे ? किन मंगल आमाकै नामबाट महीसुत, भौम भनी कीर्तित छन् ? ॥१॥

भूमिका दुई छोरा प्रसिद्ध भए– एउटा सुर र आर्का असुर । सुर (देवता) मंगल ग्रह हुन्, जो अन्तरिक्षमा छन् । भौमासुर असुर हुन्, जो पृथिवीमा थिए ॥२॥

अहंकारी भौमासुरलाई कृष्णले द्वापर युगमा मारेका थिए । दिव्य भौम ग्रह दूर अन्तरिक्षमा छन्, जो अहिले अन्वेषणका विषय भएका छन् ॥३॥

सूर्यादि अरू ग्रहहरूका वंशपरम्परा छन् । एउटा भूमिपुत्र मंगल भने पत्नीरहित अविवाहित कुमार छन् ॥४॥

अंगिराबाट जन्मेका जीव (बृहस्पति) आंगिरस भनिए । भृगुपुत्र भार्गव भए, उनलाई कवि र काव्य पनि भनिन्छ ॥५॥

सूर्यका छोरा सौरि शनि जन्मे । बाबु सोमबाट जन्मने बुध सौम्य भनिए । ती बुध आमा रोहिणीबाट पालिएका हुनाले रौहिणेय भन्ने नामले प्रसिद्ध भए ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्गलो यौगिकैः शब्दैर्जननीवाचिभिः श्रुतः ।
"महीसुतः कुजो भौमो धरणीगर्भसंभवः ॥७॥"

स्वभावाद् मातृबाहुल्यहेतुना निर्जरा अपि ।
आदित्या आदितेयाश्च कीर्त्यन्ते मातृनामतः ॥८॥

स्त्रीपुंसोः प्राकृताद् योगान्न जात इति मङ्गलः ।
मातृनाम्नैव विख्यात एककुक्षिसमुद्भवः ॥९॥

प्राप्नुवन्ति पदं पुत्राः पालिकानामनिर्मितम् ।
रौहिणेयो बुधः प्रोक्तो न तारेयः कदाचन ॥१०॥

एवं मातृद्वयाबद्धो बुधवन्न महीसुतः ।
पालितो जनितो वा स्यादेकयैव स गोत्रया ॥११॥

भौमोत्पत्तिपराः काश्चिद् विख्याताः प्राच्यवाङ्मये ।
संकलय्य निवेद्यन्ते कथाः सारप्रवाहतः ॥१२॥

आमालाई बुझाउने शब्दहरूबाट यौगिक शब्द बनी मंगललाई बुझाउने शब्दहरू बन्दछन्– महीसुत, कुज, भौम, धरणीपुत्र । यी शब्दहरू पृथिवीवाचक शब्दबाट बनेका यौगिक शब्द हुन् ॥७॥

कश्यप मुनिका छोरा देवताहरू स्वभावतः आमाहरू धेरै हुनाको कारणले अदितिका छोरा आदित्य र आदितेय भनिन्छन् । आमाकै नामबाट उनीहरू पुकारिन्छन् (दैत्य– दितिका छोरा, दानव– दनुका छोरा, आमाकै नामबाट पुकारिन्छन्) ॥८॥

स्त्री र पुरुषको प्राकृत संयोग (मैथुन) बाट नजन्मेका मंगल, केवल एक कोखाबाट, आमा पृथ्वीका कोखाबाट जन्मेका थिए, तसर्थ उनी आमाकै नामबाट– भौम, पृथिवीपुत्र, धरणीगर्भज भनी पुकारिए ॥९॥

छोराहरू आफूलाई जन्माउने आमाबाहेक पाल्ने आमाको नामबाट बनेको पद (शब्द) प्राप्त गर्दछन् । ताराका छोरा बुध तारापुत्र तारेय कहिल्यै भनिएनन्, उनी त आफूलाई पाल्ने आमा रोहिणीका छोरा रौहिणेय भनिए । मंगल भने यसरी बुध झैं जन्माउने र पाल्ने दुइ आमासँग संबद्ध छैनन् । मंगल त एउटी आमा पृथ्वीबाट जन्माइए पनि, पालिए पनि, कसैको मतमा पालिए मात्र ॥१०–११॥

प्राच्य वाङ्मयमा प्रसिद्ध, भौमोत्पत्तिविषयक कतिपय कथाहरू, केवल सारांश रूपमा संकलन गरी यहाँ प्रस्तुत गरिन्छन् ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्गारक-व्रताख्याने मङ्गलोत्पत्तिशंसिनी ।
मात्स्ये हृद्या कथा दृश्या सारांशः पुनरीदृशः ॥१३॥

दक्षयागे यदा दग्धा सती शक्तिः शिवप्रिया ।
संक्रुद्धो भगवान् शूली हन्तुं तद्यागमुद्यतः ॥१४॥

ललाटात् तस्य रुष्टस्य स्वेदबिन्दुः पपात यः ।
प्राविशत् स महीगर्भं ज्वलज्ज्वलनसंचयः ॥१५॥

लोकानधः स्थितान् सप्त सागरांश्च दहन् पुनः ।
निर्गतो नैकवक्त्रास्यो भीषणोऽनलपूरुषः ॥१६॥

परस्सहस्रहस्ताङ्घ्रिसंयुतः शूलिनः पुरः ।
प्रतीक्षाञ्चक्र ईशाज्ञां कञ्चित् कालं कृताञ्जलिः ॥१७॥

आदिदेशेश इत्थं तं "वत्स ! मम प्रिया सती ।
मन्निन्दां स्वपितुर्वक्त्राच्छ्रुत्वाऽतिखिन्नमानसा ॥१८॥

पितृयागस्थले प्राणाञ्जहौ योगाग्निनाऽधुना ।
विध्वस्य तत्क्रतुं तूर्णमुपतिष्ठस्व मत्पुरः ॥१९॥

अंगारक व्रत बताउने सन्दर्भमा मंगलको उत्पत्ति बताउने कथा मत्स्यपुराणमा लेखिएको पाइन्छ, त्यस रोचक कथाको सारांश यस्तो छ ॥१३॥

पुराकालमा दक्षप्रजापतिका यज्ञमा शिवकी प्यारी शक्तिस्वरूपा भगवती सतीले आफ्नो शरीरलाई जब जलाइन्, त्यस बेला भगवान् शूलधारी शिवजी अत्यन्त रिसाएर दक्षयज्ञ विध्वंस गर्न तयार भए ॥१४॥

रिसाएका भगवान् शिवजीका निधारबाट जुन पसिनाको बूँद भूइँमा खस्यो, त्यो बूँद बलिरहेको आगाको मुस्लो बनी पृथिवीको गर्भभित्र पस्यो । तलपट्टिका सात लोक र पृथिवीमा रहेका सात समुद्र जलाउँदै फेरि शिवका अगाडि त्यो अग्निमय पुरुष उपस्थित भयो । त्यसका अनेक मुखहरू र आँखाहरू थिए । त्यसका हजारौं हजार हात र खुट्टा थिए । उसले हात जोडेर केही बेर शिवको आज्ञा पर्खिरह्यो ॥१५–१७॥

शिवजीले ती नवजात अग्निमय शरीर भएका पुरुषलाई यसरी अह्राए– "ए बाबू, मेरी प्यारी सतीले आफ्ना बाबुको मुखबाट मेरो निन्दा सुनेर साह्रै खिन्न चित्त भई बाबु (दक्षप्रजापति) को यज्ञ भइरहेकै ठाउँमा समाधि लगाएर योगाग्निले आफ्नो शरीर जलाई प्राण विसर्जन गरिन् । तिमी यहाँबाट जाऊ र दक्षप्रजापतिको सो यज्ञ विध्वस्त पारी छिटै फर्की मेरा अगाडि हाजिर हुन आऊ ॥१८–१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततः शिवाज्ञया दक्ष-यागं विध्वस्तवान् सुखम् ।
अशान्तस्वान्त उग्रात्मा प्रत्यावृत्तो ज्वलद्वपुः ॥२०॥

प्रविशन् धरणीगर्भं ज्वलदङ्गारविग्रहः ।
भूमिपुत्रतया लोकत्रितयं दग्धुमुद्यतः ॥२१॥

ततो विश्वप्रदाहाय प्रवृत्तं तं महेश्वरः ।
न्यवारयज्जगद्दाहकर्मणो लोकरक्षकः ॥२२॥

वीरभद्र इति ख्यातो दक्षयागविनाशने ।
शिवसृष्टः पुमानेष लोकेभ्यः शान्तिदोऽभवत् ॥२३॥

शंकरो वीरभद्रं तं शान्तिदं मङ्गलं ग्रहम् ।
अङ्गारकाभिधं ख्यातं लोकपूज्यमजूघुषत् ॥२४॥

ग्रहाणामादिमत्वेन घोषितो मङ्गलग्रहः ।
अभ्रे विभ्राजमानोऽस्ति नराणां शान्तिदः सुरः ॥२५॥

त्यसपछि भगवान् शिवको आज्ञा प्राप्त गरेर ती अग्निमय पुरुषले सजिलैसँग दक्षप्रजापतिको यज्ञ विध्वस्त पारे अनि फर्के । उनको क्रोध शान्त भएन, उनी डरलाग्दा थिए । उनको शरीर बल्दो आगोको रूप थियो । बल्दो अंगारको शरीर भएका ती पुरुष पुनः पृथिवीको गर्भमा पसेर पृथिवीकै छोरा भई तीनै लोक जलाउन आँटे । यसरी विश्वब्रह्माण्ड जलाउन लागेको त्यस अग्निपुरुषलाई लोकसंरक्षक महेश्वर शिवले विश्वब्रह्माण्ड जलाउने कामबाट रोके ॥२०–२२॥

दक्षप्रजापतिको यज्ञ विध्वंस गर्ने कामसम्म "वीरभद्र" भन्ने नामले प्रख्यात ती शिवसृष्ट अग्निमय पुरुष पछि संसारलाई शान्ति दिने पुरुष बने । शिवजीले उनलाई अंगारक भन्ने नामले प्रसिद्ध शान्तिदायक लोकसंमान्य मंगल ग्रह भनी घोषित गरे । शिवजीले वीरभद्रलाई संसार जलाउने कामबाट रोकी संसाररक्षक शान्तिप्रतीक मंगल ग्रह बनाए ॥२३–२४॥

भगवान् शिवले उनलाई प्रथम ग्रहको रूपमा घोषित गरेका थिए, उनी शान्तिप्रद मंगल ग्रह हुन्, अन्तरिक्षमा चम्केर रहेका छन् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीरभद्रोऽपि देवात्मा देवलोके विराजते ।
ईशेनानुगृहीतोऽसावेवं द्वैरूप्यमाप्तवान् ॥२६॥

शंकरस्य वरेणैव शान्तो देवो महीसुतः ।
अंगारकचतुर्थ्यां स्वमर्चतोऽनुगृह्णाति सः ॥२७॥

अंगारकचतुर्थ्यां ये व्रतं कुर्वन्ति भक्तितः ।
रूपमारोग्यमैश्वर्यं लभन्ते मङ्गलादमी ॥२८॥

अङ्गारकदिने सम्यगर्चितो मङ्गलग्रहः ।
रक्ताङ्गो रूपवान् हृष्टो ददाति रूपमेव नः ॥२९॥

न वर्णवाद-जातित्वाग्रहवान् मङ्गलग्रहः ।
स चार्हति मनुष्याणामर्हणां समभावतः ॥३०॥

शूद्रेण पूजितं भौमं प्राह्लादिर्दृष्टवान् यदा ।
तदा स रूपवान् जातो नानारुचिर्विरोचनः ॥३१॥

ती वीरभद्र यसरी एकरूप मंगल ग्रह भए भने आर्को रूप वीरभद्र देवता भई स्वर्गलोकमा रहन पाए । यसरी दुइ रूप बनी दुइ ठाउँमा रहन पाउनु भगवान् शिवको अनुग्रह थियो ॥२६॥

शिवको वरदानबाट शान्त भएका मंगल ग्रह देवताले मंगल चौथीका दिन आफ्नो पूजा गर्नेहरूलाई अनुगृहीत गर्दछन्, ईप्सित वस्तु दिन्छन् । जुन मानिसहरू मंगल चौथीमा श्रद्धाभक्तिले मंगलको व्रत, पूजा, उपासना गर्दछन्, तिनीहरू मंगलको अनुग्रहबाट रूप, स्वास्थ्य र संपत्ति पाउँछन् । चौथी तिथि नभए पनि मंगलवारका दिन पूजा गरिने मंगल ग्रहले, जसको शरीर रातो छ, रूपवान् छन् स्वयं, हामी सबैलाई रूप दिन्छन्, सौन्दर्य दिन्छन् । मङ्गल ग्रहलाई वर्णवाद र जातिवादको कुनै आग्रह छैन; उनले बराबर रूपमा सबै वर्ण र जातका मानिसहरूबाट पूजा प्राप्त गर्न खोज्छन् र पुजिन्छन् पनि (त्यहीं मत्स्यपुराणमा लेखिएअनुसार) असुर जातिका प्रह्लादपुत्र विरोचनले एक पटक कुनै शूद्रले मंगलको पूजा आराधना गरिरहेको देखे । देखेर मात्रै, दर्शनकै प्रभावले, उनी अत्यन्त राम्रा भए । उनको शरीरमा आभा प्रदीप्त भयो, विविधा रुचिर्यस्य सः (जसको अनेक प्रकारको छवि (कान्ति, रूपको चमक) छ त्यस्ता) अन्वर्थ नाम "विरोचन' भयो । शूद्रकृत मंगलपूजा देखेर प्रह्लादपुत्र 'विरोचन' (उत्कृष्ट रूप भएका) बने ॥२७–३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"रक्तं हि रामरं रूपं मधुरं मिष्टभोजनम्" ।
नेपाले चलिता सूक्तिरियं भौमेन पूर्यते ॥३२॥

× × ×

भौमः कथं समुत्पन्नो मातृनाम्ना च विश्रुतः ?
शैवे महापुराणेऽस्ति कथेदृशी मनोहरा ॥३३॥

दाक्षायणी सती देवी शिवस्य प्राणवल्लभा ।
योगानलेन देहं स्वं ददाह स्वपितुर्मखे ॥३४॥

ततो विरक्त ईशानः संस्मरन् स्वां प्रियां हृदा ।
दिग्वासास्त्यक्तगार्हस्थ्यो लोकान् बभ्राम दुःखितः ॥३५॥

गते बहुतिथे काले स्वगिरिं प्राप्तवान् पुनः ।
समाधौ स्थितवान् देवो निर्विकारोऽव्ययो विभुः ॥३६॥

हायनेषु व्यतीतेषु बहुषु निर्गुणः शिवः ।
समाधिं त्यक्तवान् यावत् संभ्रान्त इव सोऽभवत् ॥३७॥

"रातो राम्रो गुलियो मीठो" भन्ने नेपाली सूक्तिलाई मंगलले नै सफल, पूर्ण बनाउँछन् ॥३२॥

मंगल कसरी उत्पन्न भए ? कसरी मंगल आमाको नामबाट "भौम" भनी प्रसिद्ध भए ? यसबारे शिवमहापुराणमा यस्तो मनोरम कथा पाइन्छ ॥३३॥

भगवान् शिवकी प्राणभन्दा प्यारी पत्नी दक्षपुत्री सती थिइन् । उनले कारणवश आफ्ना बाबु दक्षप्रजापतिको यज्ञमा योगाग्निद्वारा आफ्नो शरीर जलाएर प्राणविसर्जन गरिन् ॥३४॥

त्यसपछि भगवान् शिव विरक्त भएर आफ्नी प्यारी पत्नीलाई हृदयले सम्झँदै आफ्नो घर कैलाश छोडेर दिगम्बर बनी अनेक लोक देशदेशान्तर घुम्दै रहे । अति दुःखित भएर घुम्दा घुम्दै धेरै समय बित्यो । अनि आफ्नो कैलाश पर्वत पुगे; निर्विकार, निरासक्त अविनाशी र सर्वव्यापी भगवान् शिव समाधि लगाएर रहे ॥३५–३६॥

समाधिमा धेरै वर्ष बितेपछि निर्गुण भगवान् शिवले समाधि छोडे, तत्काल केही हडबडाए जस्ता भए ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ललाटाच्छूलिनो भूमौ पतिताः श्रमबिन्दवः ।
परिणेमुः शिशुत्वेन बालकोऽभूद् मनोहरः ॥३८॥

नवजातः शिशुर्दिव्यद्युतिरूर्जस्वलो बली ।
रक्तवर्णश्चतुर्हस्तो रम्याकारो व्यलोक्यत ॥३९॥

चक्रन्द स शिशुस्तूर्णं शिवस्य पुर आतुरः ।
दिव्यः शिवात्मजो भूत्वा प्राकृतार्भकधर्मवान् ॥४०॥

बिभ्यती धरणी देवी शंकरात् कृत्यतत्परा ।
बिभ्रती तरुणीरूपं तत्र द्राक् समुपस्थिता ॥४१॥

अङ्के निधाय बालं सा प्रसूता जननी यथा ।
पाययामास स्नेहेन स्तन्यं स्वं शिवतोषिणी ॥४२॥

स्वकीयं तनयं मत्वा क्रीडापानाशनादिभिः ।
पोषयामास तं भूमिश्चुम्बन्ती तन्मुखाम्बुजम् ॥४३॥

समाधि छोडेर जाग्नेबित्तिकै भगवान् शिवजीका निधारबाट थकाइको कारणले निस्केका श्रमबिन्दुहरू (पसिनाका छिटाहरू) खसे । ती थोपाहरू बालकको रूपमा परिणत भए– पसिनाका थोपाको समूह सुन्दर बालक बन्यो ॥३८॥

त्यो नवजात बालक अत्यन्त तेजस्वी, अलौकिक कान्ति भएको, बलियो, रातो वर्ण भएको, चार हात भएको अति सुन्दर देखियो ॥३९॥

त्यो बालक दिव्य शिवपुत्र भएर पनि प्राकृत बालक जस्तै भई आत्तिँदै, संकटमा परे जस्तो गरी, तुरुन्त शिवका अगाडि रोयो, चिच्यायो ॥४०॥

त्यस बेला पृथिवी शिवदेखि डराइन्, किनभने त्यस नवजात शिशुकी आमा थिइनन्, विना आमाको बालक शिवका अगाडि रुँदा पृथिवीका मनमा कर्तव्यभावना जागृत भयो । उनले तत्काल तरुणीको रूप बनाइन्, अर्थात् तरुणी बनिन् र तुरुन्त शिवका अगाडि उपस्थित भइन् ॥४१॥

बाबु (शिव) मात्र भएको आमा नभएको त्यस बालकलाई तरुणीको शरीर बनाएकी पृथिवीले काखमा राखिन्, भर्खर सुत्केरी भएकी नारीले झैं त्यसलाई दूध चुसाइन्, यो सब काम शिवलाई प्रसन्न तुल्याउन उनले गरेकी थिइन् । पृथिवीले त्यस बालकलाई क्रीडा, पान र भोजनद्वारा पालिन् । उनले बालकसँग आमाकै व्यवहार गरिन्, काखमा राखिन्, मुख चुम्बन गरिन्, हुर्काइन् ॥४२–४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वं तत् पृथिवीकृत्यं वीक्ष्य प्रत्यक्षतां गतः ।
प्रसन्नो धरणीं देवीमुवाचेत्थं महानटः ॥४४॥

"धरणि ! मम पुत्रोऽयं मदीयश्रमबिन्दुतः ।
उत्पन्नोऽयं त्वदुत्सङ्गे पालयैनं स्वपुत्रवत् ॥४५॥

तापत्रय विमुक्तोऽयमोजस्वी च पराक्रमी ।
त्वन्नाम्ना भुवि विख्यातो भविष्यति ममात्मजः ॥४६॥

तुभ्यं मह्यं च बालोऽयं सुखं दास्यति चायतौ ।
पुत्रत्वेन गृहाणैनं पालयन्ती स्वशक्तितः" ॥४७॥

इत्युक्त्वा भगवान् शम्भुर्विरराम रसाऽवशा ।
शिवाज्ञां गृह्णती क्षिप्रं स्वस्थानं ससुता ययौ ॥४८॥

एवं शिवसुतो बालः "शैव" नाम्ना न विश्रुतः ।
प्राहुर्लोकाः सुतं भूमेर्भौममित्येव तं सदा ॥४९॥

त्यसरी आफ्ना पुत्रप्रति पृथिवीको तर्फबाट भइरहेको कर्तव्यपालन देखेर भगवान् शिव पृथिवीका अगाडि उपस्थित भए, उनी साह्रै खुसी भएर पृथिवीसँग यसरी भन्न लागे ॥४४॥

"हे पृथिवी ! यो बालक मेरा पसिनाका थोपाबाट जन्मेको हो, मेरो छोरो हो । यो मेरो छोरो तिम्रा काखमा जन्म्यो, अब यसलाई तिमी आफ्नै छोरो सम्झेर पाल । तीन ताप (दैहिक, दैविक र भौतिक) बाट छुटकारा पाएको, तेजस्वी र पराक्रमी यो बालक संसारमा तिम्रै नामले (भौम, पृथिवीपुत्र, कुज आदिं) प्रसिद्ध हुनेछ । मेरो यो छोरो, "पृथिवीको छोरो" भनी प्रसिद्ध हुनेछ । यस बालकले भविष्यमा तिमीलाई र मलाई सुख दिनेछ । यसलाई तिमी आफ्नै छोरो मानी ग्रहण गर, आफ्नो शक्ति लगाएर पालन गर्दै जाऊ ।" ॥४५–४७॥

यति भनेर भगवान् शिव चूप लागे । पृथिवी पनि विवश भई तुरुन्त छोरालाई लिएर आफ्नो स्थानतर्फ लागिन् । यस प्रकार शिवका छोरो बालक "शैव" (वा शिवपुत्र) भनी प्रसिद्ध भएन । मानिसहरू सो बालकलाई भूमिपुत्र भौम भन्दछन्, सदा सर्वदा भन्दै रहनेछन् ॥४८–४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यावद् बाल्यं भृतो भूम्या भौमो भूमिसुतो युवा ।
ययौ वाराणसीमीशं सिषेविषुः शिवाश्रिताम् ॥५०॥

तत्र विश्वेश्वरं भौमः सिषेवे नियतव्रतः ।
अविमुक्ते महातीर्थे बहूनब्दाँस्तपोरतः ॥५१॥

प्रसन्नो भगवान् देवो विश्वनाथो वितीर्णवान् ।
ग्रहत्वं लोकपूज्यत्वं मङ्गलाय तपस्विने ॥५२॥

शौर्यविक्रमसम्पन्नो ग्रहो भूमिसुतस्ततः ।
दिव्यं लोकं ययौ शीघ्रं परस्ताच्छुक्रलोकतः ॥५३॥

× × ×

स्कान्दे वाराणसीखण्डे वर्ततेऽङ्गारकाश्रिता ।
अनुयन्ती कथामुक्तां सारभूता कथेदृशी ॥५४

शैशव कालभर माता पृथिवीद्वारा पालिएर तरुण भएपछि भूमिपुत्र भौम शिवको सेवा गर्ने इच्छाले शिवको आश्रय स्थान वाराणसी गए । त्यहाँ गएपछि भौमले निश्चित नियममा रहेको तपस्वी बनेर धेरै वर्षसमम, अविमुक्त महातीर्थमा बसी, विश्वेश्वर नामक शिवको सेवा गरे । त्यसपछि उनको सेवाबाट प्रसन्न भएका भगवान् शिवले ती तपस्वी (आफ्ना पुत्र र सेवक) मंगललाई लोकसंमान्य ग्रहत्व दिए । उनलाई शिवले अन्तरिक्ष निवासी ग्रह बनाइदिए । त्यसपछि भूमिपुत्र भौम ग्रह बनी, शूरता र पराक्रमले परिपूर्ण बनेर दिव्यलोक गए । त्यो लोक भौमलोक हो, त्यो चाहिँ शुक्रलोक वा शुक्र ग्रहदेखि परतर्फ रहेको छ ॥५०–५३॥

स्कन्दपुराणको वाराणसी (काशी) खण्डमा अंगारक भौमसँग संबद्ध कथा पाइन्छ, त्यो कथा उल्लिखित (शिवपुराणको) कथा जस्तै छ । त्यसको सारांश यस्तो छ ॥५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपस्यतो दक्षसुतावियोगाद्
हिमांशुमौलेर्हिमवत्स्थितस्य ।
यः स्वेदबिन्दुर्निपपात भालात्
स चार्भकोऽङ्गारमयो बभूव ॥५५॥

अयोनिजं स्वाङ्कसमुद्भवं यं
धात्री धरित्री विबभार बाल्ये ।
तं लोहिताङ्गं हि महीतनूजं
माहेयमन्वर्थविदो वदन्ति ॥५६॥

अतीतबाल्यः स उपेत्य काशी-
मङ्गारकेशाख्य-महेशलिङ्गम् ।
संस्थापयामास स पाञ्चमुद्रे
ततस्तपोऽतप्यत शान्तचेता ॥५७॥

दाक्षायणी सती आफ्ना बाबु दक्षप्रजापतिको यज्ञमा जलेपछि, शिवजी आफ्नी प्राणप्रियाको बिछोड वेदनाबाट छटपटिएर हिमालयमा तपोरत भए । ती शिवजीको निधारबाट एक पटक पसिनाको बूँद खसेछ, त्यो बूँद आगो झैं तेजोमय थियो । पृथिवीमा खसेको त्यही बूँद बल्दो अंगार जस्तो धपधपाउँदो बालक बन्यो ॥५५॥

कुनै स्त्रीको योनिबाट नजन्मेको त्यस अयोनिज बालकलाई, जो आफ्नै काखमा जन्मेको थियो, धाई आमाको रूपमा पृथिवीले बालक छँदासम्म पालिन् । रातो शरीर भएको पृथिवीको पुत्र त्यस पुरुषलाई अवयवार्थका ज्ञाताहरू "माहेय" (महीपुत्र) भन्दछन् ॥५६॥

आफ्नो बाल्यावस्था बितेर तरुण भएपछि ती महीपुत्र (मंगल) काशी गए । उनले त्यहाँ पाञ्चमुद्र नामक स्थानमा आफ्नै नामले "अङ्गारकेश्वर" नामको शिवलिङ्ग स्थापित गरे । अनि संयमी बनेर आफ्नो मनलाई शान्त पारी, धीर बनेर, स्वस्थापित शिवलिङ्गतर्फ फर्की ध्यानस्थ भएर, तपस्या गर्न लागे ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्गारकात् प्रज्वलतो विनिर्यत्
तेजायितं तेज उदैदमुष्य ।
तपस्यतो वर्ष्मण इत्यतोऽभूत्
सोऽङ्गारको नाम जगत्प्रतीतः ॥५८॥

महत् तपो वीक्ष्य महीसुतस्य
महेश्वरस्तं महयन् प्रसन्नः ।
महोज्ज्वलं लोकमहीयितं स-
वात्सल्यमस्मै प्रददौ ग्रहत्वम् ॥५९॥

अङ्गारकेणाधिगता चतुर्थी
विघ्नेश्वराङ्गारकयोः प्रियैका
संयोगतः सैव तिथिर्बभूव.
यस्यां गणेशोऽजनि विघ्नहर्ता ॥६०॥

× × ×

शिवस्वेदोद्भवो बृहन्नारदीये स वर्णितः ।
नामभिरेकविंशत्या पूज्यश्चोक्तः फलार्थिनाम् ॥६१॥

तपस्या गरिरहेका ती अंगारक (मंगल) को शरीरबाट एउटा अद्भुत तेज निस्कन थाल्यो, त्यो तेज बलिरहेका अंगारबाट निस्के जस्तो, दाहक, तेजोमय (शक्तिसम्पन्न) थियो । त्यसपछि संसारमा तिनी "अंगारक" भन्ने नामले प्रसिद्ध भए ॥५८॥

पृथिवीका पुत्र मंगलको ठूलो तपस्या देखेर भगवान् शिवजी प्रसन्न भए । शिवजीले मंगललाई समादर गर्दै, अत्यन्त उज्ज्वल र लोकसंमानित ग्रहपद दिए । त्यो ग्रहपद प्राप्त गर्ने मंगल शिवका अत्यन्त प्रिय (पुत्र) नै थिए ॥५९॥

कुनै पनि चतुर्थी अंगारक दिन (मंगलवार) मा पर्‍यो भने त्यो तिथि गणेश र भौम दुवैको एकमात्र प्रिय दिन हुन्छ । यो संयोगकै कुरो थियो, मंगलवार चतुर्थी तिथि परेको दिन नै विघ्नविनाशक गणेशको जन्मतिथि थियो ॥६०॥

× × ×

बृहन्नारदीय (पूर्वभाग अध्याय ६९) मा मंगललाई शिवका पसिनाबाटै जन्मेको भन्ने कुरा वर्णित छ । त्यहाँ फल चाहनेहरूका निमित्त मंगलका २१ नाम बताई (एक्काईस चक्रको निर्माण गरेर) पूजन-विधि बताइएको छ ॥६१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वार्थसिद्धिदममुं महयन्तु लोकाः
कर्तव्यमोहपतिता धनिनोऽधनाश्च ।
सेव्येत भूमितनयो भुवमीहमानै
रोगार्तिहृच्च रुजया परिपीड्यमानैः ॥६२॥

वृष्टिप्रकामिभिरसौ समुपासनीयः
संगीतिकाप्रणयिभिर्वरिवस्यनीयः ।
उद्धारमुक्तिसहितं विभवं प्रभूत-
मिच्छुर्ऋणान्तकममुं धनदं समर्चेत् ॥६३॥

किं सन्ततिं विततभूतियुतां न दद्याद् ?
वक्रोऽपि नः सरलतां न दधीत भौमः ?
इत्थं स सौख्य-धन-धान्य-समृद्धि-भाग्य-
सौभाग्य-सन्ततिनिमित्तमुपास्य उक्तः ॥६४॥

× × ×

यदि कोही मानिसहरू के गर्ने ? के नगर्ने ? भन्ने निर्णय लिन नसक्ने अवस्थामा परी किंकर्तव्य विमूढ छन् भने त्यस्ता मानिसहरू धनी गरीब, जस्तासुकै भएपनि मंगलको पूजा गरून् 'सर्वार्थसिद्धिप्रद' नामले उनको पूजा गरेपछि सर्वविध फल प्राप्त हुनेछ ॥६२॥

मंगल वृष्टिदाता (वृष्टिहर्ता समेत) हुन् । वृष्टि चाहनेहरूले 'वृष्टिप्रद' भनी उपासना गर्नुपर्छ । मंगल संगीत प्रिय छन्, संगीतमा रुचि राख्नेहरूले 'सामगकृपाकर' भनी मंगलको उपासना पूजा गर्नुपर्छ । ऋण भएका मानिसहरूले ऋणबाट छुट्कारा एवं प्रशस्त धनोपार्जन चाहेमा 'ऋणान्तक' 'धनप्रद' भन्ने नामले मंगलको अर्चना गर्नुपर्छ ॥६३॥

के मंगलले हामीलाई पर्याप्त ऐश्वर्य धनसम्पतिले युक्त भएको सन्तान न देलान् ? (अवश्य देलान्) । के वक्र (टेढो) मंगलले हामीप्रति सरलताको व्यवहार न गर्लान् ? (अवश्य गर्लान्) । यसप्रकार सुख, धन, अन्न, ऐश्वर्य, भाग्य, सौभाग्य (पतिको दीर्घायु वा पतिसँग कहिल्यै विछोड नहुने अवस्था, नारीका निमित्त) र सन्तान प्राप्तिका लागि मंगलग्रह उपास्य मानिएका छन् ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्कान्द अवन्तीखण्डे तु मङ्गलः स्फुटमुच्यते ।
महादेवसुतश्चैवं धरणीसुत इत्यपि ॥६५॥

शिवान्धकमहासंख्यप्रसङ्ग आन्धकासृजि ।
पीते देवीभिराश्रान्त-निःश्वासयुक्त-शूलिनः ॥६६॥

ललाटात् स्यन्दमाना ये पतिताः स्वेदबिन्दवः ।
बभूव निचयस्तेषां भूमेरङ्कं गतः शिशुः ॥६७॥

भालाच् छिवाङ्गात् संजातः स्वोत्सङ्गे धरया धृतः ।
अतः शिवेन जनितो धरण्यामिति लक्षितः ॥६८॥

शिवभालजनिर्बालो धरणीगर्भसंभवः ।
आवन्त्योऽङ्गारको रक्तनयनो लोहिताङ्गकः ॥६९॥

आवन्त्यब्राह्मणैः स्तुतो ग्रहत्वं प्रापितश्च तैः ।
तीर्थमङ्गारकं वित्तमवन्तीविषये स्थितम् ॥७०॥

स्कन्द पुराणको अवन्तीखण्डमा स्पष्ट शब्दमा मंगललाई महादेवसुत र धरणीसुत भनिएको छ । शिव र अन्धकासुरको महासंग्राम भइरहेको सन्दर्भमा, युद्धकालको बीचमा, अन्धकासुरको रगत देवीहरूले पिएपछि, श्रान्त र निःश्वासयुक्त भगवान् शिवको निधारबाट चमकदार पसिनाका बूँदहरू बग्दै भूमिमा खसे । ती बूँदहरूको पिण्डीभूत थुप्रो (डल्लो) पृथ्वीको काखमा प्राप्त एक बालक बन्यो ॥६५–६७॥

शिवको निधार अंगबाट जन्मी पृथ्वीद्वारा आफ्ना काखमा राखिएका मंगललाई शिवद्वारा पृथ्वीमा जन्मेका भनिएको छ । मंगल बालक (कुमार) शिवललाटसंभूत हुनुको साथै धरणीगर्भ संभूत भए । मंगल अवन्तीदेशीय हुन्, यिनी बल्दो अंगार जस्ता अंगारक हुन्, यिनका आँखा राता छन्, शरीर सम्पूर्ण रातो वर्णको छ । मंगललाई अवन्ती देशवासी ब्राह्मणहरूले स्तुति गरेर ग्रहपदमा पुऱ्याए । अवन्ती देशमा 'अंगारक' नामको मंगलसंबद्ध प्रसिद्ध तीर्थ छ ॥६८–७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मणा स्थापितं तत्राङ्गारकेश्वरलिङ्गकम् ।
अङ्गारवासरे स्नात्वा दृश्यतेऽङ्गारकेश्वरः ॥७१॥

भौमान्वितचतुर्थीषु चतसृषु महीसुते ।
अर्घ्यं पञ्चविधं देयं रूपसन्तानकामिभिः ॥७२॥

अङ्गारकाराधनमीप्सुभिः स
आवन्त्यभौमः समुपासनीयः ।
अङ्गारकेशोऽपि च दर्शनीयो
विशेषतेयं हि वरीवृतीति ॥७३॥

पशुपतिकृपया ग्रहो बभूव
धरणितनूज इति प्रसिद्धिरिद्धा ।
इह तु समुदितं स्तुतो महीजो
धरणिसुरैरधिरोहितो ग्रहत्वम् ॥७४॥

× × ×

त्यहीं ब्रह्माजीले अंगारकेश्वर शिवलिङ्ग स्थापित गरे । मंगलवारका दिन नुहाएर अंगारकेश्वरको दर्शन गर्ने चलन छ ॥७१॥

चारबटा मंगलचौथीहरूमा, अंगार तीर्थमा, रूप र सन्तान चाहने मानिसहरूले पाँच प्रकारको अर्घ मंगललाई चढाउनुपर्ने व्यवस्था पनि त्यहाँ उल्लिखित छ ॥७२॥

यहाँ यस प्रसङ्गमा (अवन्तीखण्डको भनाइमा) के विशेषता पाइन्छ भने अंगारक (मंगल) को आराधना गर्न खोज्नेहरूले अवन्तीदेशीय भौमकै उपासना गर्नुपर्दछ, त्यहाँ अंगारेश्वर शिवलिङ्गको दर्शन र पूजन पनि गर्नुपर्छ ॥७३॥

मंगल भगवान् शिवको कृपाद्वारा, वरदानद्वारा अन्तरिक्षमा ग्रहपदमा अधिष्ठित भए भन्ने कुरा सर्वत्र प्रसिद्ध छ । मंगलसम्वद्ध कथाहरूमा सर्वविदित छ । (सोही कुरा यस प्रबन्धमा पनि तत्र तत्र उल्लिखित छ) तर यहाँ अवन्तीखण्डमा भने शिवले ग्रहपद दिएको कुरा छैन, यहाँ त "अवन्तीदेशका ब्राह्मणहरूले मंगलको स्तुति गरे र ग्रहपदमा अधिष्ठित तुल्याए" भन्ने उल्लेख छ ॥७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"हरांशसम्भवो देवः कुजातः पृथिवीसुतः ।
सत्त्वस्थः सत्त्वसम्पूर्णः शूरः शक्तिधरो भुवि ॥

तीक्ष्णः क्रूरग्रहो देवो लोहिताङ्गः प्रतापवान् ।
कुमारो रूपसंपन्नो विद्युत्पातमयः प्रभुः ॥

अनेन भर्जिता दैत्याः क्रव्यादा ये सुरद्विषः ।
दशायोगाच्च मनुजा उद्भिज्जाः पशुपक्षिणः ॥"

इत्थं भौमस्य प्रकृतेः प्रक्रान्ता तज्जनेः कथा ।
पाद्मेऽस्ति सृष्टिखण्डे या तस्याः सारांश उच्यते ॥७५॥

हिरण्याक्षान्वये कश्चिदन्धकाख्यो महासुरः ।
विष्णोर्वरप्रदानेन जज्ञेऽमेयपराक्रमः ॥७६॥

सर्वेषां लोकपालानां निर्जराणां जहार सः ।
यागभागाँश्च राज्यानि सुखानि च महाबली ॥७७॥

ततो विषण्णमनसः सर्वे देवाः सवासवाः ।
धातारं शरणं प्राप्य स्वदुःखानि न्यवीविदन् ॥७८॥

उपर्युक्त "हरांश संभवो .... पशुपक्षिणः" पद्मपुराण सृष्टिखण्ड (अध्याय ८३) का पद्य हुन् । यी श्लोकहरूद्वारा मंगलको प्रकृति बताएर मंगलको उत्पत्ति कसरी भयो ? यो कुरा त्यसमा वर्णन गरिएको छ । त्यसको सारांश (आफ्ना शब्दमा) यहाँ प्रस्तुत गरिन्छ ॥७५॥

हिरण्याक्षको वंशमा विष्णुको वरदानबाट अतुलनीय पराक्रम भएको कुनै एउटा अन्धक नाम भएको असुर (अन्धक महासुर) जन्मेछ ॥७६॥

त्यस अन्धकासुरले सम्पूर्ण लोकपालहरूका र देवताहरूको यज्ञभाग, राज्य र सुख हरण गऱ्यो । किनकि ऊ सारै बलियो थियो, उसलाई जित्न देवताहरू र लोकपालहरू असमर्थ थिए ॥७७॥

त्यसपछि अन्धकासुरद्वारा थिचिएका लखेटिएका इन्द्र आदि सबै देवताहरू साह्रै खिन्न भएर दिग्दार भएको मानसिकतासाथ ब्रह्माजीको शरणमा पुगी उनका अगाडि आफ्ना दुःखहरू बिसाए (पोखे) ॥७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचिकित्साभिधां मायां श्रद्धायुक्तं स्मरं तथा ।
अन्धकासुरमोहाय विससर्ज पितामहः ॥७९॥

अन्धकः कामवानन्धो ब्रह्ममायाविमोहितः ।
योषाणां मार्गणे लग्नो बभ्राम परितस्ततः ॥८०॥

एकदा हिमवत्पृष्ठे पार्वतीं वीक्ष्य मोहिनीम् ।
अन्धको मायया ग्रस्तो ग्रहीतुं तां समुद्यतः ॥८१॥

शिवाज्ञयाऽमरान् नन्दी युद्धाय समजीघटत् ।
उभयोः पक्षयोर्युद्धं दारुणं समजायत ॥८२॥

युद्धे निषूदितान् दैत्यान् भार्गवः समजीवयत् ।
नन्दिनाऽऽनाय्य काव्यं तं न्यगिलच्च कपालभृत् ॥८३॥

देवताहरूको अनुरोध अनुसार ब्रह्माजीले विचिकित्सा नाम भएको माया र श्रद्धायुक्त कामदेव अन्धकासुरलाई ,मोहित पार्न र कामान्ध तुल्याउन पठाइदिए ॥७९॥

ब्रह्माजीले पठाएका श्रद्धायुक्त कामदेव र विचिकित्सा माया, यी दुवैले अन्धकासुरलाई अँठचाए, उसलाई कामान्ध, विक्षिप्त तुल्याए । अनि त ऊ सुन्दरी स्त्रीहरू खोज्ने काममा लाग्यो, चारैतिर भ्रमण गर्न प्रवृत्त भयो ॥८०॥

एक पटक हिमालय पर्वतको भूभागमा अन्धकासुरले शिवप्रिय पार्वतीलाई देख्यो । ब्रह्माजीको विचिकित्सा मायाले पागल बनाइएको अन्धकासुरले पार्वतीको मनमोहक सौन्दर्य देखेपछि मन थाम्न सकेन र उनलाई समात्न आँट्यो ॥८१॥

त्यसपछि शिवजीका गणपालक नन्दीले शिवजीको आज्ञानुसार देवताहरूलाई संगठित गरी, सबै देवताहरूलाई बोलाएर युद्धको तयारी गरे । अन्धकासुरका लडाकु असुरहरू तथा देवताहरू, यी दुवै पक्षको बीच घनघोर लडाइँ भयो ॥८२॥

लडाइँमा जति असुरहरू मारिन्थे, ती सबैलाई शुक्राचार्यले बचाइदिन्थे । त्यसबाट कुपित भएका शिवजीले नन्दीद्वारा शुक्राचार्यलाई ल्याएर स्वात्तै निलिदिनु भयो, शुक्रचार्यजी शिवका पेटभित्र पसे ॥८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मिन् युद्ध उपस्थाय शूली त्रिशूलमन्धके ।
प्रायुङ्क्त न पुनर्दैत्यो ममार वरदर्पितः ॥८४॥

ततो युद्धं परित्यक्तमतिश्रान्तेन शम्भुना ।
भृङ्गि-रिटि-गण-स्वाम्यं दत्त्वाऽन्धकः समादृतः ॥८५॥

ततश्च भार्गवः शुक्रः शुक्रं तेजस्तथाऽत्मनः ।
सहैव शम्भुनोद्गीर्णो भार्गवः स्वालयं ययौ ॥८६॥

पतितं शैवशुक्रं तत् पृथिव्यां प्राविशत् क्षणात् ।
निर्गतो ज्वलनात्मा भूसुतो भौमो हरांशकः ॥८७॥

एवं हरांशजातोऽपि हरपुत्रः स नोच्यते ।
मातृनाम्नैव विख्यातो भौमो भूमिसमुद्भवः ॥८८॥

× × ×

त्यस युद्धमा भगवान् शिवजी आफू स्वयं उपस्थित भई अन्धकासुरमाथि त्रिशूल प्रहार गर्नुभयो, तर विष्णुको वरदानले अहंकारी बनेको अन्धकासुरलाई त्रिशूलको प्रहार न्यून भयो, त्रिशूलले घोचिएन, ऊ मरेन ॥८४॥

त्यसपछि शिवजी थाकेर लडाई छाडिदिनुभयो, लडाई सकियो । अन्धकासुरलाई मार्न नसकिएपछि त्यसलाई आफ्नै भृङ्गिरिटिगणको मालिक गणपाल बनाएर आदरपूर्ण स्थान दिनुभयो ॥८५॥

त्यसपछि शिवजीले आफूले निलेका भार्गव शुक्र (शुक्राचार्य) लाई र आफ्नो शुक्र तेज (वीर्य) एकसाथ बाहिर उकेलिदिनु भयो । भार्गव शुक्र आफ्ना घरतर्फ लागे ॥८६॥

पृथ्वीमा खसेको शिवजीको वीर्यात्मक तेज उत्तिखेरै पृथ्वीको गर्भमा पस्यो, केही बेरपछि बल्दो आगोको मुस्लो जस्तो पुरुष बनी पृथ्वीको गर्भबाट बाहिर निस्क्यो । यसरी शिववीर्यबाट उत्पन्न त्यो अग्निमय पुरुष भूमिपुत्र भौम भनियो । शिवांश (शिवपुत्र) भए तापनि 'शिवपुत्र' भनिएन । यिनै भूमिपुत्र भौम शिवजीको इच्छा र अनुग्रहले पछि अन्तरिक्षमा रहने भौम ग्रह बनेका हुन् ॥८७-८८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भौमवासरयुक्ता या सुखा नाम्नी चतुर्थिका ।
तस्यामाराध्यतां भौमो रूपसौभाग्यकामिभिः ॥८९॥

एतत्प्रस्ताव-सन्दर्भे निरुच्याङ्गारकं पदम् ।
भविष्ये वर्णितो भौमः शिवयो रक्तबिन्दुजः ॥९०॥

गत्यर्थधातुरगिरस्ति सनुम् तदस्मा-
दारे 'क' तद्धितयुतः कुजवाचिशब्दः ।
अङ्गारको भवति, यो ज्वलदुल्मुकस्य
रूपं धरन्तमवनीतनयं प्रवक्ति ॥९१॥

अङ्गादरेण जनितो हि स चन्द्रमौले-
रङ्गारकोऽस्त्यभिहितोऽरुणवर्णरुच्यः ।
दानार्थराप्रकृतिराङ्सहिता च याऽस्ति
सा केन केन कुरुतेऽङ्गदमर्थमन्यम् ॥९२॥

मंगलवार चतुर्थी तिथि परेको छ भने त्यसलाई सुखा (सुखदिने) चतुर्थी भनिन्छ । रूप, सुख, सौभाग्य चाहनेहरूले त्यस्तो चतुर्थीमा मंगलको आराधना, उपासना गर्नुपर्छ । यो कुरा वर्णन गर्ने प्रसङ्गमा 'अंगारक' पदको उत्पत्ति देखाउँदै भविष्यपुराण (ब्रह्मपर्व अ. ३१ तथा उत्तरपर्व अ. ३१) मा शिवपार्वतीका रक्तविन्दुबाट उत्पन्न भौम (मंगल) को वर्णन यसप्रकार गरिएको छ ॥८९–९०॥

गत्यर्थ 'अगि' धातु छ, यसमा नुमागम भई अङ्ग् बन्दछ । त्यसबाट आर (न्) प्रत्यय हुँदा अंगार बन्दछ, त्यसमा 'क' तद्धित प्रत्यय थपेपछि अंगारक शब्द बन्दछ । अंगार र अंगारक यी दुवै शब्दले अंगार र मंगलग्रहलाई बुझाउँछन् । अंगारक शब्दले बल्दो अंगार (अगुल्टो) को जस्तो तेजोयुक्त रातो रूप भएका मंगल ग्रहलाई बुझाउँछ ॥९१॥

शिवजीका अंगबाट अरेण (एकदम छिटो अकस्मात्) जन्मेका हुनाले भौमलाई अंगारक भनियो, यिनी रातो वर्णले अत्यन्त राम्रा छन् । अथवा अर्को अर्थ यस्तो छ- 'रा दाने' धातु आङ्पूर्वकबाट कृत् 'क' प्रत्यय र तद्धित 'क' प्रत्यय गरेर अंगारक शब्द बन्दछ, अङ्गानि आ समन्ताद् राति = ददाति भन्ने व्युत्पत्तिबाट मानिसहरूलाई सम्पूर्ण अंग प्रत्यङ्गमा स्वास्थ्य र पुष्टि दिने ग्रह अंगारक हुन् ॥९२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सौभाग्यमिच्छति सदा वनिता स्वभर्तु-
रारोग्यरूपमभिलष्यति सर्व एव ।
अङ्गोपकारक इदं त्रितयं प्रदाय
सोऽङ्गारकोऽन्तरितवर्णविनाशसाध्यः ॥९३॥

योऽनाद्यनन्तपुरुषः प्रकृतिं समेत्य
निर्माति पाति विनिहन्ति जगत् सलीलः ।
शब्दात्मकः पदपदार्थतया विवृत्य
सञ्चालकोऽस्ति जगतः सततं स एव ॥९४॥

साकारतां दधदुमापतिरीश एष
मायामुमां रमयति स्म जगन्नियन्ता ।
अब्दानयीयपदहो ! भगवानमेयान्
रन्तुं प्रवृत्त उमया किमु माययैव ॥९५॥

(कुनै पनि) नारी सदा सर्वदा पतिकी प्यारी हुन र सधवा भई जीवन बिताउन चाहन्छे । (जो कोही) मानवमात्र रूपवान् हुन र निरामय रहन चाहन्छ । सौभाग्य, आरोग्य, रूप, यी तीनथोक दिने अङ्गारक अङ्गोपकारक छन् । तसर्थ 'अंगोपकारक' भन्दा भन्दै बीचमा ओपक् वर्णलुप्त भई (पृषत् उदर-पृषोदर, पञ्च-कांग्रेस=पंचांग्रेस, जस्तै) अंगारक शब्द बन्दछ ॥९३॥

जुन अनादि अनन्त परब्रह्मतत्त्वात्मक भगवान्ले प्रकृति (माया) लाई समेटेर संसारलाई लीलापूर्वक बनाउने पाल्ने र लयमा पुऱ्याउने गर्छन्, यो सबै उनै शब्दब्रह्मात्मक, ओम् तत्त्वरूप भगवान् शिवको विवर्त हो– पदपदार्थरूप जगत् । निरन्तर उनै परमात्माद्वारा संसार संचालित छ ॥९४॥

भगवान् निराकार परब्रह्मात्मक शिवले साकार रूप लिए र उमापति शिव भए । मायाले साकार रूप धारण गरिन् र हिमालयपुत्री पार्वती बनिन् । यिनै शिव र पार्वती गनेर नसकिने, अडकल (वा अनुमान) गर्नै नसकिने वर्षसम्म, कैलासमा, हिमालय पर्वतका अन्य भागहरूमा रमण गर्दै (रतिक्रीडामा भावुक बनेर) रहे ॥९५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं तयो रमयतोस्तनुतोर्हिमाद्रौ
यो रक्तबिन्दुरवनौ न्यपतत् कदाचित् ।
रक्ताङ्ग एव शिवशक्तिपृषद्भवोऽसा
वङ्गारकोऽर्भक उदैदवनीसुतत्वे ॥९६॥

दध्रे स धात्रीयितया धरित्र्या
प्रपालितः साम्बशिवं प्रसाध्य ।
एवं स रक्तो रुधिरो महीजो
निरुच्यतेऽङ्गारक आवनेयः ॥९७॥

आरोऽङ्गारः कुमारोऽसौ शैशवे भूमिवर्धितः ।
दत्त्वा ग्रहपदं व्योम्नि शूलिना प्रेषितो युवा ॥९८॥

रूपसौभाग्यदातारमङ्गप्रत्यङ्गरक्षिणम् ।
गणेशपूजनात् पश्चात् पूजयन्तु महीसुतम् ॥९९॥

× × ×

यसप्रकार हिमालयपर्वतको कुनै भागमा रमण गरिरहेका शिवपार्वतीका शरीरबाट जुन रक्तबिन्दु (रातो वर्ण भएका पसिनाका थोपाहरू भन्ने अर्थमा) पृथ्वीमा खस्यो कुनै बेला, त्यही शिवशक्तिका पसिनाको थोपाबाट उत्पन्न रातो वर्णको बालक, जसलाई अंगारक भनिन्छ, पृथ्वीका छोराको रूपमा उदायो ॥९६॥

त्यस बालकलाई धाई आमा बनेकी पृथ्वीले लिइन्, धारण गरिन् र शिव र पार्वतीलाई खुशी गराउन पालिन् पनि । यसरी रक्त = रातो रुधिर (रगत झैं रातो) महीज, अंगारक र आवनेय भनिन्छन् मंगल ॥९७॥

आर अंगार नाम भएका यी कुमार बाल्य अवस्थामा पृथ्वीद्वारा पालिएर हुर्काइए । तरुण भएपछि शिवजीले उनलाई अन्तरिक्षतर्फ पठाए । मंगलले शिवजीबाट ग्रहपद पाए, अन्तरिक्षतर्फ गए ॥९८॥

रूप र सौभाग्यका दाता, अंग-प्रत्यङ्गका संरक्षक मंगललाई (मंगलवार चतुर्थी तिथि परेमा) गणेशको पूजा गरेपछि पुज्नुपर्छ । पहिल्यै गणेशको पूजा अनि मंगलको पूजा गर्नुपर्छ ॥९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्कान्दे प्रभासखण्डे तु दृश्येयमन्यथा कथा ।
यत्र शर्वाश्रुतो जातो धरणीतनुजो ग्रहः ॥१००॥

त्रिपुरं हि दिधक्षुरीश्वरः
कुपितो विश्वलयोद्यतो यथा ।
अथ तस्य तृतीयनेत्रतो
निपपाताश्रु तनूनपात्तनु ॥१०१॥

स्रवदश्रु हि भाललोचनाज्
ज्वलदङ्गारमयं भुवोऽङ्कगम् ।
पृथुकः पृथिवीसुतोऽभवद्
द्युतिमद्विग्रह आदृतो ग्रहः ॥१०२॥

अवनी जननी शिशुं सुतं
पतितं स्वाङ्क इमं शिवाश्रुजम् ।
समधापयतातिवत्सला
ववृधेऽङ्गारक आशु शैशवे ॥१०३॥

स्कन्दपुराणको प्रभासखण्डमा भने अर्कै किसिमको कथा देखिन्छ, जहाँ शिवजीका आँसुबाट धरणीपुत्रको रूपमा मंगलग्रहको जन्म भएको थियो ॥१००॥

त्रिपुरासुर र भगवान् शिवजीको घनघोर लडाई भइरहेको बेलामा त्रिपुरलाई जलाउन खोज्ने शिवजी साह्रै रिसाए, उनका रिसको ज्वाला संसारको प्रलय गर्ने बेलाको जस्तो भयो । उनको निधारमा रहेको अग्निमय तेस्रो आँखाबाट आगोको मुस्लो जस्तो आँसु (को थोपा) खस्यो ॥१०१॥

शिवजीको ललाटबाट बग्दो आँसु बलिरहेको अंगार जस्तो थियो, त्यो पृथ्वीको काखमा पुग्यो । अनि त्यो पृथ्वीपुत्र बालक तेजिलो शरीर भएको सम्मानित मंगलग्रह भयो ॥१०२॥

शिवका आँसुबाट जन्मी आफ्नो काखमा पर्न आएको यस बालकलाई आमाकै रूपमा रहेकी पृथ्वीले अत्यन्त स्नेहका साथ दूध खुवाइन् । भौम अंगारक बालक पनि बाल्यावस्थामा आमा पृथ्वीको काखमा हुर्कंदै गए ॥१०३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवनं जननं ततः पर-
मभिजानान उमापतिं गुरुम् ।
स कुमार इलां स्वमातरं
प्रणमन् प्रापदथो प्रभासकम् ॥१०४॥

ततः प्रभासे प्रयतो महीजो
ध्यायञ् शिवं शङ्करमात्ममूलम् ।
अन्तर्मुखो वैधसमाधिनिष्ठो-
ऽतपस्यदब्दानमितान् दृढात्मा ॥१०५॥

आराधितः शङ्कर आत्मजेन
भौमेन् चैकात्मतयाऽर्पितेन ।
स आशुतोषो वरदानमिच्छुः
पप्रच्छ– "किं काङ्क्षसि वत्स ! मत्तः" ॥१०६॥

"अयं प्रभो ! कामयते ग्रहत्वं
न किञ्चनान्यज् जगदीश्वरात् त्वत्" ।
ततः स ईशेन समूर्जितो द्राग्
ग्रहत्व-पूज्यत्व-नजेयताभिः ॥१०७॥

आफ्नो संरक्षण, आफ्नो जन्म तथा शिवलाई आफ्ना गुरु (पूज्य पिता) भन्ने कुरा राम्ररी जानेबुझेका कुमार मंगल माता पृथ्वीलाई ढोगेर विदा भई प्रभासतर्फ लागे ॥१०४॥

त्यसपछि कुमार मंगल प्रभास क्षेत्र पुगे । उनले आफ्ना मूल कारण (जन्मदाता) भगवान् शिवलाई कल्याणकारी आराध्य देव मानी उनको ध्यानमा मग्न भए । उनी विधिवत् समाधिनिष्ठ भई आत्मकेन्द्रित अन्तर्मुख भएर अनेकौं वर्षसम्म तपस्यामा लीन रहे ॥१०५॥

आफूतर्फ एकोहोरिएर समर्पित भएका आफ्नै आँसुबाट उत्पन्न भौमले आराधना गरिएका, शीघ्र प्रसन्न हुने स्वभाव भएका भगवान् शङ्करले मंगललाई सोधे 'बाबू ! तिमी मबाट के चाहन्छौ ? कुन उद्देश्यले तप गरिहेका छौ ?' ॥१०६॥

त्यसपछि मंगलले भगवान् शिवलाई अनुरोधपूर्वक विन्ति गरे- 'हे प्रभो ! म हजूरबाट ग्रहपद चाहन्छु, जगत्का मालिक हजूरबाट ग्रहत्वबाहेक अरू कुनै तुच्छ चीज म मागिदनँ ।' त्यसपछि शिवजीले उनलाई ग्रहपद, पूज्यत्व र अजेयत्व दिएर अत्यन्त बलवान् र तेजस्वी तुल्याए ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवात् प्राप्तवरो भौमो ग्रहत्वेनाम्बरं ययौ ।
शुभदः स्वं स्मरद्भ्योऽसौ शोभते ग्रहमध्यगः ॥१०८॥

× × ×

उपचर्चित-पाद्मोक्त-कथातो भिन्नरूपिणी ।
शिवान्धकाहवाख्याने वामनीया कथेदृशी ॥१०९॥

सुदारुणं युद्धमभूद् हिमाचले
चिरं हिरण्याक्षसुतेन शूलिनः ।
पलायिते दैत्यगणे रणाजिरान्-
न्यलाययत् स्वीयतनौ सुराञ् शिवः ॥११०॥

तदैकलौ तौ रणभूमिशोभिनौ
शिवान्धकौ पद्गतया युधि स्थितौ ।
गदां गृहीत्वाऽन्धक आययौ शिवं
त्रिशूलमुद्यम्य शिवोऽभ्ययादमुम् ॥१११॥

शिवजीबाट वरप्राप्त गरेका मंगल ग्रहपद प्राप्त गरी अन्तरिक्षतर्फ गए । उनी अन्यग्रहहरूको मध्यभागमा सुशोभित छन् र आफूलाई संझने, आराधना गर्नेहरूलाई मंगल प्रदान गर्छन् ॥१०८॥

उल्लिखित पद्मपुराणको कथा भन्दा भिन्नै किसिमको मंगलोत्पतिसंबद्ध कथा शिव र अन्धकासुरको युद्धको आख्यानमा पाइन्छ । वामनपुराणको त्यो कथा यस्तो छ– ॥१०९॥

एकपटक हिमालयमा भगवान् शिव र हिरण्याक्षका छोरा अन्धकासुरको बीचमा धेरैकालसम्म घनघोर युद्ध भयो । अन्धकासुरतर्फ उसका सहयोगी दैत्यहरू थिए, शिवजीतर्फ स्वकीय गण र इन्द्रादि देवता थिए । लडाइँको सन्दर्भमा हार खाएर दैत्यगण रणभूमिबाट भागे अनि शिवजीले पनि सम्पूर्ण देवताहरूलाई आफ्ना शरीरमा लुकाए ॥११०॥

त्यस बेला रणभूमिमा शिव र अन्धक दुवै पक्षमा एक्ला एक्ला बाँकी रहे । उनीहरूले वाहन छोडे, रणभूमिमा शोभायमान दुई वीर पैदल लडाकुको रूपमा खडा भए । अन्धकासुर हातमा गदा लिएर शिवतर्फ आइलाग्यो भने शिवजी हातमा त्रिशूल लिई अन्धकासुरतर्फ होमिए ॥१११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिरं प्रवृत्ते तुमुलेऽन्धकः स
मूर्धानमाहन् गदया शिवस्य ।
अजस्रमस्यन्दत रक्तधारा
महेशमूर्ध्नः प्रथमं प्रवृत्ता ॥११२॥

चण्डोऽथ रुद्रो ललिताद्यराज
एवं परे पञ्च तदस्रजाताः ।
समुद्गता भैरवनामदेवाः
प्रतिष्ठिता अष्ट शिवांशभूताः ॥११३॥

ततश्शिवस्तत्प्रतिकारमिच्छु-
र्निखातवानन्धकमूर्ध्नि शूलम् ।
उत्खातवाँश्छत्रवदञ्चितं तत्
स्रोतस्वतीवास्रवदस्रधारा ॥११४॥

लडाई मच्चिँदै गयो, दुवैका बीचमा भनाभन र हानाहान समेत धेरै बेरसम्म भयो । अन्धकासुर आत्तियो, शिवजीका टाउकामा आफ्नो गदाले बेसरी हिर्कायो । शिवजीका टाउकाबाट (त्यस भन्दा अगाडि कहिल्यै त्यस्तो घटना नभएकाले) पहिलो पटक, रगतको धारा बग्यो, निरन्तर बगिरह्यो ॥११२॥

त्यसरी शिवजीको टाउकोबाट अजस्र बगेको रगतका धाराबाट चण्ड, रुद्र, ललितराज, आदि आठवटा भैरव नामक देवहरू जन्मे । यी भैरवहरू शिवांश देव हुन् र लोकमा प्रतिष्ठित एवं सम्मानित छन् ॥११३॥

त्यसपछि भगवान् शिवजीले आफूमाथि गदा प्रहार गरेको बदला लिने इच्छा गर्दै अन्धकासुरको टाउकोमा त्रिशूल रोपे, त्रिशूल यसरी गाडिदिए कि त्यो उसका टाउकामा छाता झैं सुशोभित भयो । अनि शिवजीले त्रिशूल उखेलेपछि अन्धकासुरको टाउकोबाट नदी को धारा झैं रगतको धारा बग्न लाग्यो ॥११४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकण्ठमग्नस्य यदान्धकास्रे
श्रान्तस्य शम्भोः पतितं ललाटात् ।
बिन्दुद्वयं तद् रुधिरे विमिश्रं
व्यजीजनद् बालयुगं क्षणेन ॥११५॥

आद्यो वहञ् शोणित-लिप्तबिन्दु-
र्बभूव कन्या किल चर्चिकेति ।
सा लोकपूज्यत्ववरं महेशा-
ल्लब्ध्वा ययौ विन्ध्यगिरिं प्रसन्ना ॥११६॥

द्वितीयबिन्दुश्च ललाटमार्गात्
पपात भूमौ रुधिरेण मिश्रः ।
अङ्गारपुञ्जच्छविरर्भकोऽस्माज्
जज्ञे महीपुत्रतया तदङ्के ॥११७॥

भगवान् शिवजी अन्धकासुरका टाउकाबाट बगेको रगतमा घाँटीसम्म डुबे, उनी आत्तिए, थाकेका उनको निधारबाट दुइथोपा पसिनाका बूँदहरू खसे, अन्धकासुरका गदाको हिर्काइले उनको टाउकोबाट निधारतर्फ बगिरहेको रगतमा ती पसिनाका बूँद मिसिए । सेता तेजोमय स्वेदबिन्दु र रगत मिसिंदा (रजोबीजसंयोग जस्तै) पिण्ड (डल्लो) बनी जुम्ल्याहाको रूपमा दुई शिशु (एक कन्या, एक बालक) जन्मे ॥११५॥

रगतले लिपिएको पहिलोचाहिं स्वेदबिन्दुले (पसिनाको बूँद) शिवको शरीरमै बग्दा बग्दै कन्याको रूप प्राप्त गऱ्यो । रुधिर चर्चितत्वात् (रगतले लिपिएकोले) चर्चिका नामकी ती देवी, लोकद्वारा पूजित हुने वरदान शिवबाट प्राप्त गरी खुशीसाथ विन्ध्याचलतर्फ लागिन् ॥११६॥

दोस्रो पसिनाको बूँद शिवजीकै टाउकाबाट बगेको रगतमा मिसिएर निधारको बाटो, लेदो, तथा पिण्ड (डल्लो) बन्दै भुइँमा खस्यो । भुइँमा पुग्दापुग्दै त्यो (रगत पसिना मिसिएको डल्लो) बल्दो आगाको अंगारको मुस्लो जस्तो कान्तिमान् बनी एउटा झलझलाउँदो बालकको रूपमा परिणत भयो, पृथ्वीकै काखमा तेजोमय सजीव बालक बनेकोले पृथ्वीकै छोराको रूपमा (भूमिसुत, भौम, कुज, महिज आदि नामले प्रसिद्ध) मान्यता पायो ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पपौ पिपासातुर आन्धकासृग्
आतर्पणं बालक आप्लुतोऽस्मिन् ।
अथो महीपालित एष बालो
बभूव भौमः कुज आवनेयः ॥११८॥

"शुभाशुभैर्वत्स ! फलैर्मनुष्या-
ननुग्रहीष्यन् ग्रहनायकत्वम् ।
लब्ध्वाऽन्तरिक्षं व्रज मद्वरेण
ग्रहान्तरैर्योत्स्यस ऊर्जितस्त्वम्" ॥११९॥

युवानमेवं भगवान् पिनाकी
वरेण वीरं विदधत् कुमारम् ।
संप्रेषयामास ततोऽन्तरिक्षे
विशिष्टलोकं प्रददद् ग्रहेषु ॥१२०॥

जन्मने बित्तिकै त्यो बालक तिर्खाले साह्रै आत्तियो, अन्धकासुरको रगतमा डुबेको त्यसले अघाउञ्जेल अन्धकासुरको रगत पियो । (रगत र पसिनाबाट जन्मेको रगतै पिएर अघाएको) त्यो बालक पृथ्वीद्वारा पालिई भौम कुज, आवनेय भन्ने नामले पुकारियो ॥११८॥

'ए बाबू, तिमी मानिसहरूलाई शुभ वा अशुभ फल दिनेछौ, मानिसहरूलाई अनुगृहीत पार्नेछौ, तिमी ग्रहनेता बन, मेरो वरद्वारा बलवान् बनी अन्तरिक्षतर्फ जाऊ, तिमी अन्तरिक्षमा रहँदा बस्दा तेजस्वी र बलवान् बनी अरू ग्रहसँग वीरतापूर्वक लड्नेछौ ।' यसप्रकार तन्नेरी भएका ती मंगललाई भगवान् शिवले वरद्वारा वीर बनाए । ती कुमार (विवाहको उमेर भएपनि विवाह नभएका) लाई ग्रहहरूको बीचमा विशिष्ट ग्रहलोक प्रदान गरी शिवजीले अन्तरिक्षतर्फ पठाए ॥११९–१२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वदन्ति मङ्गलं लोका आरमायोधनग्रहम् ।
तन्मूलोऽयं वरः शैव इत्येतदवगम्यताम् ॥१२१॥

माहेश-स्वेद-रुधिरे रुधिरमन्धकस्य च ।
निर्ममुर्मूर्तिसंपन्नं भूसुतं रुधिरग्रहम् ॥१२२॥

× × ×

ग्रन्थे गाणपते प्रोक्तो भारद्वाजसुतः कुजः ।
गणेशं स समाराध्य स्वर्गतस्तदनुग्रहात् ॥१२३॥

भारद्वाजः स मुनिरभवत् सर्वशास्त्रप्रवीणो
वेदाध्यायी बहुजनगुरू रम्यपुर्यामवन्त्याम् ।
राधे रेवातटमुपगतः स्नातुकामः कदाचिद्
दैवात् प्राप्तां त्रिदिवगणिकां सुन्दरीं दृष्टवान् सः ॥१२४॥

दिव्यां सर्वावयवसुषमां देवयोषित्प्रवर्हां
वाणीभूतैश्चपलनयनैर्निघ्नतीं तां स वीक्ष्य ।
"केयं देवी ? कथमिह महीमागता ? किन्निमित्तम् ?"
चिन्तन्नेवं स्वसकलविधिं व्यस्मरच्चैकतानः ॥१२५॥

मानिसहरू मंगललाई शत्रुसँग भिड्ने, जोधाहा, लडाकु ग्रह भन्दछन् । यस भनाइको जरो उक्त शिवप्रदत्त वर हो भन्ने बुझ्नुपर्छ ॥१२१॥

यसप्रकार भूमिपुत्र तथा रुधिरग्रह (रगतको ग्रह) भनिने मंगलको शरीर रचना शिवजीका पसिनाको बूँद र रगत तथा (जमँदा जन्मदै घट्घटी रगत नै पिएको हुनाले) अन्धकासुरको रगतबाट सम्पन्न भएको छ ॥१२२॥

गाणपत ग्रन्थ (गणेशपुराण) मा मंगललाई भारद्वाजका पुत्र भनिएको छ । उनी गणेशकै आधारना उपासना गरेर उनकै अनुग्रहबाट स्वर्ग गएका थिए ॥१२३॥

अवन्ती नगरीमा सर्वशास्त्रप्रवीण ती प्रसिद्ध भारद्वाज मुनि थिए । उनी वेदाध्यायी थिए, उनका धेरै शिष्यहरू थिए । एक पटक उनी वैशाख महिनामा नुहाउनाका निमित्त रेवानदीको तीरमा पुगेका थिए । दैवसंयोग त्यहाँ आएकी एउटी सुन्दरी अप्सरालाई उनले देखे ॥१२४॥

अलौकिक अनुहार, सम्पूर्ण अंगहरूको सौन्दर्य, देवीहरूमा श्रेष्ठ, वाणको स्वरूप भएका चञ्चले आँखाले प्रहार गरिरहेकी ती सुन्दरी अप्सरालाई देखेर भारद्वाज मुनि मुग्ध भए । यिनी देवी को हुन् ? पृथ्वीमा के कामले कसरी आइन् ? भन्ने सोंच्दा सोंच्दै मुनिले 'म को हुँ ? मेरो कर्तव्य के हो ?' जस्ता कुरा सम्पूर्ण बिर्से । उनी अप्सराको रूप सौन्दर्यमा यति बढी एकोहोरिए कि आफ्नो सुधबुध केही रहेन ॥१२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रेवाकूले स्मरशरहतोऽवाङ्मुखो मूढचेता
मूर्च्छां प्राप्य न्यपतदहह । क्ष्मातलेऽसौ महर्षिः ।
तेजस्तस्य स्खलदवतलं प्राविशत् क्षोणिरन्ध्रे
पश्चाद् बुद्धः स गृहमगमत् साऽप्सराश्च प्रयाता ॥१२६॥

भूमेर्गर्भादजनि सुतनुर्लोहिताङ्गः कुमारो
देवीरूपा धरणिरमुमापाययत् स्तन्यमिष्टम् ।
स्वाङ्के स्नेहादभिनिदधती पालयामास बालम्
क्रीडन्नेवं व्यगमयदसौ सप्त वर्षाणि भौमः ॥१२७॥

ततः कुमारः पृथिवीं बभाषे–
"मातः क्व मे तात इतस्ततो वा ?
न दृश्यते कुत्र गतः किमर्थं ?
तातं हि मां दर्शय मातराशु" ॥१२८॥

ती महर्षि रेवाको तटमा उभिएको उभियै कामबाणद्वारा हिर्काइए, उनमा चेतना रहेन, मूर्च्छित भए, भूईंमा पल्टे, घोप्टिए । उनको वीर्यात्मक तेज स्खलित भयो, उँधोतर्फ पृथ्वीको प्वालमा त्यो घुस्यो । केही बेरपछि मुनि उठेर घरतर्फ लागे, अप्सरा पनि हिंडिन् ॥१२६॥

पृथ्वीको गर्भबाट साह्रै राम्रो शरीर भएको, रातो अंग भएको कुमार जन्म्यो । त्यस बालकलाई आमाको दूध चाहियो । पृथ्वीले देवी (सुन्दरी स्त्री) को रूप बनाइन्, बालकलाई दूध पियाइन् । उनले त्यस बालक छोरालाई प्रेमपूर्वक आफ्ना काखमा राखेर हुर्काइन् । बालक भौम (पृथ्वीका छोरा) आमाका काखमा खेल्दै हुर्के र जन्मदेखि सात वर्ष बिताए ॥१२७॥

त्यसपपछि बालक भौमले आमालाई सोधे– 'मातः । मेरा बाबु कहाँ हुनुहुन्छ ? म त यता उति कतै पनि उहाँलाई देख्दिनँ, के कामका लागि मेरा बाबु कहाँ जानु भएको हो ? छिटो मलाई बाबुसँग भेट गराइदिनुहोस् आमा !' ॥१२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तं तथ्यवार्तामभिधाय भार-
द्वाजं निनायावनिरात्मसूनुम् ।
"त्वद्वीर्यजोऽयं मयका भृतश्च
गृहाण निक्षेपमिमं त्वदीयम् ॥१२९॥

इत्थं वदन्ती तनुजं समर्प्य
निवर्तमाना विजहौ तनुं ताम् ।
स्नेहार्द्रचेता मुनिरात्मसूनुं
समं स्वशिष्यैः समपूपुषत्तम् ॥१३०॥

अथोपनीतः समये कुमारः
साङ्गां समस्तां श्रुतिमध्यगीष्ट ।
ततः पितुः प्राप्तनिदेश ईड्यं
स नर्मदाकूलमगात् तपोऽर्थम् ॥१३१॥

हेरम्बमूर्तिं हृदये निधाय
तेपे सहस्रं शरदोऽचलः सः ।
गणेश आविर्भवति स्म माघे
कृष्णे चतुर्थ्यां धरणीसुताग्रे ॥१३२॥

पृथ्वीले आफ्ना छोरा कुमार भौमलाई उनको जन्मसम्बन्धी तथ्यपूर्ण वृत्तान्त बताइन् अनि छोरालाई भारद्वाजकहाँ पुऱ्याइन् । 'तिम्रो वीर्यबाट जन्मेको यस बालकलाई मैंले पालें । यो तिम्रो नासो अब आफै स्याहार ।' यति भन्दै बालकलाई भारद्वाजको हातमा सुम्पेर पृथ्वी फर्किन् । फर्कंदा फर्कंदै बाटोमा उनले भारद्वाजपुत्र बालकलाई दूध खुवाएर पालनका निमित्त बनाएको देवी (महिला) स्वरूप (शरीर) त्याग गरिन् । भारद्वाज ऋषिले पनि आफ्ना शिष्यहरूको जमातमा राखेर तिनीहरूसँगसँगै आफ्ना छोरा भौम कुमारलाई पालन पोषण गरी हुर्काए ॥१२९–१३०॥

त्यसपछि ठीक समयमा भौम कुमारको व्रतबन्ध भयो । उनले अङ्गसहित वेद सबै पढे । अनि बाबुको आज्ञानुसार उनी अति पवित्र वन्दनीय नर्मदातटतर्फ तपस्याका निमित्त गए ॥१३१॥

ती कुमार भौमले हेरम्ब (गणेश) को स्वरूप आफ्नो हृदयमा राखेर हजार वर्ष अचल भई तपस्या गरे । तपस्याबाट प्रसन्न गणेश माघकृष्ण चतुर्थीका दिन भौमका अगाडि प्रकट भए ॥१३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तुत्वा गणेशं त्रितयं ययाचे
स नाकिभिस्साकमधिप्रवासम् ।
पीयूषपानं जनमङ्गलत्वं
लेभे त्रयं तद् गणपात् प्रसन्नात् ॥१३३॥

"अङ्गारको मङ्गल आवनेय
आवन्त्यभूपश्च भविष्यसीति" ।
एवं गणेशस्य वरेण दृप्तो-
ऽध्युवास भौमो नगरीमवन्तीम् ॥१३४॥

निर्माप्य भव्यभवनं गणनायकस्य
शुण्डामुखीं प्रतिकृतिं दशहस्तयुक्ताम् ।
संस्थाप्य नाकमगमत् प्रथितस्त्रिलोक्यां
सन्मङ्गलं प्रददद‌स्ति स मङ्गलो नः ॥१३५॥

गणेशको स्तुति गरेर भौमले तीन वर मागे '(१) देवताहरूसँग स्वर्गमा बस्न पाऊँ (२) अमृत पान गर्न पाऊँ (३) संसारका मानिसलाई कल्याण दिने (मंगल) बनूँ ।' यी तीनोटै वर प्रसन्न भएका गणेशबाट उनले प्राप्त गरे ॥१३३॥

उपर्युक्त तीन वरदानका साथै गणेशले मंगललाई 'तिमी रातो वर्णका हुनाले अङ्गारक नामले प्रसिद्ध हुनेछौ, मङ्गल भनिनेछौ, भूमिपुत्रको रूपमा प्रसिद्ध हुनेछौ, अवन्तीदेशका भूमिपाल (संरक्षक) हुनेछौ' भन्ने वरदान दिए । गणेशको वरदानबाट गौरवान्वित भएका भौम अवन्ती नगरीमा बसे ॥१३४॥

भौमले अवन्ती देशमा गणेशको भव्य मन्दिर बनाए । त्यसमा हात्तीसूँडे मुख भएको दशहातले युक्त गणेशको प्रतिमा (मूर्ति) स्थापित गरे । त्यसपछि (गणेशकै प्रसादबाट) उनी स्वर्ग पुगे । तीनै लोकमा मंगल भन्ने नामले प्रख्यात भए । ती मंगल हामी पृथ्वीवासीलाई कल्याण गर्दै, मंगल दिंदै स्वर्गमा रहेका छन् ॥१३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवन्त्य उज्जयिनीस्थो भारद्वाजान्ववायजः ।
आर्यैरुपास्यते भौमो रिपुरोगहरो ग्रहः ॥१३६॥

भारद्वाजीयविप्रेभ्यो भौमवारोऽतिरोचते ।
शुभकार्येषु तैरेष फलदश्चानुभूयते ॥१३७॥

× × ×

विवृता ब्रह्मवैवर्ते ब्रह्मखण्डे कथाऽपरा ।
उपेन्द्राददितेः पुत्राद् भूम्यां जातोऽस्ति मङ्गलः ॥१३८॥

कश्यपाज्जनितोऽदित्यामुपेन्द्रः पुरुषोत्तमः ।
इन्द्रानुजः स एवाभूद् मङ्गलस्य पिता हरिः ॥१३९॥

उपेन्द्रमिन्द्रानुजनिं युवान-
मलौकिकीं सुन्दरतां दधानम् ।
विलोकयन्ती कुसुमेषुपीडां
सोढुम् न शक्ता रमणोत्सुकत्वात् ॥१४०॥

अवन्ती देशवासी, उज्जयिनीमा रहेका, भारद्वाजगोत्रीय, शत्रु र रोग हरिदिने भौम ग्रह आर्यहरूद्वारा उपासित छन् ॥१३६॥

भारद्वाजगोत्रीय ब्राह्मणहरूले मंगलवारलाई चौपट्टै रुचाउँछन् । शुभकार्यहरूमा तिनीहरू मंगलवारलाई फलदाता, कार्यसाधक शुभवारको रूपमा अनुभूत गर्दै आएका छन् ॥१३७॥

ब्रह्मवैवर्त पुराणको ब्रह्मखण्डमा अर्कै किसिमको कथा बताइएको छ । त्यस अनुसार अदितिपुत्र उपेन्द्रबाट भूमिमा (उपेन्द्र र भूमिका छोराको रूपमा) मङ्गल जन्मे ॥१३८॥

कश्यप मुनिबाट अदिति देवीमा इन्द्रका भाइ उपेन्द्र पुरुषोत्तम (नारायण, विष्णु) जन्मे । यिनै हरि भगवान् मङ्गलका पिता हुन् ॥१३९॥

इन्द्रका भाइ उपेन्द्र तरुण थिए, उनमा अलौकिक सौन्दर्य थियो । उनलाई देखेर पृथ्वी अत्यन्त काम पीडित भइन्, उपेन्द्रसँग रमण गर्ने इच्छा उनमा जाग्यो ॥१४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रम्भासहस्राधिकरूपयुक्तं
देवीस्वरूपं धरणिर्धरन्ती ।
सा षोडशाब्दाऽक्षतयोनिरिद्धा
कुरङ्गदृग् भूषणभूषिताङ्गी ॥१४१॥

उपस्थिता रम्यवने भ्रमन्त-
मुपेन्द्रमाहो पुरुषोत्तमं सा ।
तं सस्मितं चन्दनचर्चिताङ्गं
कटाक्षवाणैः प्रजहार देवी ॥१४२॥

यदाऽऽनता सा वसुधा प्रियं तम्
व्यभूषयच्चन्दनपुष्पमाल्यैः ।
ततः सुविज्ञाततदाशयः स
स्पृष्ट्वैव तद्बाहुलते मुमोह ॥१४३॥

उनी रम्भा अप्सराको हजारौं गुणा बढी सौन्दर्य भएको रूपले युक्त भएकी देवी बनिन् । उनले आफूलाई सोह्र वर्षकी धपधपाउँदो रूप भएकी अक्षतयोनि (कुमारी, कुनै पुरुषसँग सम्पर्क नगरेकी) बनाइन् । मृगका जस्ता चञ्चल आँखा भएकी ती देवी गहनाले सिंगारिएर रमणीय बनमा घुमिरहेका उपेन्द्रका अगाडि (अथवा भगवान् पुरुषोत्तमका अगाडि) उपस्थित भइन् । अनि पृथ्वी देवीले चन्दनले विभूषित सुन्दर युवा उपेन्द्रलाई कटाक्षरूपी बाणहरूले (बारम्बार प्रेरित टेढा नजरले) हान्न (प्रहार गर्न, हेर्न) लागिन् ॥१४१–१४२॥

जब नम्रतापूर्वक (नुगेकी) ती पृथ्वीले चन्दन, फूल, मालाले उपेन्द्रलाई सिंगारिन्, तब, (त्यसपछि) उपेन्द्रले देवीको मनसाय बुझे, अनि उनका लहरा जस्ता बाहु समाते, समात्दा समात्दै मुग्ध भए ॥१४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवां नवां रम्यवनीं भ्रमन्तौ
गतौ सुरम्यं मलयाद्रिपृष्ठम् ।
परस्परालिङ्गनचुम्बनादि-
विलासवृत्या रममाणयोश्च ॥१४४॥

व्यतीयुरब्दा बहवो न बुद्धा
न कामुकानां समयस्य मूल्यम् ।
उपेन्द्रवीर्यं धरणी धरन्ती
निमील्य दृष्टी गतचेतनाऽभूत् ॥१४५॥

"किं वा शयाना ? किमु मूर्च्छितेयम् ?"
न शङ्कमानः पुरुषोत्तमस्तु ।
एकाकिनीं तां परिहृत्य यातो
दैवाद् धरामुर्वशिका समेता ॥१४६॥

ती दुइ प्रेमी र प्रेमिका नयाँ नयाँ सुन्दर उपवनहरूमा घुम्दै रमणीय मलयपर्वतको माथिल्लो भागमा पुगे । परस्पर आलिङ्गन, चुम्वन आदि विभिन्न रतिक्रीडाका प्रकारहरूमा विलास गर्दा गर्दै, रमाउँदा रमाउँदै अनेकौं वर्षहरू बिते, तर तिनीहरूलाई त्यसरी वर्षहरू बितेको पत्तै भएन, किनकि कामुकहरूलाई समयको मूल्य थाहा हुँदैन । पुरुषोत्तम उपेन्द्रको वीर्य ग्रहण गर्ने बेलामा पृथ्वीदेवीले आँखा चिम्लिन् बेहोश भइन् तर पुरुषोत्तमले 'यिनी पृथ्वीदेवी निदाउँदै छन् वा मूर्च्छामा छन्, भन्ने तर्फ कुनै शङ्का (वा विवेचना) नगरी त्यस अवस्थाकी प्रेमिकालाई एक्लै छोडेर हिंडे । संयोगवश पृथ्वीतर्फ स्वर्गबाट घुम्न आएकी उर्वशी अप्सरा त्यहाँ (पृथ्वी मूर्च्छा परी सुतेको ठाउँमा) आइन् ॥१४४–१४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रबोध्य तां साऽपि गता पृथिव्या
तद्दीप्रवीर्यं ज्वलनायितं द्राक् ।
क्षिप्तं प्रबालाकर आत्मतुन्दाद्
बालः प्रबालाकृतिरुद्गतोऽस्मात् ॥१४७॥

एवं मङ्गल उत्पन्नो मही-नारायणात्मजः ।
मिहिर इव तेजस्वी माहेयो धरणीसुतः ॥१४८॥

उपयेमे प्रियां मेधां भूसुतो मङ्गलो युवा ।
यस्या घण्टेश्वरः पुत्रो व्रणरोगाधिपोऽभवत् ॥१४९॥

व्रणकृद् व्रणहारी स ओजस्वी मङ्गलात्मजः ।
घण्टेश्वरः स स्मर्तव्यो व्रणपीडितमानवैः ॥१५०॥

भौमो मेधाप्रियो घण्टेश्वरतातोऽपि चान्ततः ।
ग्रहमध्येऽन्तरिक्षस्थो राजते मङ्गलो ग्रहः ॥१५१॥

× × ×

उर्वशी अप्सरा पृथ्वीलाई मूर्छावाट ब्यूँझाएर, होशमा ल्याएर आफ्नो बाटो लागिन् । पृथ्वीले पनि आफ्नो पेटको जल्दोवल्दो चमकदार वीर्य, आगो जस्तै थियो, पेट पोलेको सहन नसकिने अवस्था भयो र आफ्नो पेटवाट छिटोभन्दा छिटो बाहिर फ्याँक्न खोजिन्, नजीकै प्रवाल (मुगा) को खानी थियो, त्यहीं पुगेर त्यसैमा वीर्य फ्याँकीदिइन् उनले । अनि मूगाको खानीबाट मुगाकै आकार भएको (रातो) बालक उदायो, जन्म्यो । (सो पृथ्वीबाटै पालियो, पृथ्वीपुत्र, भौम भन्ने नामले प्रसिद्ध भयो ।) ॥१४७॥

यसप्रकार मंगल मही (पृथ्वी देवी) र नारायणबाट जन्मेका थिए । यिनी सूर्य भैं तेजोयुक्त छन्, यिनी माहेय, धरणीपुत्र भन्ने नामले प्रख्यात छन् ॥१४८॥

पृथ्वीपुत्र मंगलले युवा भएपछि मेधा नाम भएकी देवीलाई विवाह गरे । तिनी मेधाबाट घण्टेश्वर नाम भएको पुत्र जन्म्यो, घाउ चोट रोगको अधिपति थिए घण्टेश्वर । मंगलका छोरा घण्टेश्वरले घाउ चोट लगाइदिन्छन् तथा निको पार्छन् । तसर्थ घाउचोटद्वारा पीडित मानिसहरूले घण्टेश्वरलाई संभनुपर्छ ॥१४९–१५०॥

मंगल मेधाका पति भए (अथवा सर्वत्र कुमार भनिएका मंगल यस कथामा मात्र विवाहित भनिएका छन्) पनि तथा घण्टेश्वरका पिता भए पनि अन्ततः ग्रहरूका बीचमा, अन्तरिक्षमा विराजमान मंगल ग्रह नै हुन् ॥१५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णुधर्मोत्तरे प्रोक्तोऽङ्गारको मङ्गलग्रहः ।
आवनेयस्तथा शैवो हिरण्याक्षसुतासुतः ॥१५२॥

आसीद् हिरण्यांक्षसुता सुपुष्टै-
र्मनोरमैर्लक्षणवद्भिरङ्गैः ।
युक्ताष्टमीन्दुप्रतिमाल्ललाटाद्
यावत् तदङ्घ्री अनिदर्श्यदोषैः ॥१५३॥

अपाङ्गतादूषणमेकमासीद्
न मूर्ध्नि रूढाश्चिकुराः कुमार्याः ।
विषादिनोऽतो दितिजाः सकष्टं
पित्रादयः प्रोचुरिमां विकेशीम् ॥१५४॥

शनैर्विषादो हृदयेऽथ काये
तारुण्यमस्या द्वितयं प्रवृद्धम् ।
स्तनस्य सादृश्यमुपाददानो
मूर्धा चकार त्रिकुचां विकेशीम् ॥१५५॥

विष्णुधर्मोत्तरमा अंगारक मंगलग्रह मूलतः तीन रूपमा मानिएका छन्- आवनेय (पृथ्वीपुत्र) शैव (शिवपुत्र), र हिरण्याक्षकी छोरी (विकेशी) का छोरा ॥१५२॥

दैत्यराज हिरण्याक्षकी छोरी 'विकेशी' नामकी सुन्दरी थिइन् । उनको शरीरमा सम्पूर्ण अङ्ग प्रत्यङ्ग पुष्ट, राम्रा, सर्वलक्षणयुक्त थिए । अष्टमीका चन्द्र (अर्धचन्द्र) जस्तो ललाट देखि पैतालासम्म सम्पूर्ण अंगहरू यति राम्रा थिए कि कतै कुनैमा केही खोट देखाउन सकिँदैनथ्यो । उनका शरीरमा अपाङ्गताको दोष एउटा मात्र थियो । त्यो टाउकोमा रौं उम्रेका थिएनन् । उनको टाउको (पेट झैं चिल्लो) विना केशको थियो । यसरी टाउकोमा रौं नउम्रँदा हिरण्याक्ष लगायत सम्पूर्ण दैत्यहरू (परिवारका सदस्यहरू) दिक्क भए, दुःखको अनुभव गरे । यसरी उनको, केश नभएकी (विकेशी) भन्ने नाम राखियो ॥१५३–१५४॥

सुस्त सुस्त विकेशीमा दुई कुरा बढ्दै गए– मनमा विषाद (दिक्दारी) बढ्दै गयो भने जिउमा तारुण्य बढ्दै गयो । उनको टाउको स्तन जस्तै (चिल्लो, साह्रो, बाटुलो) थियो । तसर्थ उनी तीन स्तन भएकी कुमारी भइन् । दुई स्तन र केश नभएको टाउको, मिलिजुली तीन स्तन भए ॥१५५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपाहसन् तां तरुणा विकेशीं
विलेपुराल्यो नितरां विषण्णाः ।
विवाहयोग्यां तरुणैर्विनिन्द्यां
विलोक्य पुत्रीं जननी रुरोद ॥१५६॥

"यावन्नितम्बं किल लम्बमाना
काला हि वाला महिलावतंसाः ।
न सन्ति यस्या मम धिङ् मदीयं
लावण्यमेतद् युवभिर्विगर्ह्यम्" ॥१५७॥

इति चिन्तनयाऽऽकुलाऽबला
विकलाङ्गत्वनिरासकाङ्क्षिणी ।
तपसे कृतनिश्चया गृहाद्
हिमवच्छैलमुखा विनिर्ययौ ॥१५८॥

टाउकामा केश नभएकी ती विकेशीलाई देखेर तन्नेरीहरू हाँस्थे, उनको उपहास गर्दथे । संगिनीहरू साह्रै दिग्दार भएर विलाप गर्थे । विवाह गर्ने उमेर भइसकेकी छोरी देखेर आमा रुन्थिन् ॥१५६॥

"नितम्ब (पछाडिपट्टिको कम्मर भन्दा तलको भाग) सम्म झरेका, लटकेका, लामा काला केशहरू नै नारीहरूका आभूषण गहनाहरू हुन् । यी गहनाहरू मेरा छैनन् । मलाई, मेरो यो लावण्य, चमकदार सौन्दर्यलाई धिक्कार छ । मलाई, मेरो रूपलाई तन्नेरीहरूले घृणा गर्दछन्, मेरो यो विना केशको जिउ धिक्कार योग्य भयो ।" ॥१५७॥

यसरी उनी अत्यन्त चिन्तित भइन्, आकुल भइन्, उनी अवला थिइन्, अपाङ्गता हटाउने अर्को कुनै उपाय नदेखेर तपस्या गर्ने विचारले घरबाट निस्किन् र हिमालयपर्वततर्फ फर्केर हिँडिन् ॥१५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गिरिराजवनीस्थिता सती
प्रणिदध्यावधिशक्ति हृल्लया ।
प्रणता च जगन्नियन्त्रिणीं
जपमाना मनुमीश्वरीप्रियम् ॥१५९॥

दिवसेषु गतेषु केषुचिज्-
जगदम्बा प्रकटीकृताकृतिः ।
अतिभावुकमानसा प्रसू-
रवदत् तां तनयां स्विकामिव ॥१६०॥

"अहो हिरण्याक्षसुते ! किमस्ति ते
निवेद्यदुःखं तपसाऽभिमार्गितम् ?
पिता जगत् कन्दुकयन् हि कूर्दते
तपस्विनी त्वं हिमपर्वते कथम् ?" ॥१६१॥

विकेशी हिमालय पुगिन्, त्यहाँ एउटा सुन्दर बगैंचामा आसन कसेर वसिन् । उनले शक्तिरूपा जगन्माताको पाउमा आत्मसमर्पण गरिन्, उनैमा हृदयलीन गराइन्, एकाग्र चित्तले ध्यान गर्न लागिन् । यस संसारलाई आफ्नो नियन्त्रणमा राखेर संचालन गर्ने जगदीश्वरीलाई प्रणाम गर्दै उनै जगदम्बाको प्रिय मन्त्र (नमो जगदम्बिकायै) जपेर ध्यानस्थ भइरहिन् ॥१५९॥

जगदम्बाको आराधना गर्दागर्दै केही दिनहरू बिते । अनि भगवती देवी आफ्नो स्वरूप देखाएर विकेशी तपस्विनीका अगाडि उपस्थित भइन्। देवीको हृदय पग्ल्यो अत्यन्त भावुकतावश । उनले जन्म दिने आमाले आफ्नी छोरीलाई भने झैं (माया गरेर) विकेशीसँग यसरी भनिन्– ॥१६०॥

"अहो आश्चर्य छ, ए हिरण्याक्षकी छोरी विकेशी । तिमीमाथि के त्यस्तो दुःख आइपऱ्यो, जुन दुःख मसँग निवेदन गर्न खोजेकी छौ ? तपस्याद्वारा मागिन खोजेको कुरा के हो ? तिम्रा बाबु हिरण्याक्ष यस संसारलाई (पृथिवीलाई) भकुण्डो बनाएर उफार्ने र खेल खेल्ने गर्छन् । त्यस्ताकी छोरीलाई के दुःख पऱ्यो र हिमालयमा तपस्या गर्न बसेकी छौ ?" ॥१६१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं जिज्ञासमानां तां मूलप्रकृतिमीश्वरीम् ।
ख्यापयन्ती स्वकं दुःखं ययाचे वरमीप्सितम् ॥१६२॥

"मूर्धाऽस्ति मे स्निग्धतमो विकेशो
यं वीक्ष्य सर्वे तरुणा हसन्ति ।
पुंसां समाकर्षणहेतुभूतान्
याचे सुकेशान् जगदीश्वरि ! त्वाम्" ॥१६३॥

ततो जगत्सृष्टिकरी महेश्वरी
समस्तयोषित्सुषमा प्रदायिनी ।
समामृशद् दैत्यसुता-शिरः शनै-
ररूढकेशं मृदुना करेण सा ॥१६४॥

समुद्गता दीर्घतमाः कचास्ततो
निर्माप्य तन्वा द्विगुणीकृतां द्युतिम् ।
"न त्वत्समा रूपवती जगत्त्रये-
ऽधुने"ति वाक्येन तिरोऽभवच्छिवा ॥१६५॥

यसरी प्रश्न गर्ने भगवती जगज्जननी मूल प्रकृति ईश्वरीसँग विकेशीले आफ्नो दुःख पोखिन् र आफूले चाहेको वर मागिन् यस प्रकार– ॥१६२॥

"हे जगदीश्वरी भगवति ! मेरो शिरमा रौं उम्रेनन्, त्यो साह्रै चिल्लो छ, केश छैनन्, यस्तो रौं नउम्रेको चिल्लो टाउको देखेर तन्नेरीहरू हाँस्दछन् (फलतः मेरो विवाह भएन) म भगवतीसँग बिन्ती बिसाउँदै के वरदान माग्छु भने मेरो टाउकोमा साह्रै राम्रा केशहरू उम्रून् । ती केशहरू यस्ता होऊन् जो पुरुष जातिलाई राम्ररी आकर्षण गर्न सकून् ।" ॥१६३॥

त्यसपछि यस संसारको रचना गर्ने भगवती महेश्वरीले, जो संसारका सम्पूर्ण स्त्रीहरूलाई, नारीजाति मात्रलाई, देव, मनुष्य, असुर आदि जुनसुकै जातका स्त्रीत्वविशिष्ट व्यक्ति मात्रलाई शोभा दिन कुशल र समर्थ छन्, विकेशीको रौं नउम्रेको, केश नभएको टाउको, आफ्नो कोमल हातले सुस्तरी सुमसुम्याइन् ॥१६४॥

त्यसपछि विकेशीका शिरमा केश उम्रे । ती साह्रै लामा भए उत्तिखेरै । ती केशहरूले उनको शरीरको रूप लावण्य छविलाई पहिल्यैभन्दा दुई गुना राम्रो चम्किलो तुल्याए । 'तिमी जस्ती तीनै लोकमा कुनै अर्की स्त्री छैन अहिले' यति भन्दै भगवती जगदीश्वरी अदृश्य (नदेखिने) भइन् ॥१६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिगम्य सुदीर्घकुन्तलान्
कबरी-शोभितविग्रहा सती ।
तरुणी रमणी स्मरार्दिता
परिबभ्राम हिमालयावनीम् ॥१६६॥

एवं हिरण्याक्षसुता विकेशी
वरेण देव्या अभवत् सुकेशी ।
विहर्तुकामां हिमशैलवन्या-
ममेयसौन्दर्यप्रदीप्तगात्राम् ॥१६७॥

एकाकिनीं वीक्ष्य कदाचिदेनां
जग्राह शम्भू रतिकाम आशु ।
स्मरस्य हन्तेति प्रतीत ईशो
हतः स्मरेणैव विचित्रमेतत् ॥१६८॥

विकेशीले राम्रा काला लामा केश प्राप्त गरिन्, ती सुन्दरी तरुनी अब युवाको खोजीमा लागिन्, किनकि उनी कामपीडित थिइन् । अनि हिमालयका विभिन्न भागमा घुम्न थालिन् ॥१६६॥

यसप्रकार हिरण्याक्षकी छोरी विकेशी भगवती देवीको वरपाएर सुकेशी बनिन् ।

उनी स्वेच्छया हिमालयका बगैंचा जस्ता सुन्दर (उपवनमा) भागहरूमा घुमिरहन्थिन् । उनका शरीरको शोभा, सौन्दर्य वर्णन गर्न नसकिने गरी चम्केको थियो । उनका सौन्दर्यको सीमा नै थिएन । तिनी सुन्दरी (हिरण्याक्षपुत्री) लाई संयोगवश एक दिन भगवान् शिवले भेट्टाए । उनको सौन्दर्यले शिवलाई आकर्षित गऱ्यो । शिवजी साधारण कामुक व्यक्ति झैं रतिक्रीडामा उत्सुक बनी सुन्दरीलाई समात्न पुगे । अहो, आश्चर्य छ, कामदेवका मारक मानिएका, 'स्मरहर' भनी प्रसिद्ध शिवजी स्वयं कावदेवद्वारा मारिए ॥१६७–१६८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रेम्णा निबद्धावुभकौ सुकेशी
शिवश्च सान्द्रं विपिनं प्रविष्टौ ।
रन्तुं प्रवृत्तौ स्मरबाणविद्धौ
वह्निर्व्यजानादथ सोऽतिभीतः ॥१६९॥

"हिरण्याक्षसुता गर्भं धारयेद् यदि शूलिनः ।
मत्तः शतगुणां शक्तिं दधदग्निः समुद्भवेत् ॥१७०॥

मैथुनमवरोत्स्येऽहमेतयोर्न परा गतिः" ।
एवं विचारयन् सोऽगाद् रहः क्रीडास्थलं तयोः ॥१७१॥

परस्पराश्लिष्टकलेवरौ तौ
राधामुकुन्दाविव चैककायौ ।
अन्योन्यचुम्बद्वदनौ हि प्रेष्ठौ
प्रत्यूहहेतुर्दहनो ददर्श ॥१७२॥

शिव र सुकेशी प्रेम-बन्धनमा बाँधिए । ती दुवै रमणार्थ घना वनमा (एकान्त स्थल खोज्दै) प्रविष्ट भए । ती दुवै कामबाणले पीडित थिए, रमण गर्न लागे । यसरी हिमायलको घना (बाक्लो रूख भएको) वनमा शिव सुकेशी रमण गर्दै छन् भन्ने अग्निलाई थाहा भयो, अनि अग्नि साह्रै डराए ॥१६९॥

'हिरण्याक्षकी छोरी (विकेशी) ले भगवान् शिवजीबाट गर्भधारण गरिन् भने तिनीबाट जन्मने बालक साधारण व्यक्ति हुनेछैन । त्यो अग्निमय (आगाको मुस्लो) बालक हुनेछ । त्यो आगो बालक म जस्तो सामान्य आगो नभई विशिष्ट आगो हुनेछ । (शिववीर्य, अग्निमय भएकाले असाधारण आगो, भनिएको हो) । अर्थात् त्यो अग्नि म भन्दा सयगुणा बढी चम्किलो र दाहशक्ति धारक हुनेछ । त्यसकारण म यी दुवैको रतिक्रीडा, मैथुन रोक्न जान्छु । (मर्नभन्दा बहुलाउन निको भने झैं) मेरा लागि यसबाहेक अर्को कुनै उपाय वा बाटो छैन ।' यस्तो विचार गरेर अग्निदेव शिव र सुकेशी एकान्तमा रमण-क्रीडा गरिरहेको ठाउँमा (लाजशर्म छोडेर) पुगे ॥१७०–१७१॥

शिव र सुकेशी एक अर्कालाई आलिङ्गन गरी राधा र कृष्ण झैं एक शरीर बनेका थिए । आपसमा एक अर्कालाई चुम्बन गरिरहेका ती प्यारा प्यारीका जोडीलाई तिनीहरूको रतिक्रीडामा विघ्न पार्ने उद्देश्यले उपस्थित वा विघ्नका कारणभूत अग्निले देखे ॥१७२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकान्त एवं रतिवेश्मभूतं
गुल्मालयं प्राप्तमतर्कितं तम् ।
दृढं प्रियाया भुजवल्लरीभ्या-
माश्लिष्ट आक्रुष्ट उवाच रुद्रः ॥१७३॥

"निभालयन् जाल्म कथं न लज्जसे
विविक्तवेशं युगलं रतौ रतम् ?
धनञ्जयो नैव जयी भवेन्मम
व्रजेररं वाञ्छसि चेत् शुभं स्वकम्" ॥१७४॥

कपर्दिनः कोपपरीतचेतसः
श्रमात् प्रजातेषु निदाघबिन्दुषु ।
पपौ प्रियास्यप्रभवान् निदाघजान्
प्रचुम्ब्य बिन्दून् प्रणयात् सुकेशिका ॥१७५॥

यस प्रकार रतिक्रीडाको घरको काम गरिरहेको गुल्मगृह (झाँगिने रूखको घर) मा, अचानक, कोही त्यहाँ आउला भनी कल्पनै नगरेको अवस्थामा, अग्नि उपस्थित भए । शिवजीले अग्निलाई देखे, उनलाई साह्रै रिस उठ्यो । आफ्नी प्यारी सुकेशीका बाहूरूपी लहराले बलियोसँग आलिङ्गित (बाँधिएका) रुद्रले आक्रोशमा आएर अग्निलाई यसरी झपारे ॥१७३॥

'ए अविवेकी पामर मूर्ख अग्नि ? के तिमीलाई लाज लाग्दैन ? एकान्त र पवित्र कोठामा बसेको रतिक्रीडामा तत्पर भइरहेको, प्रेमी प्रेमिकाको जोडीलाई, त्यस्तो एकान्तमा आएर हेर्न तिमीलाई लाज छैन ? मलाई धनञ्जय = आगोले जित्न सक्दैन । यदि तिमी आफ्नो कल्याण चाहन्छौ भने तुरुन्त फर्केर जाऊ ।' ॥१७४॥

शिवजीको चित्त रिसले थिचियो, घेरियो । साह्रै रिसाएका शिवजीको शरीरबाट पसिनाका धारा छुटे । आलिङ्गनावस्थामा सुकेशीले शिवजीका मुखमण्डलमै आफ्नो मुखमण्डल जोडेकी हुँदा शिवजीका निधार र गालामै निस्केका पसिनाका बूँदहरू, चुम्बन स्थलमा प्राप्त स्वेदबिन्दुहरू प्रेमका साथ पिइन्, निलिन् (यसप्रकार शिवमुखस्थ स्वेदबिन्दु निल्नासाथ सुकेशी गर्भिणी भइन्) ॥१७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकाकिनीं तां विरहय्य शम्भौ
पलायिते दुर्धियि चानलेऽपि ।
श्रान्ता रतेर्भ्रान्तमना इवासौ
बभूव खिन्नाऽध्युषिता हिमाद्रिम् ॥१७६॥

महानटस्वेदसमुद्भवेन
गर्भेण संतापिततुन्दकेन ।
चिखेद सा दूनमनाः सुकेशी
तपोऽर्थमेताऽपि विपत्समेता ॥१७७॥

देदीप्यमानज्वलनायितं तं
गर्भं प्रसोढुं न च पारयन्ती ।
समुत्ससर्ज ज्वलित-प्रतुन्न-
स्वतुन्दका शैवशिशुं सुकेशी ॥१७८॥

त्यसपछि दुर्बुद्धि अग्नि पनि भागे, शिवजी पनि एक्ली सुकेशीलाई छाडेर भागे । (एक त दैत्यपुत्रीसँग रमण गरेको कुरा अरूले थाहा पाउनु शिवजीका लागि बेइज्जतीको कुरा थियो, अर्को कुरा पार्वतीको डर पनि थियो, त्यसकारण शिवजी भागे ।) रतिबाट थाकेकी सुकेशी केही हडबडाए जस्ती भएर दिक्दारीसाथ हिमालयमै बसिन् ॥१७६॥

महानट (साधारण नटुवाको भन्दा विशिष्ट अलौकिक नाच नाच्ने शिव, सुकेशीसँगको रतिक्रीडा पनि शिवजीका नाट्यहरूमध्येको एउटा नाट्य थियो) का पसिनाका बूँदबाट सुकेशीका पेटमा रहेको गर्भ अग्निमय थियो, उन्को पेट साह्रै पोल्यो, पेटमा परेको आगोको ज्वालाले कति पोलेको होला । उनका मनमा ठूलो सन्ताप भयो 'म तपस्याका लागि आएकी थिएँ, के आपद्मा परें' भन्ने सन्तापले पीडित भएर अत्यन्त दिक्दारीको अनुभव उनले गरिन् ॥१७७॥

सुकेशीको पेटमा जलिरहेको (वा बल्दो) पीडादायक गर्भ असह्य भयो । उनी त्यो पेटमा राख्न नसक्ने भइन् । चौपट्टै प्रकाशमान दन्केको आगो जस्तो त्यो गर्भ सुकेशीले पेटबाट बाहिर निकालिन्, त्यो अग्निमय बालक शैवशिशु थियो शिवजीको पुत्र । (तैपनि शिवपुत्र मनी प्रख्यात हुँदैन, भूमिपुत्र नै भनिन्छ, बाबुको नाम छिपाइन्छ, चलनै त्यही रह्यो) ॥१७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततः स्वतन्त्रा कनकाक्षपुत्री
हिमाचलात् तूर्णगतिश्चचाल ।
काले प्रपेदे जनकालयं सा
सुकेशयुग्दीप्तवपुः प्रदृप्ता ॥१७९॥

स्वाङ्के समुत्क्षिप्तमथो प्रदीप्ता-
नलप्रभं बालमवेक्षमाणा ।
देवीस्वरूपं धरणी धरन्ती
बालं कपालि-प्रभवं बभार ॥१८०॥

मुनिर्हिरण्याक्षपिता हिमाद्रि-
मध्यासितः कश्यप आश्रमस्थः ।
स्वपुत्र-दौहित्रममुं कुमारं
नामाभिधानेन समस्करोच्च ॥१८१॥

त्यसपछि हिरण्याक्षकी छोरी (पहिल्यैकी विकेशी अहिले सुकेशी बनेकी) हिमालयबाट छिटो छिटो पाइला चलाउँदै बाबुका घरतिर लागिन् र ठीक समयमा त्यहाँ पुगिन् पनि । घरबाट हिंड्ने बेलाको भन्दा चम्किलो सुन्दर शरीर, राम्रा केश भएको टाउको लिएर घरपुग्दा उनी गर्वयुक्त थिइन् ॥१७९॥

त्यसबेला पृथ्वीले आफ्ना काखमा बलिरहेका आगाको जस्तो चमक (कान्ति) भएको, अनाथ बालक देख्ने बित्तिकै देवीको रूप बनाइन् र शिवबाट उत्पन्न त्यस बालकलाई स्याहार संभार गरिन् ॥१८०॥

कश्यपकी पत्नी दितिका छोरा हिरण्याक्ष हुन् । हिरण्याक्षका बाबु कश्यप मुनि त्यसबेला हिमालयमा बस्दथे, उनको आफ्नो आश्रम थियो त्यहाँ । उनले पृथ्वीपुत्र, पृथ्वीपालित कुमारको नामसंस्कार कर्म गराए । ती कुमार कश्यपका छोरा हिरण्याक्षकी छोरी विकेशीका छोरा थिए । यसप्रकार कश्यपका छोरा हिरण्याक्षका दौहित्र भौम (मंगलग्रह) हुन् ॥१८१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्गारतुल्यं शिवघर्मजातं
संप्रज्वलल्लोहितसर्वगात्रम् ।
अन्वर्थवित् कश्यप आत्मवंश्य-
मङ्गारकाख्यं समजूघुषत्तम् ॥१८२॥

स्तन्यं स्वमम्बा वसुधा सुधाय-
मानं न्यपीप्यत् स्वसुतायितं तम् ।
मात्रा धरित्र्या ध्रियमाण एव-
मयीयपद् बाल्यदशां सुखं सः ॥१८३॥

कश्यपात्मजदौहित्रः काश्यपीपालितः कुजः ।
शिवेन प्रेषितो व्योम्नि ग्रहत्वेन विराजते ॥१८४॥

× × ×

ती कुमारको शरीर बल्दो (आगो सहितको) अंगार जस्तै थियो, ती शिवको पसिनाबाट जन्मेका थिए, उनको सम्पूर्ण शरीर धपधप बलिरहेको (अग्नि ज्वालामय) लोहित (रातो) थियो । कश्यप विद्वान् थिए, अवयवार्थ जान्दथे । उनले आफ्ना वंशको त्यस बालकलाई 'अङ्गारक' नाम दिए । यसलाई अंगारक भन्नू भनि घोषित गरे ॥१८२॥

पृथ्वी देवीरूपमा थिइन्, काखमा 'अंगारक' नामक बालक छ । नयाँ सुत्केरीका झैं उनका स्तनबाट दूधका धारा आए, उनले आफै जन्माएका छोरालाई जस्तै गरी अमृतसमान दूध ख्वाइन् ।यसरी धरित्री माताद्वारा अंगारक पालिए, हुर्काइए । ती बालकले आनन्दसँग बाल्यावस्था पार गरे ॥१८३॥

अंगारक (मंगल) कश्यपका छोरा हिरण्याक्षका दौहित्र (छोरीका छोरा) थिए । उनी पृथ्वीद्वारा पालिए, पृथ्वीका छोरा कुज (कु = पृथ्वी, ज = जन्मिएका छोरा) मानिए । वास्तवमा मंगल पृथ्वीका पालित पुत्र हुन्, पैदा गरिएका छोरा होइनन् । तरुण भएपछि अंगारक (मंगल) लाई शिवजीले ग्रहपद दिएर अन्तरिक्षमा पठाउँछन्, उनी अन्तरिक्षका निवासी ग्रह हुन्छन् ॥१८४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वराहस्य धरायाश्च संगमेन महीसुतः ।
जज्ञे मङ्गल इत्येषा देवीभागवते कथा ॥१८५॥

भगवता वराहेण हिरण्याक्षं महासुरम् ।
हत्वा रसातलाद् देवी समुद्धृता वसुन्धरा ॥१८६॥

वराहस्य हि सा पत्नी धरित्री श्रुतिसंमता ।
धराधिदेवी सञ्जाता सुन्दरी दिव्यरूपिणी ॥१८७॥

तरुणीं रमणीं स्मेराननां तां मृदुभाषिणीम् ।
अप्सरोरूपिणीं दृष्ट्वा वृषस्यन्तीं वसुन्धराम् ॥१८८॥

वराहरूपी भगवान् दिव्यसौन्दर्यसंयुतः ।
कोटिकन्दर्पसङ्काशः कामुकस्तरुणोऽभवत् ॥१८९॥

रतिक्रीडाविदग्धौ तौ रममाणावहर्निशम् ।
यापयामासतुर्दिव्यं वर्षमेकं विलासिनौ ॥१९०॥

भगवान् वराह र पृथिवीको संगमबाट महीपुत्र मंगल जन्मेका थिए भन्ने कथा देवीभागवतमा पाइन्छ ॥१८५॥

भगवान् वराहले हिरण्याक्ष महादैत्यलाई मारेर रसातलबाट पृथिवीलाई उठाई ल्याए । ती पृथिवी वराह भगवान्की वेदसंमत पत्नी थिइन् । अनि उनी पृथिवीकी अधिदेवी दिव्यरूपिणी सुन्दरी स्त्री बनिन् । मुसुमुसु हाँस्ने, मीठो बोली बोल्ने, अप्सरा जस्ती राम्री, पतिको कामना गर्ने, ती सुन्दरी तरुणी पृथिवी देवीलाई देखेर वराहले आफ्नो वराहरूप छोडी सुन्दर तरुण केटाको रूप लिए । उनी दिव्य सौन्दर्यले युक्त, कोटि कामदेवको रूप धारण गर्ने कामुक तन्नेरी बने । कामकलामा सिपालु भएका ती दुवै (तरुण बनेका वराह र तरुणी बनेकी पृथ्वी) रात दिन विलासी बनेर रमण गर्दा गर्दै एउटा दिव्य वर्ष बिताए ॥१८६–१९०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वराहश्चेतनां लब्ध्वा व्यतीते दिव्यहायने ।
क्रीडामूर्तिं परित्यज्य वाराहतनुमादधौ ॥१९१॥

प्रेष्ठसंभोगसंस्पर्शे मूर्तकल्पा विचेतना ।
वसुधा तद्वियोगेन जागरितवती सती ॥१९२॥

वराहतेजोगर्भेण शोभमाना बृहद्वपुः ।
अतितेजस्विनं बालं सुषुवे मङ्गलग्रहम् ॥१९३॥

महिता सा वराहेण स्तन्यमधापयत् सुतम् ।
हित्वा देवीतनूं साऽपि पुनः स्वरूपमादधे ॥१९४॥

धरावराहयोः सूनुर्मङ्गलः सुन्दरो युवा ।
गृहीतदारस्तनयं लेभे घटेशनामकम् ॥१९५॥

वराहतनयश्चेत्थमनन्तानन्दनो महान् ।
अभ्रे विभ्राजते देवस्तेजस्वी मङ्गलो ग्रहः ॥१९६॥

× × ×

एउटा दिव्य वर्ष बितेपछि वराह झसङ्ग भए । उनले होश पाएर रतिक्रीडानिम्ति बनाइएको तन्नेरी केटाको शरीर मिल्काए, आफ्नै वाराह शरीर लिए । आफ्ना प्याराको संभोगसंबद्ध स्पर्शमा मूर्च्छा परे झैं विचेत भएकी पृथ्वी देवी पनि पतिको बिछोडपछि जागेर झसङ्ग भइन् । उनले वराहको तेजबाट गर्भ बोकेकी थिइन्, गर्भिणी नारीको प्रकृतिअनुरूप भूँडे जीउबाट उनी सुशोभित थिइन् । पृथिवीले मंगल नामका अत्यन्त तेजस्वी बालक जन्माइन् । भगवान् वराहद्वारा पूजित संमानित पृथ्वीदेवीले छोरा मंगललाई दूध पियाएर हुर्काइन् । केही समयपछि त्यो सुन्दरी नारीरूप त्याग गरेर उनी आफ्नै स्वरूपमा रहिन् ॥१९१–१९४॥

वराह र पृथ्वीका छोरा मंगल सुन्दर तरुण भएपछि विवाह गरे । उनका घटेश नामका छोरा जन्मे । यसरी वराह र भूमिदेवीका छोरा महान् तेजस्वी देव मंगल ग्रह अन्तरिक्षमा चमकदार छन् ॥१९५–१९६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपसंहारः

द्वितीयमूर्तिः किमु वैरभद्री
स्वेदोद्भवः शूलिन एव वाऽस्तु ।
उमेशयो रक्तपृषद्भवो वा
भौमोऽस्ति भूनन्दन आर्षमान्यः ॥१९७॥

कविर्बुधो भूर्विधुरावनेयो
जीवः शनिर्भौतिकपिण्डभूताः ।
एषामधिष्ठातृतया सपर्य्याः
सजीवमूर्तीर्वयमभ्युपेमः ॥१९८॥

अतो महीजः समुपासनीयो
देवः सजीवः सदयः ससत्त्वः ।
काव्यप्रबन्धे कविनाऽऽद्रियेत
स नायकोऽलङ्कृतिशास्त्रमान्यः ॥१९९॥

उपसंहार

मंगलग्रह पहिल्यै चर्चा गरिए अनुसार वीरभद्रको दोस्रो मूर्ति होऊन् वा शिवका पसिनाबाट जन्मेका होऊन् वा शिवपार्वतीका रक्तविन्दु (राता पसिना) बाट जन्मेका होऊन्, उनी माता धरित्रीका छोरा हुन्, वैदिकहरूले उनलाई देवताकै रूपमा मानेका छन् । शुक्र, बुध, पृथ्वी, चन्द्र, मंगल, बृहस्पति, शनि यी सबै मूलतः भौतिक पिण्ड (ढुङ्गा, माटा आदि पदार्थका डल्ला) मात्रै हुन् तापनि हामीहरू यिनलाई भौतिक पिण्डहरूका अधिष्ठाता देवताका रूपमा (शुक्रदेव, बुधदेव, इत्यादि) मान्दै पूजनीय देव, (उपासनीय देवता) मानेका छौं र पुज्दछौं । त्यसकारण बल, प्राण र चैतन्यले युक्त, दयालु, भावुक, सजीव देवता मंगल हाम्रा उपास्य देव हुन् । हाम्रो शैली अनुसार मंगलदेवलाई कुनै कविले साहित्यशास्त्रीय लक्षणका आधारमा काव्यप्रबन्धको नायक बनाएर कविता लेख्न सक्छ, मंगलग्रह काव्यकृतिका नायकको रूपमा सम्मानित गरिन सक्छन् ॥१९७–१९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैज्ञानिकेष्वम्बरमार्गणेषु
केचित् खयानस्खलनान्निषद्याः ।
संमानितास्ते न गवेषकाणां
रुन्धन्तु मार्गं दृढसाहसानाम् ॥२००॥

अन्वेषयन्ती ग्रहमण्डलं सा
नासाख्यसंस्था विरता न भौमे ।
अक्टूबरेऽश्वाङ्कनवेन्दुवर्षे
प्रक्षेपितं सौरमुखं खयानम् ॥२०१॥

तत् कस्सिनी नाम बृहद् विमानं
प्रभूतराशिव्ययनिर्मितञ्च ।
भूयिष्ठभारं वहदम्बरेऽपि
संप्रेषितं पुष्करविद्भिराप्तैः ॥२०२॥

अन्तरिक्षको अन्वेषणमा लागिरहेका वैज्ञानिहरूमध्ये कतिपय अन्तरिक्षयात्रीहरू विमानमा आइपर्ने हुरीहरूको कारण दुर्घटनाका शिकार भए । उनीहरू सम्मानित छन्, आफूहरूले ज्यान गुमाए तापनि ठूलो साहस भएका अन्वेषकहरूको मार्ग रोक्नेछैनन्, नरोक्लान् ॥२००॥

अन्तरिक्षका ग्रहमण्डलको खोजीमा लागिरहेको नासा मंगल ग्रहको खोजीमा मात्र चूप बसेको छैन । १९९७ ई. को अक्टुबर महिनामा नासाले शनिग्रहतर्फ एउटा अन्तरिक्षयान पठाएको छ ॥२०१॥

त्यो कस्सिनी नामक विमान साह्रै ठूलो छ, त्यसको निर्माणमा प्रशस्त, धेरैभन्दा धेरै धनराशि खर्च भएको छ । अन्तरिक्षमा दौड्दा पनि गरुँगो भारी बोक्ने क्षमता भएको त्यो विमान अन्तरिक्षवेत्ता प्रामाणिक वैज्ञानिक विद्वान्हरूले प्रक्षेपण गरेका हुन् ॥२०२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शनिग्रहो भूतलतोऽस्ति वृन्द-
त्रयान्वितद्व्यर्बुदकी.मि.दूरः ।
वर्षाणि सप्ताभ्रतले प्रधाव्य
शनैश्चरं प्राप्स्यति तद् विमानम् ॥२०३॥

× × ×

प्राणाँस्त्यजन्ति जनशासनहेतुकं ये
मूलाधिकारमृगणाभिरताः स्वदेशे ।
संप्राप्नुवन्ति सहिदाभिधमान्यतां ते
वैज्ञानिकास्तदधिकं न कथं नमस्याः ? ॥२०४॥

ये चाम्बरे ग्रहसमूहगवेषणायां
मृत्युं प्रयान्ति ननु यन्त्रजदूषणेन ।
भूलोकमात्रसहिदा न कथं स्तुतास्ते ?
किं सौरमण्डलचराः सहिदा उपेक्ष्याः ?॥२०५॥

शनिग्रह पृथ्वीदेखि तीन अरव बीस करोड किलोमिटर टाढा रहेको छ । सात वर्षसम्म अन्तरिक्षमा दौडेपछि त्यो अन्तरिक्षयान (कस्सिनी) शनिग्रहमा पुग्नेछ ॥२०३॥

मौलिक अधिकारको प्राप्तिका निमित्त संघर्षशील मानिसहरू प्रजातन्त्र शासन व्यवस्थाका निमित्त प्राणविसर्जन गर्दछन् । उनीहरू आफ्नै देशमा, एउटा देशमा, सीमित ठाउँमा सहिद भन्ने सम्मान पाउँछन् भने, अन्तरिक्षयात्रामा ज्यान गुमाउने वैज्ञानिकहरू, त्यसभन्दा बढी सम्मानयोग्य किन हुँदैनन् ? ॥२०४॥

जुन वैज्ञानिक-वैमानिकहरू ग्रहमण्डलको अन्वेषणका सिलसिलामा यानमा उत्पन्न केही खराबीले प्राण विसर्जन गर्दछन्, तिनीहरू भूलोकका सहिदहरू हुन् न कि कुनै एउटा देशका । तिनीहरूको सम्मान किन नगर्ने ? के सौरमण्डलका, अन्तरिक्ष मण्डलका यात्रीहरूलाई बेवास्ता गर्नु उचित छ ? ॥२०५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रहो विमृग्यो दिवि मङ्गलो यो
नासास्थितैर्विज्ञजनैरजस्रम् ।
वदन्ति तं खोन्मुखमावनेयं
पौरस्त्यधीरा अपि कोशकाराः ॥२०६॥

भुवः सुतत्वेन गतोऽन्तरिक्ष-
मन्वर्थतः खोन्मुख उक्त एषः ।
वैज्ञानिका अद्य खगोलखोजा
आमेरिकाः खोन्मुखतां धरन्ति ॥२०७॥

नासास्थवैज्ञानिकभौममार्गणो-
त्कर्षेण चाकृष्टहृदो ब्रिटेनगाः ।
ते विश्वविद्यालयपुष्करविदो
निर्मित्सवः सन्ति विमानमाशुगम् ॥२०८॥

अमेरिकाको 'नासा' नामक संस्थाका वैज्ञानिकहरू अन्तरिक्षको जुन मङ्गलग्रह अहिले खोज्दै छन्, त्यस मंगलग्रहलाई पूर्वीय विद्वान्हरू पृथ्वीपुत्र 'खोन्मुख' (पृथ्वीवाट जन्म लिई अन्तरिक्षतर्फ, उन्मुख) भन्दथे । खोन्मुख शब्द कोशकारहरूले प्रयोग गरेका छन् - खे=अन्तरिक्षतर्फ उन्मुख=खोन्मुख । यसरी पृथ्वीको छोरा भई अन्तरिक्षतर्फ गएका मंगल यौगिक अर्थमा नै 'खोन्मुख' भनिए । अहिले खगोलको खोजीमा लागेका अमेरिकी वैज्ञानिकहरू आफै 'खोन्मुख' अन्तरिक्षतर्फ उन्मुख बनेका छन् ॥२०६–२०७॥

नासाका वैज्ञानिकहरू (अमेरिकी खगोलशास्त्री) ले मङ्गलग्रहको खोजी गर्दा प्राप्त उत्कर्षले ब्रिटेनका विज्ञानवेत्ताहरूको ध्यान आकर्षिक भयो । फलतः ब्रिटेनका विश्वविद्यालयका खगोलशास्त्री प्राध्यापकहरू अत्यन्त छिटो उड्ने विमान बनाउने तरखरमा लागेका छन् ॥२०८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं प्रतिद्वन्द्वितया विधेया
अध्येषणाः सर्वविधा अवश्यम् ।
यथार्थतत्त्वं ननु मानवेभ्यो
द्रुतं ददीरन्निति संप्रतीमः ॥२०९॥

हिरण्यकशिपुश्चैव हिरण्याक्ष उभाविमौ ।
सोदरौ भ्रातरौ ज्ञेयौ दितिजौ कश्यपात्मजौ ॥२१०॥

हिरण्यकशिपोः सूनुः प्रह्लादो लोकविश्रुतः ।
विरोचनश्च प्राह्लादिर्मङ्गलात्सार्थनामकः ॥२११॥

वैरोचनिर्बलिः ख्यातो बास्कलिश्चापि नामतः ।
वामनानुग्रहादेष पातालदेशपोऽभवत् ॥२१२॥

देशोऽमेरिक एवास्ति पाताल आर्षसंमतः ।
वैरोचनाधिराज्यस्था वैज्ञानिकवरा बुधाः ॥२१३॥

प्रवृत्ता अन्तरिक्षस्य ग्रहोपग्रहमार्गणे ।
वाष्कलिनिर्मितां विद्यामदृष्टात् प्राप्नुवन्नमी ॥२१४॥

यस प्रकारको होडवाजीमा गरिने सबै प्रकारका खोजीहरूले अवश्य पनि मानिसहरूलाई छिटोभन्दा छिटो तथ्यात्मक जानकारी देलान् भन्ने कुरामा हामी विश्वस्त छौं ॥२०९॥

हिरण्याक्ष र हिरण्यकशिपु यी दुई भाइ दितिका छोरा दैत्य थिए । यी दुवै कश्यपकी पत्नी दितिका सोदर छोराहरू हुन् । हिरण्यकशिपुका छोरा प्रल्हादका छोराको नाम विरोचन थियो । मंगलको दर्शनवाट चमकदार छवि, रूपसौन्दर्य प्राप्त गरेका हुनाले यिनलाई विरोचन (विशिष्टा रुचिः (छवि) यस्य भन्ने व्युत्पत्तिअनुसार) भनियो । यिनै विरोचनका छोरा बलिराज हुन्, यिनको अर्को नाम बास्कलि थियो । यिनी बलिराज वामन (भगवान्का दश अवतार मध्ये पाँचौ अवतार) को अनुग्रहबाट पाताल देशका संरक्षक बनेका थिए । त्यसवेला (पौराणिक परम्परा अनुसार) 'पाताल' भनिएको ठाउँ वर्तमान अमेरिका हो, यही कुरा आर्ष विद्वान्हरू मान्दछन् । वैरोचन अधिराज्य अर्थात् बलिको राज्यका (अमेरिकानिवासी) विद्वान् र वरिष्ठ वैज्ञानिकहरू अन्तरिक्षमण्डलका ग्रहहरू र तिनका उपग्रहरूको अन्वेषणमा लागिरहेका छन् । अमेरिकी वैज्ञानिकहरू त्यस देशका पूर्वज बास्कलि (बलिराज) ले बनाएको विद्या (लिखित लिपि नपाइए तापनि) अदृष्टवश प्राप्त गरे ॥२१०–२१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रह्लादस्य भागिनेयो हिरण्याक्षसुतात्मजः ।
शिवांशो भूमिपोष्योऽसौ बभूव मङ्गलग्रहः ।२१५॥

योऽङ्गारकोऽजनि महेश्वरगात्रघर्म-
बिन्दुभ्य आव धरणिर्निहितं तमङ्के ।
यस्मै ददौ ग्रहपदं महितं गिरीश-
स्तन्मङ्गलो गगनगः सुर इत्यवेमः ॥२१६॥

भौमं हिरण्यनयनस्य सुता विकेशी
पीत्वा शिवाननिदाघजपूतबिन्दून् ।
स्वीयोदराज्जनयति स्म सुतं कुमारी
तन्मङ्गलो गगनगोऽसुर इत्यवेमः ॥२१७॥

भौमः सुरो भवतु वाऽसुर एव वाऽस्तु
व्यर्थो विवाद इह मङ्गल आर्यपूज्यः ।
अङ्गारकोऽस्त्युभयमिश्रित आवनेय
आमेरिकैः खमृगिभिर्ग्रह एष मृग्यः ॥२१८॥

मंगलग्रह (विष्णुधर्मोत्तरमा वर्णन गरिए अनुसार) प्रह्लादका भान्जा थिए, प्रह्लादका काका हिरण्याक्षकी छोरी विकेशीबाट मंगलग्रह जन्मेका थिए । विकेशीका छोरा मंगलग्रह शिवांश र पृथ्वीपालित थिए ॥२१५॥

जुन मंगलग्रह भगवान् शिवजीको शरीरका पसिनाका बूँदबाट जन्मे, तिनलाई पृथ्वीले आफ्ना काखमा प्राप्त गरिन्, छोराको रूपमा पालिन्, हुर्काइन् । तिनी मंगलग्रहलाई शिवजीले अत्यन्त सम्मानित ग्रहपद प्रदान गरे । त्यसकारण मंगलग्रह अन्तरिक्षमण्डलमा अवस्थित छन् । तिनलाई हामी 'सुर' (देव जातिका) मान्दछौं, जान्दछौं । मंगलग्रहलाई हिरण्याक्ष (असुर, दैत्य) की छोरी विकेशीले शिवजीका मुखमण्डल (निधार, गाला) बाट उत्पन्न पसिनाका पवित्र बूँद पिएर त्यसैबाट आफ्नो पेटमा बनेको, बोकिएको गर्भबाट जन्माएकी थिइन् । त्यसवेला हिरण्याक्ष पुत्री विकेशी कुनै युवकले नछोएकी अविवाहित कुमारी (पवित्र शरीर भएकी) थिइन् । यसरी असुर जातिकी कुमारीबाट जन्मेका हुँदा हामी मंगललाई 'असुर' जान्दछौं । मंगल सुर कि असुर ? भन्ने झगडा व्यर्थ छ । मंगल वैदिक धर्मावलम्बी भारतीयहरूद्वारा देवताको रूपमा पूज्य छन्, उनी सुर हुन् । यिनी असुर पनि हुन् सुरत्व र असुरत्वको मिसावट यिनमा छ । शिवका छोरा सुर विकेशीका छोरा असुर । अन्तरिक्षको अन्वेषणमा लागेका अमेरिकी वैज्ञानिकहरूका अगाडि मंगलग्रह अन्वेषणीय भौतिकपिण्ड मात्र हो ॥२१६–२१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमेरिकादेश उरुप्रभावो
भूलोकशक्तिर्बलिशक्तिदृप्तः ।
स सञ्चिनोत्याणविकास्त्रराशिं
स मार्गयन्नस्ति खगोलमूलम् ॥२१९॥

पातालनाम्ना प्रथितो युगादा
वमेरिकोऽपालि दितिप्रसूतैः ।
वैरोचनिर्वामनरूपिणाऽत्र
परस्सहस्राश्शरदः समावि ॥२२०॥

वैज्ञानिकं भौतिकमेष यावद्
व्यसीसरद् वर्त्म नचात्मविद्याम् ।
प्रह्लादसन्तानपरम्पराप्ता-
मपि व्यतानीदिति कल्प्यतेऽद्य ॥२२१॥

'अमेरिका' भन्ने देश भूगोलमा नै अत्यन्त प्रभावशाली छ किनभने यो वलिराजको शक्ति अर्थात् वैज्ञानिक शक्तिले गर्दा पनि मैमत्त भएको छ । त्यो देशले आणविक शस्त्रास्त्रको भण्डार राखेको छ । फेरि अहिले खगोलको पनि मूल (फेद र कारण) खोजी गर्दैछ ॥२१९॥

पुरानो युगमा, आदिम युगमा, पाताल भन्ने नामले प्रसिद्ध भएको अमेरिका कश्यपकी पत्नी दितिका सन्तान दैत्यहरूद्वारा पालिएको थियो । भगवान् वामनले हजारौं हजारौं वर्षसम्म विरोचनका छोरा बलिलाई अमेरिकामा संरक्षण दिएका थिए ॥२२०॥

अमेरिकाले वैज्ञानिक र भौतिक मार्ग जति विस्तृत बनायो, त्यति विस्तृत आध्यात्मविद्यालाई बनाएन । दैत्यकुलका प्रल्हाद अध्यात्मविद्यामा पारङ्गत थिए । प्रल्हादका सन्तानले पालिएको भए पनि अमेरिकाले प्रह्लादको आध्यात्मिकता सुरक्षित राखेन भन्ने कुरा हाल अड्कलमा राखिन्छ ॥२२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौरी धरित्री कनकाक्षपुत्री
देव्यों ऽशभूता जगदम्बिकायाः ।
मायी शिवो ऽस्ति प्रकृतिर्भवानी
भौमादयो मायि-विवर्तभूताः ॥२२२॥

सौरः परीवारक ऐश एव,
शिवस्तथोङ्कारमयः परेशः ।
म्लेच्छो द्विजो वा समतामुपेतो
जपेच्छिवायोन्नम इत्यविघ्नम् ॥२२३॥

सिद्धान्तपक्षे फलशंसने वा-
ऽनुग्रामभागं प्रतिमण्डलञ्च ।
मौहूर्तिकंमन्यगणो वराकः
प्रतारयत्यल्पधियो मनुष्यान् ॥२२४॥

पार्वती, पृथ्वी, हिरण्याक्षपुत्री विकेशी आदि सबै स्त्रीहरू जगदीश्वरीका अंश हुन् । शिव मायी हुन्, प्रकृतिरूपा देवी माया हुन् । मंगल जस्ता सबै ग्रहहरू मायी शिवकै विवर्त हुन् ॥२२२॥

यो सौर परिवार शिवतत्त्वभन्दा बाहेक केही होइन । परात्पर परमेश्वर शिव ओंकाररूप छन् । चाहे म्लेच्छहरू हुन् चाहे ब्राह्मणहरू, जातीय भेदभाव नराखी, बरावर हौं भन्ने संझेर निर्विघ्नतापूर्वक 'ॐ नमः शिवाय' भन्ने मन्त्र जपून् ॥२२३॥

यस प्रकारको ज्योतिषशास्त्रको सिद्धान्तपक्षमा तथा फल बताउने पक्षमा विभिन्न गाउँगाउँमा र जिल्लाजिल्लामा पनि आफूलाई ज्योतिषी हुँ भन्ठान्ने विचराहरूले अल्पबुद्धि भएका गाउँलेहरूलाई ठगिरहेका छन् ॥२२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ राजधानीहृदयात् समन्ताद्
या दुर्दशा ज्योतिषविस्तरेऽस्ति ।
न सर्वकारो न सतां गणो वा
न विश्वविद्यालय ईक्षते ताम् ॥२२५॥

अध्याप्यतां वेददृगङ्गभूतं
ज्ञानार्थिनो ज्योतिषशास्त्रमेतत् ।
शास्त्रीयतत्त्वं परिचायिता ये
ते व्याहृषीरन् नृषु तथ्यवाचम् ॥२२६॥

कैलाशस्थः शिवो वा पशुपतिरथ गोरक्षनाथः स एक
एकेभ्योऽध्यात्मबुद्धिं प्रददथ बृहद्भूतविद्यां परेभ्यः ।
आर्षान् वाऽऽमेरिकान् यो धरति विभरति त्र्यक्ष ओङ्काररूपः
शम्भुर्नः शाश्वतं शं प्रसयतु सततं सोऽन्तरिक्षे क्षितौ वा ॥२२७॥

यस देशको माझमा पर्ने राजधानी (काठमाडौं) देखि पूर्व-पश्चिम (चारैतिर) ज्योतिषशास्त्रको जुन दुर्दशा भइरहेछ त्यसलाई न सरकारले हेर्दछ, न विद्वान्हरू हेर्दछन्, न त विश्वविद्यालयले नै हेर्दछ ॥२२५॥

वेद-पुरुषको आँखोरूप अङ्ग भएको यस ज्योतिषशास्त्रलाई पठनपाठनको व्यवस्था गरियोस् । ज्योतिषसम्बन्धी ज्ञान भएकाहरू र यसलाई पढाउन बुझाउन सक्नेहरू जो छन् तिनीहरूले जनसमुदायमा ज्योतिषसम्बन्धी शास्त्रीय तत्त्वलाई वताउँदै गरून् ॥२२६॥

कैलाशमा बस्ने शिवजीले अथवा नेपालमा बस्ने पशुपतिनाथले अथवा गोरक्षनाथ बाबाले कुनै एक समुदायलाई अध्यात्म विद्या दिनुहुन्छ भने कुनै अर्को समुदायलाई भौतिक विद्या दिनुहुन्छ । चाहे ऋषिका सन्तान (हामीहरू) लाई होस् वा अमेरिकालीहरूलाई होस्, उहाँले सबैको धारण गर्नुहुन्छ र पालन गर्नुहुन्छ । यस्ता त्रिनेत्र ॐकारस्वरूप भगवान् शम्भुले अन्तरिक्षमा अथवा पृथिवीमा पनि हामीलाई शाश्वत कल्याण फैलाइदिनुहोला ॥२२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्निभूरधिभूर्मान्योऽङ्गारकस्याग्निरूपिणः ।
दन्दहिषीष्ट नोऽशिष्टान् वैरिणोऽन्यायकारिणः ॥२२८॥

भौमावतारमाहुर्यं नृसिंहं गणका असौ ।
नृरक्षोभ्यो नृशंसेभ्यो नॄनस्मान् निर्भयान् क्रियात् ॥२२९॥

श्रीमङ्गलग्रहोत्पत्तिसम्बन्धिन्यतिविस्तृता ।
भाषानुवादसहिता सम्पूर्णा चरमा रुचिः ॥

अग्निबाट जन्मेका, बल्दो अंगारको स्वरूप भएका, बल्दो अंगाररूप ग्रहका अधिष्ठाता मान्य मंगलग्रहदेवले हामीमाथि अन्याय गर्ने, शत्रुभूत अशिष्टहरूलाई पूर्णतया भस्मीभूत पारून्। ज्योतिषशास्त्रीहरूले जुन नृसिंह भगवान्को मूर्तिलाई मंगलग्रहका अवतार मान्दछन्, ती नृसिंह भगवान्ले घातुक नरराक्षसहरूबाट अरू सबै मानिसहरूलाई निर्भय तुल्याई रक्षा गरून् ॥२२८–२२९॥

मंगलग्रहको उत्पत्तिसँग सम्बद्ध विस्तृत नेपाली भाषा अनुवादसहित भएको यो अन्तिम रुचि समाप्त भयो ॥

***

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'जयतु संस्कृतम्' संस्थापरिचयः

१ 'जयतु संस्कृतम्' श्रीपञ्चसर्वकारेण स्वीकृता स्वतन्त्रा संस्था विद्यते ।

२ वैक्रमाब्दस्य २०५५ तमे वर्षेऽस्याः स्थापनाऽभूत् ।

३ अस्या मूलमुद्देश्यं कार्यक्रमाश्च निम्नवर्णिताः सन्ति–

(क) संस्कृतवाङ्मयस्य संस्कृतेश्चावश्यकतां महत्त्वञ्चाराष्ट्रं बोधयितुं तयोः प्रचाराय प्रसाराय संरक्षणाय संवर्द्धनाय च कार्यक्रममायोजनम् ।

(ख) देशे सांस्कृतिकं पुनर्जागरणमानेतुं संस्कृतसम्भाषणशिविरसञ्चालनं, 'जयतु संस्कृतम्' नामधेयं मुखपत्रप्रकाशनं, संस्कृतनाटकमञ्चनं, कवितामहोत्सवादिकर्मणामायोजनम् ।

(ग) संस्कृतभाषायां लिखितोत्कृष्टग्रन्थानां प्रकाशनम् ।

(घ) उत्तरमहाभारतग्रन्थनिर्माणपुरःसरं प्रकाशनम् ।

(ङ) राष्ट्रभाषां शुद्धतया वक्तुं, लिखितुं स्वधर्मसंस्कृतिसदाचारविषये आवश्यकबोधप्राप्तयेऽस्मत्शिक्षणव्यवस्थायां माध्यमिकस्तरपर्यन्तं व्यावहारिकसंस्कृतमनिवार्यं कारयितुं सर्वकारसहयोगविधानञ्चेति ।

४ साम्प्रतमस्याः संस्थायाः केन्द्रीयकार्यालयः काष्ठमण्डपस्य प्रदर्शनीमार्गस्थे वाल्मीकि विद्यापीठे विद्यते ।

Jayatu Sanskritam, Kathmandu, Nepal